
असोज - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३१, अङ्क ११ | २०७९ असोज १-१५ | पूर्णाङ्क ७२५



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - सदस्य |
| मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री नगेन्द्रकेशरी पोखरेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत कर्मचारीहरू**

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री निरजकुमार ढुंगाना
नायब सुब्बा श्री भीमराज घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री निलदेव रिजाल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सिनियर कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री सुमन राजथला
बुकबाइन्डर श्री मदन तिमिल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री मोतीलाल चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| इजलास नं. १ | १५ |
| इजलास नं. २ | ४ |
| इजलास नं. ३ | ५ |
| इजलास नं. ४ | ३ |
| इजलास नं. ५ | ४ |
| इजलास नं. ६ | ७ |
| इजलास नं. ७ | ४ |
| इजलास नं. ८ | ५ |
| **जम्मा** | **४७** |

| | |
|---|---|
| इजलास नं. ९ | ६ |
| इजलास नं. १० | ३ |
| **जम्मा** | **९** |

**कूल जम्मा ४७ + ९ = ५६**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७९, असोज – १, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

## सूचना

"**<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>**" को "**<u>वार्षिक ग्राहक</u>**" बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **इजलास नं. १** | | | **१ - १६** |
| १. | दर्ता निर्णय पर्चा बदर हक कायम | खेमबहादुर थापा वि. वन तथा भू-संरक्षण मन्त्रालयसमेत | १ |
| २. | जालसाजी | सर्जुबाबा श्रेष्ठ वि. शिवादेवी जोशीसमेत | २ |
| ३. | लागु औषध खैरो हेरोइन | दिपेन्द्र बैठा वि. नेपाल सरकार | २ |
| ४. | अदालतको अवहेलना | नोबेल मेडिकल कलेज टिचिङ हस्पिटल प्रा.लि. वि. नेपाल मेडिकल काउन्सिल, बासँबारीसमेत | ३ |
| ५. | उत्प्रेषण लगायत परमादेश | सुस्मिता थापा वि. श्रम अदालत काठमाडौंसमेत | ४ |
| ६. | अंश दर्ता | नारायण सहनी वि. तेतरी देवीसमेत | ५ |
| ७. | लिखत बदर दर्ता बदर दर्ता कायम | समिर अछामिसमेत वि. यशोदा राजवंशी | ६ |
| ८. | नक्सा बदरसमेत | पवन देवी भूमिहारिन वि. छठियादेवी तत्मिनसमेत | ७ |
| ९. | कर्तव्य ज्यान | धनिदेवी साउद वि. नेपाल सरकार | ८ |
| १०. | कर्तव्य ज्यान | सुन्दर भन्ने सुन्दरे परियार (दमाई) वि. नेपाल सरकार | ९ |
| ११. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शान्तिमाया तामाङ | १० |
| १२. | कर्तव्य ज्यान | पदमकुमारी श्रेष्ठसमेत वि. नेपाल सरकार | ११ |
| १३. | बैंकिङ कसुर | नेपाल सरकार वि. राज्यवती त्रिपाठी, राजेन्द्र अधिकारी वि. नेपाल सरकार | १२ |
| १४. | बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ | जंगबहादुर माझी वि. जिल्ला प्रहरी कार्यालय, भरतपुर चितवन | १४ |
| १५. | बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ | जीतेन्द्र महर्जनको हकमा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य जन्मदेव जैसी वि. गृह मन्त्रालय सिंहदरबारसमेत | १५ |
| **इजलास नं. २** | | | **१६ - २०** |
| १६. | उत्प्रेषण मिश्रित परमादेश | संजयकुमार सिंहसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | १६ |

| | | | |
|---|---|---|---|
| १७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शेर सिंह महरासमेत | १८ |
| १८. | ठगी | नेपाल सरकार वि. राजेन्द्र गुरूङसमेत | १९ |
| १९. | बन्दी प्रत्यक्षीकरण | जोगेन्द्रप्रसाद कलवार वि. नेपाल सरकारसमेत | १९ |
| **इजलास नं. ३** | | | **२० - २५** |
| २०. | बैंकिङ कसुर | नेपाल सरकार वि. तिलककुमार थापा | २० |
| २१. | बैंकिङ कसुर | नेपाल सरकार वि. सुरजकुमार सर्राफ | २१ |
| २२. | उत्प्रेषणयुक्त परमादेश | रामु यादव वि. राष्ट्रिय (निजामती) किताबखानासमेत | २२ |
| २३. | उत्प्रेषण परमादेश | प्रिन्सा अटोमेटिक प्रा.लि. वि. पर्सा जिल्ला, वीरगन्ज उपमहानगरपालिका स्थित सुख्खाबन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्सासमेत | २३ |
| २४. | उत्प्रेषण | राजेन्द्रप्रसाद देउडासमेत वि. श्रम अदालतसमेत | २४ |
| **इजलास नं. ४** | | | **२५ – २८** |
| २५. | कर्तव्य ज्यान (साधक) | नेपाल सरकार वि. रविन्द्रबहादुर थापा | २५ |
| २६. | जालसाजी | बसन्ता तिउराइन वि. कुमारी लक्ष्मी देवीसमेत | २६ |
| २७. | कर्तव्य ज्यान (साधक) | नेपाल सरकार वि. सञ्जिलाकुमारी यादव, साह | २७ |
| **इजलास नं. ५** | | | **२८ – ३०** |
| २८. | जबरजस्ती करणी तथा अप्राकृतिक मैथुन | जगदिशप्रसाद अग्रवाल वि. नेपाल सरकार, नेपाल सरकार वि. जगदिश अग्रवाल | २८ |
| २९. | बन्दी प्रत्यक्षीकरण | नवल किशोर साह वि. प्यूठान जिल्ला अदालत | २९ |
| ३०. | बन्दी प्रत्यक्षीकरण | राजमान सुनार वि. काठमाडौं जिल्ला अदालतसमेत | २९ |
| ३१. | बन्दी प्रत्यक्षीकरण | चेतबहादुर थापा वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत | ३० |
| **इजलास नं.६** | | | **३१ – ३७** |
| ३२. | उत्प्रेषण | बसरूदिन अन्सारीसमेत वि. श्रम अदालत, अनामनगर, काठमाडौंसमेत | ३१ |
| ३३. | बन्दी प्रत्यक्षीकरण | प्रेरणाकुमारी गिरी वि. काठमाडौं जिल्ला अदालतसमेत | ३२ |
| ३४. | प्रतिषेधयुक्त परमादेशसमेत | किस्मतबहादुर राज भण्डारी वि. काठमाडौं महानगरपालिका कार्यालय, सुन्धारा, काठमाडौंसमेत | ३३ |

| | | | |
|---|---|---|---|
| ३५. | जग्गाधनीको नाम संशोधन गरी मोही नामसारी गरिपाऊँ | हर्कबहादुर पुन मगर वि. जीतबहादुर कुमाल, सुमती पुन मगरसमेत वि. जीतबहादुर कुमाल | ३४ |
| ३६. | जबरजस्ती करणी | कुलबहादुर सुनार वि. नेपाल सरकार | ३५ |
| ३७. | उत्प्रेषण | टिकादत्त दाहाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सिंहदरबारसमेत | ३६ |
| ३८. | उत्प्रेषण, परमादेशसमेत | सुवाष भण्डारीसमेत वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसमेत | ३६ |
| **इजलास नं.७** | | | ३८ – ४२ |
| ३९. | उत्प्रेषण, परमादेश | पूर्व प्रहरी जवान छविलाल वली वि. गृह मन्त्रालय सिंहदरबारसमेत | ३८ |
| ४०. | उत्प्रेषण परमादेश | प्रमोदकुमार मेहता वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत | ३८ |
| ४१. | उत्प्रेषण / परमादेशसमेत | वीरबहादुर बरम्ले वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथसमेत | ३९ |
| ४२. | उत्प्रेषणसमेत | महेश्वर राम जोशी वि. नापी कार्यालय, धनगढी, कैलाली | ४० |
| **इजलास नं.८** | | | ४२ – ४६ |
| ४३. | कर्तव्य ज्यान | सुशिला नेपाली वि. ज्ञानु गिरीसमेत | ४२ |
| ४४. | जबरजस्ती करणी | अर्जुन बलामी वि. नेपाल सरकार | ४३ |
| ४५. | मोही नामसारी गरी मोही प्रमाणपत्र पाऊँ | जोगिन्द्र महतो नुनिया वि. ठगा साह | ४४ |
| ४६. | डाँका चोरी | नेपाल सरकार वि. रामबहादुर भुजेलसमेत | ४५ |
| ४७. | लागु औषध हेरोइन | नेपाल सरकार वि. रामकृष्ण गुरूङसमेत | ४६ |
| **इजलास नं.९** | | | ४६ – ५० |
| ४८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामबहादुर तामाङसमेत | ४६ |
| ४९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. डि.वि. भन्ने डिगबहादुर राई | ४७ |
| ५०. | बन्दी प्रत्यक्षीकरण | आयुष भन्ने रामबहादुर बानियाँ वि. काभ्रेपलाञ्चोक जिल्ला अदालतसमेत | ४८ |

| | | | |
|---|---|---|---|
| ५१. | कर्तव्य ज्यान र रहजनी चोरी | देवेन्द्र भन्ने देवबहादुर अधिकारी वि. नेपाल सरकार | ४८ |
| ५२. | बढी भन्सार महसुल | अर्थ मन्त्रालय, भन्सार विभाग वि. रूक्मणी इन्टरनेशनल प्रा.लि. | ४९ |
| ५३. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. प्रशान्त भट्टराईसमेत | ५० |

| **इजलास नं.१०** | | | **५० – ५२** |
|---|---|---|---|
| ५४. | बन्दी प्रत्यक्षीकरण | अविरल शर्मा वि. जिल्ला प्रहरी कार्यालय, चितवनसमेत | ५० |
| ५५. | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. जयबहादुर राई | ५१ |
| ५६. | जबरजस्ती करणी | नेपाल सरकार वि. सानो च्याङ्वा तामाङ | ५१ |

## इजलास नं.१

**१**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** *०७१-CI-००४८, दर्ता निर्णय पर्चा बदर हक कायम, खेमबहादुर थापा वि. वन तथा भू-संरक्षण मन्त्रालयसमेत*

वादीले दाबी लिएको जग्गा कि.नं. ४९७ को क्षेत्रफल ११०–१३–१–१ को जङ्गलमध्येको जग्गा अर्थात् राष्ट्रिय वनभित्रको जग्गामध्येको भन्नेमा विवाद देखिएन । त्यस्तो राष्ट्रिय वनभित्रको जग्गा सर्भे नापीको समयमा नै आफ्नो साबिक लगत तिरो तिरेको रसिदसमेतमा जग्गाको हकको स्रोतका कागज प्रमाण देखाई नापीको समयमा नै वादीले दाबी लिन सकेको देखिँदैन । जबकी दाबीको जग्गाको साँधमा वादीको नाममा कि.नं. ४९६ को जग्गा दर्ता भएको अदालतबाट भई आएको नक्साको न.न.१५ मा देखिन्छ । यसरी वादीले स्पष्ट रूपमा मेरो यो लगत तिरोभित्रको सर्भे नापीमा यो यति कारणले दर्ता हुन नसकेको भन्ने दाबी लिएको देखिँदैन । केवल पिता नरबहादुरको पालादेखि अविच्छिन्न भोगको र मेरोसमेतको भोगमा रहेको भन्ने मात्र उल्लेखनले वादीको नाममा दर्ता हुने भन्ने हुँदैन । राष्ट्रिय वनभित्रको सार्वजनिक राष्ट्रिय सम्पदा व्यक्ति विशेषका नाममा दर्ता हुन सक्ने अवस्था नहुने ।

सार्वजनिक सरकारी राष्ट्रिय वन जङ्गलका जग्गा व्यक्ति विशेषका नाममा दर्ता हुन नसक्ने र दर्ता गरेको नै भए पनि स्वतः बदर हुने व्यक्तिको नामको दर्ताको लगत कट्टा हुने भन्ने व्यवस्थाहरू रहेको देखिन्छ । यसरी वन जङ्गलको जग्गा भनेको राष्ट्रिय सम्पत्तिका जग्गाहरू व्यक्ति विशेषका नाममा दर्ता हुन नसक्ने भनी मालपोत ऐन, २०३४ तथा वन ऐन, २०४९ समेतमा स्पष्ट व्यवस्थाहरू भएको देखिन आउने ।

राष्ट्रिय वनभित्रको जग्गालाई वादीले बिउ छरेको भन्ने आधार मात्रैले वादीको नाममा जग्गा दर्ता गर्न मिल्ने हुँदैन । मिति ०६८।१०।१२ मा अदालतबाट नाप नक्सा भएकोमा दाबीको जग्गा न.नं. १४ मा रहेको देखिन्छ । सो जग्गामा खर, सिमलको रूख, मुङसारे, कटुस धेरै पुरानो रूख र अरू साना कटुसका रूखहरू रहेको, जग्गाको पूर्व दक्षिणतर्फ जङ्गल कि.नं. ४९७ को जग्गा वन रहेको देखिन्छ । त्यसबाट पूर्व दक्षिणमा राष्ट्रिय वन रहेको जङ्गलको राष्ट्रिय वनभित्रको जग्गा वादीले आफ्नो भनी दाबी लिएको पाइन्छ । सर्जमिनमा दाबीको जग्गा सामुदायिक वन उपभोक्ता समितिको कोषाध्यक्ष खेमबहादुर खत्री र अन्य सदस्यहरूसमेतले दाबीको जग्गा वादीका बाबु नरबहादुर थापाको पालादेखि भोग गर्दै आएको वादीको जग्गा भनी उल्लेख गरेको पाइन्छ । *वन ऐन, २०४९ को दफा (१७) मा* रहेको कानूनी व्यवस्थाबमोजिम पनि वादीको भोग भएको वा सर्जमिनमा सामुदायिक वन उपभोक्ता समुहका पदाधिकारीहरूले दाबीको जग्गा वादीको हो भनी उल्लेख गरे तापनि राष्ट्रिय वनभित्रको सरकारी वन जङ्गल व्यक्ति विशेषको नाउँमा दर्ता हुन सक्ने अवस्था नै नदेखिने ।

ने.का.प. २०५४, अङ्क ११, नि.नं. ६४६८, पृ.६४४, मा *"कुनै व्यक्ति विशेषको नाउँमा दर्ता हक नभएको जङ्गल भनी सर्भे नापी भई स्रेस्तामा जनिएको त्यस्तो वन सिमानाभित्रको जग्गालाई वन जङ्गल कायम गरेको, हकबेहक भएको भन्न सकिने अवस्था छैन"* भनी सिद्धान्तसमेत प्रतिपादन भएको पाइने ।

तसर्थ, माथि विवेचना गरिएका वन ऐन,

२०४९ को दफा १६, मालपोत ऐन, २०३४ को दफा २४ समेतका ऐन कानून र श्री सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तसमेतको आधारबाट सर्भे नापीमा जङ्गल जनिएको वादी दाबीको जग्गा वादीको नाममा दर्ता गर्न मिल्ने देखिन नआएकोले वादी दाबीबमोजिम कि.नं. ४९७ मध्ये पश्चिमतर्फ क्षेत्रफल २-२-२-१ वादीको नाममा दर्ता स्रेस्ता हक कायम हुने ठहर गरेको मिति २०६८।११।२३ को स्याङ्जा जिल्ला अदालतको निर्णय उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहर्‍याई पुनरावेदन अदालत पोखराबाट मिति ०७०।१०।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास सहायकः हिरा डंगोल

**इति संवत् २०७५ साल जेठ २२ गते रोज ३ शुभम्।**

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७०-CR-०२०४, जालसाजी, सर्जुबाबा श्रेष्ठ वि. शिवादेवी जोशीसमेत*

शिवदास जोशीले राजीनामा गरी लिएको लिखतलाई जालसाजी ठहर गरी सुरू अदालतबाट भएको फैसला उल्टी भई वादी दाबी पुग्न नसक्ने गरी भएको पुनरावेदन अदालतको फैसला सदर हुने ठहरी फैसला भएको हुँदा उक्त फैसलाबाट जानकीदेवीले शिवदास जोशीलाई मिति २०५९।१२।२७ मा पारित गरिदिनुभएको राजीनामा लिखत कायम रहेको अवस्था हुँदा शिवदास जोशीले उक्त राजीनामाबाट हक प्राप्त गर्नुभएको जग्गा मिति २०६१।५।२८ मा आफ्ना छोरा छोरीहरूलाई शेषपछिको बकसपत्र गरिदिनुभएको र सो शेषपछिको बकसपत्रको आधारमा प्रतिवादीहरूले २०६३।१०।२१ मा गराउनुभएको दाखिल खारेजको निर्णयलाई वादी दाबीअनुसार जालसाजी गरेको भन्न मिल्ने नदेखिँदा सोही कारण र आधारमा पुनरावेदन अदालत पाटनबाट मिति २०६९।५।३ गते भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः विमला पौडेल

फैसला टिपोट गर्न सहयोग गर्नेः राजन बास्तोला

कम्प्युटर: विनोदकुमार बनिया

**इति संवत् २०७४ साल कार्तिक ७ गते रोज ३ शुभम्।**

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७०-CR-०२०५, जालसाजी, सर्जुबाबा श्रेष्ठ वि. विरेन्द्रकुमार जोशीसमेत
- ०७०-CI-०१८४, दर्ता बदर दर्ता, सर्जुबाबा श्रेष्ठ वि. विरेन्द्रकुमार जोशीसमेत
- ०७०-CI-०१८६, दर्ता बदर दर्ता, सर्जुबाबा श्रेष्ठ वि. विरेन्द्रकुमार जोशीसमेत

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७४-CR-०४८४, लागु औषध खैरो हेरोइन, दिपेन्द्र बैठा वि. नेपाल सरकार*

प्रतिवादी दिपेन्द्र बैठाले अनिल मंग्रातीलाई आफूले नदेखेको, नचिनेको, फोनसमेत नगरेको भनी कसुरमा इन्कार रहेको भए तापनि प्रतिवादी दिपेन्द्र बैठा र निजका साथीहरूमार्फत पठाएको लागु औषध आफूले खरिद गरेको हो भनी उल्लेख गर्दै प्रतिवादी दिपेन्द्र बैठाको स्थाई ठेगाना, हुलिया र निजको मोबाइल नं. ९८०७२७७१३४ समेत खुलाई दिएको र आफ्नो मोबाइल नं.समेत निजलाई थाहा भएको हुँदा आफ्नो मोबाइलमा सम्पर्क गरी लागु औषध प्राप्त गरी बिक्री वितरण गर्ने गरेको भनी विस्तृत विवरण खुलाई अनिल मंग्रातीले बयान गरेको पाइन्छ । निजले बयानमा उल्लेख गरेको ठेगानामा गई प्रहरीले प्रतिवादी दिपेन्द्र बैठालाई पक्राउ गरेको देखिन्छ । निजले उल्लेख गरेको

उक्त ९८०७२७७१३४ नं.को मोबाइल प्रतिवादी दिपेन्द्र बैठाको रहेको भनी Ncell प्रा.लि. कृष्ण टावर, काठमाडौंबाट प्राप्त मिति २०६७/१/२० को पत्र र सोसँग संलग्न आवेदन फारामबाट समेत देखिन्छ। र निजले समेत उक्त ९८०७२७७१३४ नं.को मोबाइल आफ्नो भएको भनी स्वीकार गरेको अवस्थामा निजले अनिल मंग्राती भन्ने सानुकान्छा मंग्रातीलाई चिन्दिन भनी लिएको जिकिर गलत रहेको तथ्य स्थापित भएको देखिने।

प्रतिवादी दिपेन्द्र बैठाबाट खरिद गरी नलिएको भए सहप्रतिवादी अनिल भन्ने सानुकान्छा मंग्रातीले निजलाई पोल गर्नुपर्ने कुनै आधार कारण देखिँदैन साथै प्रतिवादी दिपेन्द्र बैठाले यो यस्तो कारणले पोल गरेको हो भनी सहप्रतिवादीको भनाइलाई खण्डन गर्नसमेत सकेको पाइँदैन। लागु औषधको कारोबार एक व्यक्तिबाट मात्र सम्भव हुने विषय होइन । प्रस्तुत मुद्दामा दिपेन्द्र बैठा भन्ने व्यक्तिसँग खरिद गरी लिई सोबाट केही आफूले पनि सेवन गर्ने र केही सेवन गर्नको लागि सँधै पैसा नहुने हुँदा पैसाको व्यवस्था गर्न बिक्री गर्नको लागि भनी आफ्नो साथमा बोकेको भनी सहअभियुक्त अनिल भन्ने सानुकान्छा मंग्रातीले उल्लेख गरेको र निजले जे जति विवरण दिपेन्द्र बैठाका सम्बन्धमा उल्लेख गरेका छन् ती विवरणहरू सत्य रहेको पुष्टि भइरहेको अवस्थामा प्रतिवादी दिपेन्द्र बैठाको इन्कारी बयानले मात्र उक्त कारोबारमा निजको संलग्नता थिएन भनी भन्न मिल्ने अवस्था नदेखिने।

प्रतिवादी दिपेन्द्र बैठाले आफ्नो साथबाट लागु औषध बरामद नभएकोले कसुर कायम गर्न मिल्ने होइन भनी जिकिर लिएकोतर्फ हेर्दा लागु औषधको कारोबार एक व्यक्तिबाट मात्र सम्भव हुने विषय नभएको र सहअभियुक्तले उक्त लागु औषध दिपेन्द्र बैठाबाट खरिद गरी लिएको भनी आफ्नो बयानमा उल्लेख गरेको र निजलाई पोल गर्नुपर्ने कुनै कारणसमेत नदेखिएको अवस्थामा दिपेन्द्र बैठाबाट खरिद गरी ल्याएको लागु औषध बिक्री गर्न लगेको होइन भन्न सक्ने अवस्था रहेन र पुनरावेदक प्रतिवादीले पुनरावेदनमा जिकिर लिएको सर्वोच्च अदालतबाट प्रतिपादित नि.नं.४२३४ को सिद्धान्त प्रस्तुत मुद्दामा आकर्षित हुन सक्ने अवस्था नदेखिने।

प्रतिवादी दिपेन्द्र बैठासमेतले आरोपित कसुर गरेको तथ्य उल्लिखित आधार प्रमाणहरूबाट पुष्टि हुन आएको अवस्थामा निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) अनुसार जनही ५(पाँच) वर्ष कैद र जनही रू.६, ०००/- (छ हजार) जरिवानासमेत हुने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई भएको पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा भन्न सक्ने अवस्था नहुँदा पुनरावेदक प्रतिवादीको अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ प्रतिवादी दिपेन्द्र बैठासमेतलाई कसुरदार ठहराई भएको सुरू जिल्ला अदालतको मिति २०६७।०८।०५ को फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७३।०९।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत (उपसचिव): राजकुमार दाहाल
कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७६ साल वैशाख ५ गते रोज ५ शुभम्।**

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री तेजबहादुर के.सी.,** *०७०-MS-००२४, अदालतको अवहेलना, नोबेल मेडिकल कलेज*

*टिचिङ हस्पिटल प्रा.लि. वि. नेपाल मेडिकल काउन्सिल, बासँबारीसमेत*

निवेदक तथा विपक्षीहरूबिच अदालतको अवहेलना भए नभएको भन्ने विवादको मुख्य विषय यसै अदालतबाट मिति २०७१।२।२७ मा भएको आदेशको अवहेलना गरिए नगरिएको भन्ने विषयमा नै केन्द्रित रहेकोमा यिनै निवेदकले जिकिर लिएको यही मूल विषय समाविष्ट, यिनै निवेदकले दायर गरेको ०७०-WO-०८४९ नं. को उत्प्रेषण निवेदन औचित्य नरहेको भनी निवेदक स्वयंले मिति २०७१।९।६ मा यसै अदालतबाट फिर्ता लिइसकेको देखिन आउने।

यसरी जे जुन विषयमा आदेशको परिपालना भएन भनी दाबी लिइएको हो उक्त विषयको निवेदन नै फिर्ता भइसकेको अवस्थामा सोही विषयउपर परेको अदालतको अवहेलनासम्बन्धी प्रस्तुत निवेदनमा थप केही बोलिरहन पर्ने नदेखिँदा निवेदन खारेज हुने।

इजलास अधिकृत: सुभाषचन्द्र दाहाल

कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७५ साल फागुन ३० गते रोज ५ शुभम्।**

**५**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री पुरुषोत्तम भण्डारी,** *०७४-Wo-००८३, उत्प्रेषणलगायत परमादेश, सुस्मिता थापा वि. श्रम अदालत काठमाडौंसमेत*

विपक्षी एयरपोर्ट होटेलबाट निवेदक सुस्मिता थापालाई स्पष्टीकरण सोधेको, काममा पठाइदिनु भनी श्रम कार्यालयमा पत्राचार गरेको, पटकपटक हाजिर हुन बोलाएको र सार्वजनिक सूचना जारी गरेकोसमेत देखिन्छ। निवेदक सुस्मिता थापाले आफ्ना मुद्दामा के कारबाही भइरहेको छ भन्नेसमेतको चासो राखेको देखिएन। आफ्ना हक अधिकार प्रति सजग र सचेत हुनुपर्ने निवेदिकाको दायित्व हो । आफ्नो दायित्व पूरा नगरी विपक्षी होटेल एवं श्रम कार्यालयको पत्र सूचनासमेतलाई बेवास्ता गरी बसेको देखिँदा सुनुवाइको मौकाबाट वञ्चित भएको भन्ने निवेदकको जिकिर मनासिब नदेखिने।

विपक्षी एएरपोर्ट होटेल सञ्चालक समितिको बैठकबाट उक्त होटेलका अप्रेसन एक्जुकेटिभ रामकुमार वन्जारालाई यस सम्बन्धमा स्पष्टीकरण सोध्न सजाय गर्नसमेत मिति २०७०।१२।२ मा अख्तियारी दिएको देखिन्छ। सो अख्तियारीबमोजिम अख्तियारवालाले सो कामकारबाही गरेको देखिन आएकाले गैरकानूनी व्यक्तिले कारबाही सजाय गरेको भन्न नमिल्ने।

विपक्षी होटेलको सञ्चालक समितिको निर्णयबाट सो होटेलमा काम गर्ने कर्मचारीहरूलाई स्पष्टीकरण सोध्ने र सजाय गर्नेसमेतको अख्तियारी प्रदान भएअनुसार सोही होटेलका अपरेसन एक्जुकेटिभ रामकुमार बन्जाराबाट निवेदक सुस्मिता थापालाई स्पष्टीकरण सोध्ने र खराव आचरणअन्तर्गत सजाय गरेकोसमेत देखिएबाट निवेदकउपर गैरव्यक्तिबाट कारबाही एवं सजाय भएको भन्न मिलेन। निवेदकले विपक्षी होटेलबाट गरिएको कारबाहीउपर श्रम अदालतमा पुनरावेदन गरेकोमा उक्त अदालतबाट सदर हुने ठहरी फैसला भएको देखिन आएबाट निजले साधारण अधिकार क्षेत्र प्रयोग गरी सकेको देखिन आयो । विपक्षी होटेलबाट श्रम अदालतको मिति २०७१।१।३ को फैसलाअनुसार काममा आउनु भनी निवेदकलाई पटकपटक पत्र पठाएको र राष्ट्रिय दैनिक गोरखापत्रमा सार्वजनिक सूचनासमेत प्रकाशित गरेको देखिएबाट सुनुवाइको मौकाबाट वञ्चित भएको भन्न नमिल्ने।

अतः सेवाबाट हटाउने गरी भएको विपक्षी होटेलको निर्णयलाई सदर गरेको श्रम अदालतको मिति २०७३।११।१८ को फैसला उत्प्रेषणको आदेशद्वारा बदर गरी सेवामा पुनर्बहाली गराउनु भन्ने परमादेश जारी गरिपाउँ भन्ने निवेदकको माग दाबी मनासिब नदेखिँदा रिट जारी गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत:- विमला पौडेल

फैसला तयार गर्न सहयोग गर्नेः हेमन्त ज्ञवाली

कम्प्युटर: विनोद कुमार बनिया

**इति संवत् २०७४ साल मङ्सिर १९ गते रोज ३ शुभम्।**

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७२-CI-०९७०, अंश दर्ता, नारायण सहनी वि. तेतरी देवीसमेत*

मुलुकी ऐन, अंश बन्डाको १८ नं. को व्यवस्थाबमोजिम कसैबाट निजी तवरले दान वा बकस पाएको भन्ने उल्लेखनले दातासँग प्राप्त गर्ने व्यक्तिको निजी सम्बन्ध चिनजान नातागोता आदि रहेको भएमा नै निजी तवरले बकस पाउने अवस्था रहने।

मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं. ले हालैको बकसपत्रबाट प्राप्त सम्पत्ति निजी ठहरी आफूखुसी गर्न पाउँछ। बन्डा गर्न कर लाग्दैन भन्ने व्यवस्था गरेको पाइए तापनि हालैको बकसपत्र गर्दाको परिस्थिति अवस्थासमेतलाई विचार गरी अदालतले न्याय निरूपण गर्नुपर्ने हुन्छ। विवादित सम्पत्ति यी पुनरावेदकले आफैँले बकसपत्रबाट प्राप्त गरेको नभई निजको पत्नीले हालैको बकसपत्रको लिखतबाट प्राप्त गरेको देखिन्छ। सो जग्गाको दाताहरूसँग नजिकको नाता सम्बन्ध रहेको भन्ने प्रमाण पुनरावेदकले पेस गर्न सकेको पाइँदैन। बकसपत्र दिने दाताहरू र बकसपत्र लिने कोशिलादेवीको वतन र गा.वि.स. समेत फरक रहेको लिखतबाट देखिन्छ। यसरी फरकफरक वतन र गा.वि.स. भएका व्यक्तिहरूसँग पुनरावेदकका पत्नी कोशिलादेवीको नाता र निज दाताहरूलाई कोशिलादेवीले के कस्तो सेवा प्रदान गरी रिझाएको हुनाले सोबापत उक्त जग्गाहरू प्राप्त भएको भन्ने स्पष्ट प्रमाण मिसिल सामेल रहेको पाइएन। यसरी विवादित जग्गा निजी आर्जनको भन्ने विश्वसनीय प्रमाण रहेको देखिन नआएकोले लिखतमा वकसपत्र भन्ने उल्लेख हुदैमा मात्र निजि आर्जन भन्न मिलेन। यस अदालतबाट मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गर्दा ग्रहण गरिएका आधारसँग समेत सहमत हुन नसकिने।

विवादित कि.नं. २३५, १३५, १४६ र १५९ को जग्गाहरू निजी आर्जनको भन्ने पुष्टि हुन नसकेको अवस्थामा जुनसुकै अंशियारको नाममा भए पनि सगोलकै भनी अदालतबाट अनुमान गर्नु स्वाभाविक नै हुन आउँछ। अतः निजी आर्जन भनेर दाबी लिने मात्र नभई निजी आर्नजबाट प्राप्त भनेर शङ्कारहित तवरले पुष्टि गराउन पनि सक्नुपर्छ। त्यसरी पुष्टि गराउन नसकेको अवस्थामा सगोलकै सम्पत्ति मानिने र सबै अंशियारलाई भाग लाग्ने हुन्छ। यस स्थितिमा पुनरावेदन अदालतबाट विवादित जग्गासमेत बन्डा लाग्ने ठहर्‍याएको फैसला अन्यथा देखिन नआउने।

तसर्थ, पुनरावेदक वादीको स्वर्गीय श्रीमती कौशिलादेवीको नाउँमा दर्ता रहेको कि.नं. २३५, १३५, १४६ र १५९ को जग्गासमेत अंशियारहरूका बिचमा समान रूपमा बन्डा लाग्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसला न्यायसम्मत् देखिँदा सदर हुने।

इजलास अधिकृत: हिरा डंगोल

**इति संवत् २०७५ साल असार ३१ गते रोज १ शुभम्।**

- यसै लगाउको ०७२-CI-०९७१, अंशदर्ता, नारायण सहनीसमेत वि. तेतरी देवीसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

*७*

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७१-CI-०७६२, लिखत बदर दर्ता बदर दर्ता कायम, समिर अछामिसमेत वि. यशोदा राजवंशी*

प्रतिवादी ससुरा मागन दास सार्कीले एकासगोलको अंशियार एकमात्र छोरा सञ्जय दास अछामीलाई साक्षीमा राखी जिल्ला मोरङ गा. वि. स. बुधनगर वडा नं. ९ को कि.नं. ३०२ को क्षेत्रफल ६७०६.८५ वर्गमिटर जग्गामध्येबाट कि.का. भई कायम भएको कि.नं. ३५२ को दक्षिणतर्फबाट क्षेत्रफल ३३५३.४२ जग्गा रू.२,५०,०००।– मा र.नं.१३८३५(क) बाट मालपोत कार्यालय मोरङ विराटनगरबाट मिति २०६९।३।२१ मा यसोदा राजवंशीलाई राजीनामा लिखत पारित गरिदिएको कुरा मिसिल संलग्न राजीनामाको लिखतबाट देखिने ।

प्रतिवादी मागन दासले उक्त जग्गा मिति २०६९।३।२१ मा बिक्री गरी सोबापत प्राप्त रकमबाट त्यसको भोलिपल्ट अर्थात् मिति २०६९।३।२२ मा र.नं. १४१६८(ख) मा विराटनगर उपमहानगरपालिका वडा नं. ७ को सिट नं. १७८/०७०१/४ को कि.नं. ११८ को क्षेत्रफल २८९.७८ ऐ. का कि. नं. १२० को क्षेत्रफल ६.५० गरी जम्मा क्षेत्रफल २९६.२८ ब. मी. अर्थात् (०-०-१७१/२) जग्गा खरिद गरेको कुरा मिसिल संलग्न मागनदास सार्कीको नाउँको जग्गाधनी प्रमाणपुर्जाबाट देखिने ।

वादी दाबीको कि.नं. ३०२ को जग्गामध्येबाट कि.का. भई कायम भएको कि.नं.३५२ को जग्गा प्रतिवादी मागन दासले मिति २०६९।३।२१ मा बिक्री गरेपछि उक्त जग्गा विक्रि बापत प्राप्त रकमबाट मिति २०६९।३।२२ मा कि.नं.११८ र कि.नं.१२० को जग्गासमेत खरिद गरेको र वादीहरूले प्रतिवादी मागनदास सार्कीउपर मिति २०६९।५।५ मा दायर गरेको दे.नं.००९७ को अंश चलन मुद्दामा कि.नं. ११८ र कि. नं. १२० को जग्गाबाट वादीले अंश पाउने गरी फैसला भएकोले वादी दाबी नपुग्ने गरी पुनरावेदन अदालत विराटनगरबाट मिति २०७१।५।४ मा फैसला भएको देखिएको र वादीहरूले मिति २०६९।५।५ मा दायर गरेको दे.नं. ००९७ को अंश चलन मुद्दामा कि.नं.११८ र कि.नं. १२० को जग्गाबाट आफ्नो अंश हक पाउने गरी फैसला भएको कुरा सत्य हो भनी आफ्नो पुनरावेदन जिकिरमा समेत स्वीकार गरेको हुँदा उक्त विवादित कि.नं.को जग्गा बिक्रीबापत प्राप्त रकमबाट प्रतिवादी मागनदासले खरिद गरेको कि.नं. ११८ र कि.नं. १२० को जग्गाबाट वादीहरूले अंश प्राप्त गरिसकेको देखिन आएकोले वादीका ससुरा तथा हजुरबाबु प्रतिवादी मागन दास सार्कीबाट वादीहरूलाई पुनः अंश भराई दिनुपर्ने भन्न कानूनसम्मत मिल्ने देखिन आएन । विपक्षी प्रतिवादी यशोदा राजवंशीको नाउँमा रहेको लिखत दर्ता बदर हुनसक्ने नदेखिने ।

तसर्थ, वादीहरूले कि.नं. ३०२ को जग्गामध्येबाट कि.का. भई कायम कि.नं. ३५२ को जग्गा र.नं. १३८३५ (क) मिति २०६९।३।२१ मा पारित उक्त लिखतबाट २ भागको १ भाग लगाई १ भागलाई ५ भाग गरी ५ भागको ३ भाग लिखत बदर भई वादीको नाउँमा दर्ता हुने ठहऱ्याई जिल्ला

अदालत मोरङबाट मिति २०७०।३।१७ मा भएको फैसला उल्टी भई दे. नं. ००९७ को अंश चलन मुद्दाबाट कि.नं. ११८ र कि.नं. १२० को जग्गाबाट वादीहरूले अंश प्राप्त गरिसकेको देखिएकोले वादी दाबी नपुग्ने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०७१।५।४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: विमला पौडेल

फैसला लेखनमा सहयोग गर्नेः मनकुमारी जि.एम. वि.क. (उपसचिव)

कम्प्युटर: विनोदकुमार बनिया

**इति संवत् २०७४ साल मङ्सिर १८ गते रोज २ शुभम्।**

- यसै लगाउको ०७१-CI-०७६३, लिखत बदर दर्ता बदर दर्ता कायम, समिर अछामिसमेत वि. मदन राजवंशी भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७१-CI-१०६५, नक्सा बदरसमेत, पवन देवी भूमिहारिन वि. छठियादेवी तत्मिनसमेत*

मेरा नाम दर्ता तिरोको जिल्ला बारा साबिक बरेवा गा.वि.स. वडा नं.५ हाल कलैया नगरपालिका वडा नं.७ को कि.नं. २८ को ज.वि. ०-१-३ जग्गाधनी प्रमाण पुर्जामा भए पनि खोलाले छोडेकोसमेत नापीमा कायम भएतर्फको नरबढी भई ज.वि. ०-१-६ हुनुपर्नेमा छिमेकी विपक्षीले २०४१।१२।२७ मा दानपत्रबाट पाएको कि.नं. २९ ज.वि. ०-०-११ को जग्गामा उक्त नरबढी ज.वि. ०-०-३ नापी र मालपोत कार्यालयसँग मिली दूषित प्रकृतिले उक्त कि.नं. २९ ज.वि. ०-०-१४ कायम गराई मेरो कि.नं. २८ जग्गा उत्तर पूर्व दक्षिणतर्फ ८ देखि ९ फिटका दरले वारपार च्यापी कब्जा खिचोला गरी घर पर्खाल बनाउनुभएकोले उक्त दूषित दर्ता बदर गरी उक्त नरबढी ज.वि. ०-०-३ जग्गा मेरो कि.नं. २८ मा दर्ता समावेश गरी विपक्षीको घर पर्खाल हटाई जग्गाको चलनसमेत चलाइपाउँ भन्ने फिराद दाबी भएकोमा प्रतिवादीले मिति २०५८/८/१२ मा नक्सा सुधार गराई ज.वि. ०-०-३ जग्गा आफ्नो कि.नं. २९ मा थपी लिएउपर कि.नं. २८ मा तत्कालीन जग्गाधनी पुनरावेदक वादीका जग्गादाता माला शर्माले चित्त बुझाई बसेको पाइने।

यस स्थितिमा प्रत्यर्थी प्रतिवादीले आफ्नो कि.नं.२९ को जग्गामा नियमानुसार नक्सा बनाई घरसमेत निर्माण गरिसकेपछि मात्र मिति २०६३/२/१६ मा सो कि.नं. २८ को जग्गा खरिद गरी सोमा हक स्थापित गराउन सफल भएका पुनरावेदक प्रतिवादीले दूषित दर्ता बदर गरी घर पर्खालसमेत भत्काई चलनसमेत चलाई पाउन अदालत प्रवेश गरेको देखिन्छ। सो विवादित स्थानको जग्गामा आफ्नो अस्तित्व जन्म हुनुभन्दा पहिलाको काम कारवारी बदर गराई माग्ने अधिकार पुनरावेदक वादी पवनदेवी भूमिहारिनलाई कुनै कानूनले प्रदान गरेको नदेखिँदा पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मिलेन भन्ने पुनरावेदन जिकिर र यसमा मुद्दा दोहोराई हेर्ने निस्सा प्रदान गर्ने गरी यस अदालतबाट मिति २०७१।११।१।६ मा भएको आदेशमा उल्लिखित आधारसमेतसँग यो इजलास सहमत हुन नसक्ने।

तसर्थ, हकदैया र हदम्यादविहिन फिराद खारेज गर्ने गरी सुरू बारा जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत

हेटौडाबाट मिति २०६७/९/२३/६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः

फैसला लेखनमा सहयोग गर्नेः भिमप्रसाद भुसाल

कम्प्युटर: विनोद कुमार बनिया

**इति संवत् २०७४ साल मङ्सिर १८ गते रोज २ शुभम्।**

- यसै लगाउको ०७१-CI-१०६६, पर्खाल संरचना हटाई जग्गा खिचोला घर भत्काई चलन, पवन देवी भूमिहारिन वि. छठियादेवी तत्मिन भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७४-CR-००७९, कर्तव्य ज्यान, धनिदेवी साउद वि. नेपाल सरकार*

मृतक र प्रतिवादीबिच राम्रो सम्बन्ध नरहेको भन्ने देखियो भने घटनास्थल प्रकृति मुचुल्काबाट घटनास्थलमा रगत तथा बञ्चरो फेला परेको, लास जाँच प्रकृति मुचुल्काबाट मृतकको शरीरमा गहिरो चोट रहेको देखिएको, *Cause of death is sharp force injury* भन्ने उल्लेख भएको शव परीक्षण प्रतिवेदन रहेको, मृतक र प्रतिवादीबिच राम्रो सम्बन्ध नरहेको भन्ने बुझिएका मानिसहरूले लेखाइदिएको, रातको समयमा आमा धनिदेवीले बुबा नरबहादुरलाई बञ्चरो प्रहार गरी मारेकी हुन् भन्ने बेहोराको प्रत्यक्षदर्शी छोरा अर्बिन साउदको कागज बेहोरा एवं वारदात गराएकोमा साबित रही प्रतिवादी धनिदेवी साउदले गरेको बयानसमेतबाट नरबहादुर साउदको हत्या यिनै प्रतिवादी धनिदेवी साउदको कर्तव्यबाट भएको कुरा सप्रमाण पुष्टि हुन आउने।

प्रतिवादी धनिदेवी साउदलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं. बमोजिमको कसुरमा ऐ.१३(१) नं. बमोजिम जन्मकैदको सजाय हुने भनी सुरू अछाम जिल्ला अदालतले मिति २०७२।१०।१४ मा गरेको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत दिपायलको मिति २०७३।१०।१८ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी धनिदेवी साउदलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम भएको सजाय चर्को पर्न जाने भनी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम न्यूनतम सजाय हुन माग भएको सम्बन्धमा हेर्दा यिनै प्रतिवादीका पति नरबहादुर साउदले निज श्रीमती र छोराछोरीसमेतको बेवास्ता गरी केही वर्ष अगाडि कान्छी श्रीमतीका रूपमा बिन्द्रा साउदलाई भित्र्याएको र कान्छी श्रीमतीसँगै जिल्लाकै विनायक भन्ने स्थानमा बस्दै आएको देखियो। कहिले काहीँ जेठी श्रीमती र छोराहरू बस्दै गरेको घरमा आउने गरे पनि निज पति पत्नी दुवैजना मादक पदार्थ सेवन गरी आपसमा झगडा गर्ने गरेका र वारदातको दिनमा पनि प्रतिवादी र बालबच्चाहरू सुतिसकेपछि घर पुगेका मृतक नरबहादुर साउद र यी प्रतिवादी धनिदेवी साउदबिच झगडा भएको देखियो। पतिले आफूमाथि सौता भित्र्याएपछि आफू र बालबच्चाको राम्रो हेरचाह नगरेको, शारीरिक र मानसिक यातना दिने गरेको र उक्त दिन पनि कि तँलाई मार्छु कि तेरो छोरालाई मार्छु भनी झगडा गर्न थालेपछि यी प्रतिवादी पनि तत्काल आवेशमा आई बञ्चरो प्रहार गरी पति नरबहादुर साउदको हत्या गरेको भन्ने कुरामा विवाद रहेन। प्रतिवादीले पहिले नै योजना बनाएर पतिको हत्या गरेकी हुन् भनी वादी पक्षले जिकिर लिए पनि त्यसअनुरूपको वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेको पाइएन। बरू मृतक नरबहादुर साउदले आफ्नी जेठी पत्नी र बालक छोराहरूप्रतिको कर्तव्य पूरा नगरेको र

उल्टै कि तँलाई मार्छु कि तेरो छोरालाई मार्छु भनी धम्की दिएर प्रतिवादीलाई प्रस्तुत घटना गराउन उक्साउने कार्य गरेबाट घटना भएको अवस्थामा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम यी प्रतिवादीलाई भएको सजाय चर्को पर्न जाने देखिँदा प्रतिवादी धनिदेवी साउदलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ७ (सात) वर्ष कैद सजाय गर्नु मनासिब हुने।

अत: उच्च अदालत दिपायलले प्रतिवादी धनिदेवी साउदलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम गरेको सजाय चर्को पर्न जाने भई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ७ (सात) वर्ष मात्र कैद सजाय गर्नु मनासिब हुने देखिँदा निज प्रतिवादी धनिदेवी साउदलाई प्रस्तुत मुद्दाको रोहमा ७ (सात) वर्ष मात्र कैद सजाय हुने।

इजलास अधिकृत: सुभाषचन्द्र दाहाल
कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७५ साल फागुन २८ गते रोज ३ शुभम्।**

१०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७४-CR-११७२, कर्तव्य ज्यान, सुन्दर भन्ने सुन्दरे परियार (दमाई) वि. नेपाल सरकार*

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. को मक्सद कसुरदारले होस पुऱ्याई पुऱ्याई, समय र स्थान मिलाई मिलाई, जोखिमी हतियारबाहेकका साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादिले हान्दा ज्यान मरेमा पनि कम सजाय गर्ने भन्ने होइन। मानिसलाई कुनै कारणवश तत्कालै उठेका रिसका कारण उसको अचेतन मनले के ठिक ? के बेठिक भनी छुट्याउन नसकेको, केही निमेष अर्थात् अत्यन्तै छोटो अवधिमा उसले आफैँलाई नियन्त्रण गर्न नसकी, सोही स्थानमा उपलब्ध जोखिमीबाहेकको हतियार प्रयोग गरेकोमा सोही प्रहारबाट ऐनका म्यादभित्र ज्यान मरेमा मात्र ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित हुन सक्ने।

एक रोगी, कमजोर नारीमाथि आफ्नै श्रीमान्ले अत्यधिक बल प्रयोग गरी, छुट्याउन खोज्ने बहिनीहरूलाई हुत्याई, घरबाहिर नै रगतपच्छे पारिसकेकी श्रीमतीलाई घरभित्र घिसार्दै लगेर कपडाले हात खुट्टा बाँधी, मरणासन्न हुने गरी कुटपिट गरेको र चलमल गर्न छाडेपछि मात्र छोडी घरबाहिर आएको कार्यमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित हुन सक्ने नदेखिने।

अब प्रतिवादी पुनरावेदकले जिकिर लिए जस्तो मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम निज प्रतिवादीलाई कम सजाय हुनुपर्ने हो वा होइन भन्ने सम्बन्धमा हेर्दा सुन्दर भन्ने सुन्दरे परियार (दमाई) माथि कर्तव्य ज्यानको आरोप पुष्टि भइसकेको अवस्थामा मुलुकी ऐन, अ.बं. १८८ नं. मा ऐनले ...सर्वस्वसहित जन्मकैद वा जन्मकैद गर्नुपर्ने भएका मुद्दामा साबित ठहरे पनि इन्साफ गर्ने हाकिमका चित्तले भवितव्य हो कि भन्न हुनेसम्मको शङ्काले वा अपराध गरेको अवस्था विचार गर्दा कसुरदारलाई ऐनबमोजिमको सजाय दिँदा चर्को हुने भई घटी सजाय हुनुपर्ने चित्तले देखेमा ऐनले गर्नुपर्ने सजाय ठहराई आफ्नो चित्तले देखेको कारणसहितको खुलासा राय पनि साधक तोकमा लेखी जाहेर गर्नुहुन्छ। अन्तिम निर्णय दिनेले पनि त्यस्तो देखेमा ऐनले हुने सजायमा घटाई तोक्न हुन्छ भन्ने व्यवस्था रहेको पाइने।

मुलुकी ऐन, अ.बं. १८८ नं. ले घटी सजाय हुनुपर्छ भनी पुनरावेदक प्रतिवादीले जिकिर लिएको भए पनि आफ्नी मुटु रोगी श्रीमतीमाथि कत्ति पनि

दया नराखी बेल्टले प्रहार गर्दै, टाउको थिची भुइँमा पछारेर, रगताम्य पारेर, नाकमुखबाट रगत आउँदा पनि कुटपिट गर्न नछाडी, श्रीमतीको हत्या गरेको जघन्य अपराधमा पनि घटी सजाय गर्न सक्नेतर्फ यो इजलास सहमत हुन नसक्ने ।

अत: प्रतिवादी सुन्दर भन्ने सुन्दरे परियार (दमाई) ले सामान्य निहुँमा आफ्नी श्रीमती मृतक इन्द्रा परियार दमाईलाई निर्मम तवरले कुटपिट गरी हत्या गरेको पुष्टि भएको अवस्थामा अभियोग दाबीबमोजिमको कसुरमा ज्यानसम्बन्धी महलको १३(३)नं. बमोजिम सजाय हुने भनी सुरू प्यूठान जिल्ला अदालतबाट मिति २०७२/१०/१२ मा भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत तुलसीपुरबाट मिति २०७४।०२।०१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुभाषचन्द्र दाहाल

कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७५ साल फागुन २८ गते रोज ३ शुभम् ।**

**११**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७५-RC-००२४, कर्तव्य ज्यान, नेपाल सरकार वि. शान्तिमाया तामाङ

मृतकको हत्याका सम्बन्धमा हेर्दा वारदात मितिमा जाहेरवाला निमा तामाङले प्रतिवादीकी छोरी मीनाले प्रतिवादीलाई घिसार्दै लाँदै गरेको देखी भित्र जाँदा मृतक चर्कुली थामी तामाङ रगताम्य भएर ढलेको देखेपछि गाउँलेहरूलाई गुहार मागी तत्कालै उपचारार्थ लगेको भन्ने देखियो । जाहेरवाला निमा तामाङले प्रतिवादी शान्ति तामाङउपर किटानी जाहेरी दिएको देखियो भने प्रत्यक्षदर्शी नभए पनि घटना विवरण कागज गर्ने पासाङ तेम्बा शेर्पा, मिङमार शेर्पा, शेर्पु शेर्पा लगायतले यिनै प्रतिवादीले धारिलो हतियार प्रहार गरी चर्कुली थामीलाई घाइते बनाएकीमा उपचारार्थ काठमाडौँ लैजाँदै गर्दा बाटोमा नै मृत्यु भएको हो भनी अनुसन्धान अधिकारीसमक्ष गरेको कागज बेहोरालाई समर्थन गरी अदालतमा बकपत्र गरेको देखियो । प्रतिवादीकी छोरी मीना तामाङले प्रतिवादीलाई घिसार्दै लगेको देखी भित्र जाँदा श्रीमती रगताम्य भई ढलेपछि उपचारार्थ लगिएको भनी जाहेरवालाले तथा बुझिएका अन्य मानिसहरूले पनि प्रतिवादीको हतियार प्रहारकै कारण चर्कुली थामी तामाङको मृत्यु भएको बेहोरा उल्लेख गरेको पाइयो । स्वयं प्रतिवादी शान्तिमाया तामाङले हामी श्रीमान् श्रीमती झगडा गर्दा सधैँ हस्तक्षेप गर्ने गरेको, कुरा लगाई झगडा पार्ने गरेको र मेरो श्रीमान्लाई आँखा लगाउने गरेका कारण अन्त्य गरिदिनुपर्छ भनी गई अन्दाजी ४० सेन्टिमिटरको खुकुरीले टाउको, गर्धनलगायतमा प्रहार गरेकी हुँ भनी गरेको बयान अन्य स्वतन्त्र प्रमाणबाट समर्थित भइरहेको अवस्था हुँदा मृतक चर्कुली थामी तामाङको मृत्यु प्रतिवादी शान्तिमाया तामाङको खुकुरी प्रहारबाट भएको कुरा निर्विवाद रूपमा पुष्टि हुन आउने ।

प्रतिवादी शान्तिमाया तामाङले खुकुरी प्रहार गरी गम्भीर घाइते बनाएकै कारण उपचारार्थ लैजाँदै गर्दा बाटोमा नै सोही दिन मृतक चर्कुली थामी तामाङको मृत्यु भएको कुरा सप्रमाण पुष्टि हुन आएको अवस्थामा प्रतिवादी शान्तिमाया तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुने ठहऱ्याई सुरू सिन्धुपाल्चोक जिल्ला अदालतबाट मिति २०७२।२।३२ मा भएको फैसला सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७३।१२।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

उच्च अदालत पाटनबाट मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १५ वर्ष कैद सजाय हुन

मनासिब हुने भनी राय व्यक्त भएकोमा यी प्रतिवादीले मृतक चर्कुली थामी तामाङलाई मार्नुपर्नेसम्मको कारण नरहेको, आफूहरू पति पत्नी बिच झगडा हुँदा हस्तक्षेप गर्ने गरेको र सम्झाउँदा पनि अपशब्द प्रयोग गरी गाली गरेको भनी तत्कालै उठेको रिस थाम्न नसकी भएको घटनाबाट निजको मृत्यु भएको अवस्था देखिँदा प्रतिवादी शान्तिमाया तामाङलाई अभियोग दाबीबमोजिमको सजाय गर्दा चर्को पर्न जाने भई अ.बं. १८८ नं. बमोजिम कम सजाय हुन उच्च अदालतबाट व्यक्त भएको रायसमेत मनासिब देखिँदा प्रतिवादी शान्तिमाया तामाङलाई अ.बं. १८८ नं. बमोजिम १५(पन्ध्र) वर्षमात्र कैद सजाय हुने ।

इजलास अधिकृत: सुभाषचन्द्र दाहाल

कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७५ साल फागुन २८ गते रोज ३ शुभम् ।**

१२

**मा.न्या श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७३-CR-१५७५, कर्तव्य ज्यान, पदमकुमारी श्रेष्ठसमेत वि. नेपाल सरकार*

मृतकलाई कुटपिट गरी बेहोस अवस्थामा झुन्ड्याउँदा आफैँ झुन्डिएर मरेको लक्षणहरू देखा पर्दछन भनी विशेषज्ञ डाक्टरले बकपत्र गरेको पाइन्छ । यसका अलावा मृतकको शरीरमा रहेका चोटपटकहरू, मृतकको लास फेला परेको काठको ढोकामा बाहिरबाट साङलो लगाएको अवस्था, मृतकको लास रहेको कोठामा रहेका वस्तुहरू छरपष्ट रहेको अवस्था, मृतक र प्रतिवादीहरूको पूर्वरिसइवीसहितको सम्बन्ध एवम् निजलाई कुटपिट गरेको स्वीकारोक्ति र अपराध घट्नुपूर्वको परिस्थिति जस्ता परिस्थितिजन्य प्रमाणहरूको एकआपसमा मालाकार रूपमा गाँसिएको तथ्यको विद्यमानताबाट समेत (मृतक) झुमा वि.क.लाई प्रतिवादीहरू पदमाकुमारी श्रेष्ठ र जुनु श्रेष्ठसमेतले कुटपिट गरी कर्तव्य गरेर मारी मृतककै घरको कोठामा सलको पासो लगाई झुन्डाएको देखिन आउने ।

प्रतिवादीहरूले मौकामा अधिकारी प्राप्त अधिकारी र अदालतसमक्षको बयान, प्रतिवादीहरूउपर किटानी जाहेरी परेको, मौकामा कागज गर्ने व्यक्तिहरूको भनाइ, वस्तुस्थिति मुचुल्काका मानिसहरूले गरेको कागज एवम् जाहेरवाला र बुझिएका मानिसहरूले आफ्नो मौकाको कथलाई पुष्टि गर्दै अदालतमा आई गरेको बकपत्र, लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन तथा विशेषज्ञ डाक्टरे अदालतमा आई गरेको बकपत्रसमेतका प्रमाणहरूबाट मिति २०७१।०३।२७ गते राती मृतक झुमा वि.क.लाई प्रतिवादीहरूले कुटपिट गरी कर्तव्य गरेर मारी मृतककै घरमा झुन्डाएको देखिएको हुँदा प्रतिवादीहरू पदमाकुमारी श्रेष्ठ र जुनु श्रेष्ठलाई अभियोग मागदाबीबमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई भएको सुरू फैसलालाई सदर गर्ने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७३।०९।२० मा भएको फैसला मनासिब नै देखिँदा यस अदालतबाट प्रत्यर्थी झिकाउने गरी भएको आदेश र प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउँ भनी लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, प्रतिवादीहरूसमेतले मृतक झुमा वि.क.लाई मिति २०७१।०३।२७ गते राति कुटपिट गरेर कर्तव्य गरी मारी झुन्डाएको देखिँदा निज प्रतिवादीहरू पदमाकुमारी श्रेष्ठ र जुनु श्रेष्ठलाई अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुरमा सोही महलको १३(३) नं.बमोजिम जन्मकैदको

सजाय हुने ठहऱ्याई सुरू ताप्लेजुङ जिल्ला अदालतबाट मिति २०७१।१२।१६ मा भएको फैसलालाई सदर गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७३।०९।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत (उपसचिव): रामचन्द्र खड्का

कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७६ साल जेठ २३ गते रोज ५ शुभम्।**

**१३**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७५-RB-०१४०, ०७५-RB-०६०१, बैंकिङ कसुर, नेपाल सरकार वि. राज्यवती त्रिपाठी, राजेन्द्र अधिकारी वि. नेपाल सरकार*

प्रतिवादी राजेन्द्र अधिकारीको हकमा विचार गर्दा, चेक अनादर भन्नाले व्यक्ति व्यक्तिबिच चेक काटी लिनु दिनु गरेको र चेक दिनेको खातामा पर्याप्त रकम नभएको कारणबाट चेक धारकले चेकमा उल्लेख भएको रकम सम्बन्धित बैंकबाट भुक्तानी हुन नसके चेक अनादर हुन जान्छ । प्रतिवादी राजेन्द्र अधिकारीले आफ्नो हस्ताक्षरसहित मेगा बैंक लि. को सन् २०१७।१०।१३ मा रू.५,२०,०००।- (पाँच लाख बिस हजार) को चेक काटी दिएकोमा सो चेक जाहेरवाला तिलकबहादुर राउतले विभिन्न मितिमा सन् २०१७।१०।१३, सन् २०१७।१०।१७ र सन् २०१७।१०।२४ बैंकमा सटही गर्न जाँदा insufficient fund अर्थात् खातामा प्रयाप्त मौज्दातको अभावमा निष्क्रिय भएको भनी चेकलाई अनादर गरी प्रमाणित गरिदिएको बेहोरा मिसिल संलग्न कागजातबाट देखिने।

सिद्धान्ततः कुनै पनि आपराधिक कार्य स्थापित हुन actus reus र mens rea तत्त्व हुन जरूरी हुन्छ । कुनै पनि कार्यको पहिलेबाट परिणामको अन्दाज गरी सो परिणाम हासिल गर्ने काम गरिन्छ भने त्यस्तो कार्यलाई मनसायपूर्वक गरिएको कार्य भनीन्छ । प्रस्तुत मुद्दामा प्रतिवादी राजेन्द्र अधिकारीको नाउँको मेगा बैंकको सन् १३।१०।२०१७ देखि २४।१०।२०१७ सम्मको खाताको बैंक स्टेटमेन्ट हेर्दा निज प्रतिवादीको खातामा कहिले पनि चेकमा उल्लिखित रकम भएको देखिंदैन । यसरी आफ्नो खातामा मौज्दात हुँदै नभएको रकम उल्लेख गरी जाहेरवालालाई रू.५, २०, ०००।-(पाँच लाख बिस हजार) को चेक काटि दिनुले प्रतिवादी राजेन्द्र अधिकारीको मनसाय तत्काल पैसा नदिने नै भन्ने देखिन्छ । यसरी प्रतिवादीले आफ्नो खातामा मौज्दात रकम नभएको जानकारी हुँदाहुँदै चेक काटी दिएको निज प्रतिवादी राजेन्द्र अधिकारीको कार्यलाई आपराधिक कार्य मान्नुपर्ने।

बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) मा ***आफ्नो खातामा मौज्दात रकम नभएको जानीजानी चेक काटी दिन हुँदैन*** भन्ने कानूनी व्यवस्था प्रस्ट रूपमा उल्लेख भएको छ । प्रतिवादी राजेन्द्र अधिकारीले अदालतसमक्ष बयान गर्दा चेकबमोजिमको रकम बैंकमा छैन केही कम छ दुई चार दिन पछि म रकम राखेर खबर गर्छु भनेको थिएँ भनी बयान गरेको देखिन्छ । प्रतिवादी राजेन्द्र अधिकारीको बैंक स्टेटमेन्ट हेर्दा तथा जाहेरवाला तिलकबहादुर राउत चेक दिएको एघार दिन पछि बैकमा सटहीको लागी जाँदा पनि खातामा चेकमा उल्लिखित रकम भएको देखिँदैन। यस परिप्रेक्ष्यमा प्रतिवादी राजेन्द्र अधिकारीलाई आफ्नो खातामा रकम छैन भन्ने जानकारी हुँदाहुँदै चेक काटिदिएको कारणले प्रस्तुत कानूनी व्यवस्थाको उल्लङ्घन गरेको होइन भन्न मिल्ने अवस्था नरहने।

यसै सम्बन्धमा "***खातामा चेकमा उल्लेख गरीएबमोजिम पर्याप्त रकम नभएको भन्ने चेक जारी गर्ने व्यक्तिलाई चेक जारी गर्ने बेलामा थाहा जानकारी भएको र उक्त तथ्य थाहा हुँदाहुँदै निजले दोस्रो व्यक्तिलाई रकम उल्लेख गरी चेक जारी गरेको हो भने त्यस्तो कार्य जानी जानी गरेको मान्नुपर्ने हुन्छ। वस्तुतः चेक जारी गरीने तर चेक भुक्तानी हुन नसक्ने अवस्थाको पूर्वजानकारीसहित चेक काट्ने तथा त्यसको आधारमा भुक्तानी लिने दिने कार्यले नै कसुरलाई स्थापित गर्ने नगर्ने सम्बन्धमा भूमिका खेल्ने*** ।" (ने.का.प. २०७६, अङ्क ४, नि.नं.१०२४१) भनी मन्दिरादेवी धुजु श्रेष्ठ विरूद्ध नेपाल सरकार भएको बैंकिङ कसुर मुद्दामा यस अदालतबाट सिद्धान्त प्रतिपादन भएको देखिन्छ। प्रस्तुत मुद्दाको सन्दर्भमा प्रतिवादी राजेन्द्र अधिकारीको खातामा चेकमा उल्लिखित रकम कहिले पनि मौज्दात नभएको अवस्थामा रू.५,२०,०००।– को चेक काटि दिएको देखिँदा प्रस्तुत सिद्धान्तसमेत यस मुद्दामा आकर्षित हुने।

प्रमाण कानूनको सिद्धान्तअनुसार *best evidence must be produced.* मौखिक प्रमाणलाई अन्य प्रमाणले पुष्टि गरिरहेको सन्दर्भमा सो प्रमाण बलियो प्रमाणको रूपमा लिन सकिन्छ । तर यदि मौखिक प्रमाणलाई अन्यथा प्रमाणबाट पुष्टि गर्न नसकेको अवस्थामा केबल मौखिक प्रमाणलाई मात्र आधार लिई न्याय गरियो भने न्याय नपर्न पनि सक्छ। प्रस्तुत मुद्दाको सन्दर्भमा पनि प्रतिवादी राजेन्द्र अधिकारीले केबल बयानको क्रममा पैसा बुझाइसकेको छु भनी बयानमा उल्लेख गरेको तर सो तथ्यलाई पुष्टि हुने वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेको अवस्था छैन । यस्तो अवस्थामा निजको बयानलाई मात्र आधार लिई रकम भुक्तानी दिइसकेको भन्ने कुरा विश्वासयोग्य नदेखिने।

अत: प्रतिवादी राजेन्द्र अधिकारीले जाहेरवालालाई चेक काटी दिएको र सो चेक सटही हुन नसकी बैंकबाट बाउन्स भएको भन्ने तथ्य अदालतमा बयान गर्दासमेत स्वीकार गरेको र निजको सो बयान मिसिल संलग्न बैंकको पत्रबाट समेत समर्थन भइरहेको अवस्थामा प्रतिवादी राजेन्द्र अधिकारीले आरोपित कसुर गरेको देखिने।

अर्का प्रतिवादी राज्यवति त्रिपाठीको मिलेमतोमा प्रतिवादी राजेन्द्र अधिकारीले चेक दिएको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा, **कुनै पनि फौजदारी कसुरमा शङ्का रहित तवरले दाबी पुष्टि गर्ने भार वादी पक्षमा रहन्छ ।** प्रस्तुत मुद्दाको सन्दर्भमा प्रतिवादी राज्यवती त्रिपाठीले अदालतसमक्ष भएको बयानमा जाहेरवालालाई चेक काटी दिनुमा मेरो कुनै संलग्नता, मिलेमतो नभएको र जाहेरवालालाई प्रतिवादी राजेन्द्र अधिकारीले चेक दिएको बेहोरा पनि थाहा नभएको भनी बयान गरेको देखिन्छ । सो तथ्यलाई निजको साक्षी वसन्ता पाण्डेले चेकमा उल्लिखित मितिमा राज्यवती त्रिपाठी बेडरेष्टमा थिइन् भनी बकपत्र गरेको देखिन्छ। त्यस्तै सह अभियुक्त राजेन्द्र अधिकारीले समेत अदालतसमक्ष गरेको बयानमा प्रतिवादी राज्यवती त्रिपाठीको कुनै संलग्नता छैन भनी बयान गरेको देखिन्छ। यस अवस्थामा सहप्रतिवादीले नै अर्का प्रतिवादी राज्यवती त्रिपाठीको संलग्नता छैन भनी बयान गरी रहेको अवस्थामा केबल अनुसन्धान अधिकारीसमक्ष भएको बयान कागजमा पोल गरेको मात्र आधारमा कसुर गरेको मान्नु न्यायोचित नहुने।

प्रतिवादीले हस्ताक्षरसहितको चेक सटहीको लागि दिएकोमा अपर्याप्त रकमका कारण भुक्तान हुन नसकेको बेहोरा निज प्रतिवादी राजेन्द्र

अधिकारीको बैंक स्टेटमेन्टबाट देखिँदा निज प्रतिवादीले कसुर गरेको होइन भन्न मिल्ने अवस्था रहेन । साथै अर्का प्रतिवादी राज्यवती त्रिपाठीको कसुरमा संलग्नता रहेको कुरा वस्तुनिष्ठ कारण र आधार मिसिल संलग्न प्रमाण कागजातबाट देखिँदैन । उच्च अदालत पाटनबाट भएको फैसलालाई अन्यथा भन्न मिलेन । प्रतिवादी राजेन्द्र अधिकारीको पुनरावेदन जिकिर तथा नेपाल सरकारको पुनरावेदन जिकिर र वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अत: प्रतिवादी राजेन्द्र अधिकारीले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) बमोजिमको कसुर गरेको देखिँदा ऐ. को दफा १५(१) बमोजिम कसुर गरेको ठहऱ्याई अभियोग दाबीअनुसार बिगोबमोजिम रू.५,२०,०००।- (पाँच लाख बिस हजार रूपैयाँ) जरिवाना हुने र तीन (३) महिना कैद तथा रू.५,२०,०००।- (पाँच लाख बिस हजार रूपैयाँ) बिगो भराउने तथा अर्का प्रतिवादी राज्यवती त्रिपाठीलाई सफाइ दिने गरी उच्च अदालत पाटनबाट मिति २०७५।०१।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: श्रद्धा विष्ट

कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७६ साल पौष २७ गते रोज १ शुभम्।**

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७५-RB-०६०२, बैंकिङ, कसुर, राजेन्द्र अधिकारी वि. नेपाल सरकार
- ०७५-RB-०६०३, बैंकिङ, कसुर, राजेन्द्र अधिकारी वि. नेपाल सरकार
- ०७५-RB-०६०४, बैंकिङ, कसुर, राजेन्द्र अधिकारी वि. नेपाल सरकार
- ०७५-RB-०६०५, बैंकिङ, कसुर, राजेन्द्र अधिकारी वि. नेपाल सरकार
- ०७५-RB-०६००, बैंकिङ, कसुर, राजेन्द्र अधिकारी वि. नेपाल सरकार

## १४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७५-WH-०१५१, बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ, जंगबहादुर माझी वि. जिल्ला प्रहरी कार्यालय, भरतपुर चितवन*

वस्तुतः ममता प्रधान (श्रेष्ठ) को अंशियार छोरी रिया श्रेष्ठसमेतले आफ्नोसमेत अंश हकको जग्गा बिक्री भएकोले आफ्नो अंशभागसम्मको जग्गा लिखत बदर गरी पाउन र आफ्नो भागमा पर्ने अंश पाउन विपक्षी ममता प्रधानलाई समेत प्रतिवादी बनाई अंश एवं लिखत वदर मुद्दासमेत दायर गरेको देखिने।

रिट निवेदक जंगबहादुर माझीसमेत उपर ठगी मुद्दा दायर भई निजलाई अनुसन्धान कार्यका लागि हिरासतमा राखिएको अवस्था छ, अनुसन्धान पछि निवेदक निर्दोष साबित पनि हुन सक्ने सम्भावनालाई नकार्न सकिँदैन । उक्त ठगी मुद्दामा अभियुक्त कायम भई अदालतमा मुद्दा बुझाएको अवस्था पनि देखिँदैन । रिट निवेदक अभियुक्त कायम भई ठगी मुद्दा अदालतमा दायर नभइसकेको अवस्थामा नेपालको संविधानको धारा २० को उपधारा ६ अनुसार एउटै कसुरमा अदालतमा एक पटकभन्दा बढी मुद्दा चलाउने र सजाय गरिने छैन भन्ने संविधानले व्यवस्था गरेको फौजदारी न्यायको मान्य सिद्धान्ताका रूपमा रहेको दोहोरो खतराको सिद्धान्तविपरीत भएको भनी मान्न मिल्ने अवस्था हुँदैन । उजुरी परेपछि सोउपर अनुसन्धान

गर्ने कानूनबमोजिम अनुसन्धानका लागि म्याद थप गर्नेसमेतका कानूनी प्रक्रिया (Due Process of law) नै अवरूद्ध हुने गरी कुनै आदेश जारी गर्न नमिल्ने।

तसर्थ, निवेदकलाई ठगी मुद्दामा कानूनको प्रक्रिया पुऱ्याई अदालतबाट पक्राउ गर्ने अनुमति प्रदान भई अनुसन्धानका लागि हिरासतमा राखेको कार्यलाई गैरकानूनी थुनामा राखेको भन्न नमिल्ने भएकोले विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने। प्रस्तुत रिट निवेदन खारेज हुने।
इजलास अधिकृत: चिन्तामणी शर्मा
**इति संवत् २०७६ साल वैशाख १७ गते रोज ३ शुभम्।**

**१५**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७५-WH-०१५७, बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ, जीतेन्द्र महर्जनको हकमा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य जन्मदेव जैसी वि. गृह मन्त्रालय सिंहदरबारसमेत*

रिट निवेदक जितेन्द्र महर्जन नेवाः पत्रकार राष्ट्रिय दबूका सदस्य भई सोही संस्थाअन्तर्गत रही पत्रकारितागर्दैआएकोभन्नेनेपालपत्रकारमहासंघको प्रेस विज्ञप्तीको छायाँप्रतिसमेतबाट देखिएको छ। निजलाई यसअघि मिति २०७५।१२।२६ गते पक्राउ गरी थुनामा राखेकोमा यस अदालतको मिति २०७६।०१।०८ को बन्दीप्रत्यक्षीकरणको आदेशले थुनामुक्त भएको भन्ने यस अदालतबाट उक्त मितिमा भएको आदेशको छायाँप्रतिबाट देखिएको छ। उक्त मितिमा थुना मुक्त भएपश्चात् तत्कालै यस अदालतको गेटबाट पुनः पक्राउ गरेको भन्ने निवेदन बेहोरालाई विपक्षीहरूले आफ्नो लिखित जवाफमा खण्डन गरेको नदेखिने।

जहाँसम्म काठमाडौंका विभिन्न स्थानहरूमा बम विष्फोट तथा बम राख्ने कार्यमा संस्थागत रूपमा नेपाल कम्युनिष्ट पार्टी (विप्लप समूह) संलग्न रहेको भनी उक्त समूहले प्रेस विज्ञप्ती जारी गरी घटनाको जिम्मेवारी लिएको र रिट निवेदक जीतेन्द्र महर्जन उक्त समूहको सदस्य रहेको भन्ने विपक्षीहरूको भनाइ रहेको छ। विपक्षीहरूले रिट निवेदक उक्त कार्यमा संलग्न रहेको पुष्टि हुने वस्तुनिष्ठ आधार प्रमाण पेस गर्न सकेको देखिएन। विचार र आस्थाको स्वतन्त्रता नेपालको संविधानद्वारा प्रदत्त मौलिक हक हुन। विचार र आस्थाका आधारमा कसैलाई पनि कारबाही गर्न मिल्दैन। यसमा नेपाल कम्युनिष्ट पार्टी (विप्लप समूह) ले काठमाडौंका विभिन्न स्थानहरूमा बम विष्फोट तथा आगजनी जस्ता क्रियाकलाप भएकोमा आफ्नो समूह जिम्मेवारी भएको प्रेस विज्ञप्ती जारी गरेको र उक्त समूहमा यी निवेदक सदस्य रहेको भन्ने लिखित जवाफको सन्दर्भमा विपक्षीहरूले उक्त समूहको सदस्य रहेको आधिकारिकता पनि देखाउन नसकेको र बम विष्फोट र आगजनी जस्ता आपराधिक क्रियाकलापमा संलग्न रहेको पुष्टि गराउन सकेको अवस्था छैन। आपराधिक क्रियाकलापमा संलग्न रहेको पुष्टि गराउन नसकेको अवस्थामा विप्लप समूहको सदस्य रहेको स्वीकार गरेको भन्ने रिट निवेदकको भनाइलाई मात्र आधार लिई थुनामा राख्नु गैरसंवैधानिक कार्य हुने।

निवेदक जीतेन्द्र महर्जनलाई विष्फोटक पदार्थ, संगठित अपराध र राजद्रोहसम्बन्धी कसुरमा मिति २०७६।०१।०८ गते तत्काल पक्राउ नगर्दा भाग्न उम्कन सक्ने भएकोले पक्राउ गरेको भन्ने लिखित जवाफबाट देखिएको छ। निवेदकलाई पक्राउ गर्दा निज पक्राउ भएको कारणसहितको सूचना दिएको

देखिएन । उक्त कसुरमा निजलाई थुनामा राखी अनुसन्धान गर्नुपर्ने स्पष्ट आधार र कारणसमेत प्रत्यर्थीहरूले खुलाउन सकेको देखिएन । कुनै पनि व्यक्तिलाई थुनामा राखी अनुसन्धान गर्न म्याद थप गर्नुपर्ने भए म्याद थप गर्नु पर्नाको स्पष्ट आधार र कारण खुलाउनुपर्नेमा यी निवेदकको हकमा म्याद थप माग्दा र दिँदासमेत यससम्बन्धी वस्तुनिष्ठ आधार उल्लेख गरेको नदेखिने ।

निवेदक जीतेन्द्र महर्जनउपर यसअघि पनि बन्दीप्रत्यक्षीकरणको रिट जारी भइसकेको अवस्थामा पुनः पक्राउ गर्नुपर्ने कारणसमेत लिखितजवाफबाट खुल्न आएको देखिँदैन । निवेदकलाई थुनामा नै राखी अनुसन्धान गर्नुपर्ने उचित एवं पर्याप्त आधार र कारण उल्लेख नगरी भएको म्याद थपसम्बन्धी कार्यहरू कानूनतः अपरिपक्व देखिएको एवं निवेदकउपर लगाइएको अभियोग पुष्टि हुने वस्तुनिष्ठ आधार विपक्षीहरूले पेस गर्न नसकेको अवस्थामा निवेदकउपरको थुनालाई कानूनसम्मत मान्न नमिल्ने ।

अतः वस्तुनिष्ठ आधार र कारण विना निवेदकलाई पटकपटक पक्राउ गर्ने र अनुसन्धानको क्रममा भनी थुनामा राख्ने कार्य मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ विपरीत हुने गरी प्रवृत्त भावनाबाट कानूनको उचित कार्यविधिको पालना नगरी पटकपटक म्याद थप गरी हिरासतमा राखिरहेको कार्य न्यायिक दृष्टिकोणबाट औचित्यपूर्ण नदेखिएकोले निवेदक जितेन्द्र महर्जनको हकमा निवेदन मागबमोजिम सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क) र (ख) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई निवेदक गैरकानूनी थुनाबाट मुक्त हुन पाउने भए पनि निवेदकका हकमा चलिरहेको अनुसन्धानमा सहयोग गर्नु निवेदकको समेत कर्तव्य हुँदा अनुसन्धानको सिलसिलामा बोलाइएका बखत हाजिर हुने सर्तको कागज गराई प्रस्तुत मिसिलको रोहमा यी निवेदकलाई यस अदालतका मुख्य रजिस्ट्रारको रोहवरमा थुना मुक्त गरी निस्सा मिसिल सामेल राख्ने ।

इजलास अधिकृत: चिन्तामणी शर्मा

**इति संवत् २०७६ साल वैशाख १७ गते रोज ३ शुभम्।**

## इजलास नं.२

### १६

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०६९-WO-१००६, उत्प्रेषण मिश्रित परमादेश, संजयकुमार सिंहसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

कानूनी राज्यमा सार्वजनिक पद धारण गरेको व्यक्ति वा सार्वजनिक निकायले आफूसमक्ष पेस भएको निवेदनमा आवश्यक कारबाही अगाडि बढाई निवेदन मागबमोजिम हुने नहुने सम्बन्धमा निर्णय गर्नु निजहरूको कर्तव्य भएकोमा यी निवेदकहरूको हक स्वामित्वको जग्गाहरू सीमा प्रहरी चौकी, बलराले प्रयोग गरेबापत यी निवेदकहरूले मुआब्जा तथा क्षतिपूर्ति पाउँ भनी गृह मन्त्रालय तथा मुख्य सचिवसमक्ष दिएको निवेदनमा कारबाही अगाडि बढाई निवेदन मागबमोजिम हुने नहुने सम्बन्धमा निर्णय गर्नुपर्नेमा आवश्यक कारबाही अगाडि बढाएको तथा निर्णय गरेकोसमेत नदेखिँदा निवेदकले दिएको मुआब्जासम्बन्धी निवेदनमा निवेदन मागबमोजिम हुने नहुने विषयमा आवश्यक कारबाही तथा निर्णय गर्नु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुनुपर्ने देखिने ।

प्रहरी प्रधान कार्यालय, नक्सालबाट जारी भएको मिति २०६९।८।७ को बोलपत्र अनुसार विपक्षीहरूले हाम्रो हक भोगको कि.नं. ३४७, ६२३, ६२४ र ६२५ को जग्गामा हाम्रो मन्जुरी बेगर जबरजस्ती गैरकानूनी रूपमा सीमा प्रहरी चौकी, बलराको लागि कार्यालय ब्यारेक, शौचालय र भान्सा घरसमेतको निर्माण कार्य गर्न लागेकोले उक्त बोलपत्रअनुसार भए गरेको सम्पूर्ण कार्य उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्ने निवेदकहरूको निवेदन दाबीतर्फ विचार गर्दा, सीमा प्रहरी चौकी, बलराको लागि कार्यालय ब्यारेक, शौचालय र भान्सा घर निर्माणको लागि प्रहरी प्रधान कार्यालय, नक्सालबाट मिति २०६९।८।७ मा गोरखापत्रमा बोलपत्र आह्वान भएको मिसिल संलग्न उक्त बोलपत्रको प्रतिलिपिबाट देखिन्छ भने उक्त बोलपत्र आह्वान भएको कुरा विपक्षीहरूले समेत आफ्नो लिखित जवाफमा स्वीकार गरेकै देखिने।

सीमा प्रहरी चौकी बलराको लागि कार्यालय ब्यारेक, शौचालय र भान्साघरसमेत निर्माण गर्न उपर्युक्त बोलपत्र आह्वान गरिएको भए तापनि उक्त बोलपत्रअनुसारको निर्माण कार्य यी निवेदकहरूले दाबी गरेको कि.नं. २४७, ६२३, ६२४ र ६२५ को जग्गामा गर्न लागेको होइन। ईलाका प्रहरी चौकी बलराले भरथप्रसाद सिंहबाट राजीनामा पारित गरी खरिद गरेको जिल्ला सर्लाही, बलरा गा.वि.स. वडा नं. ५ स्थित कि.नं. ६५७ को क्षेत्रफल ०-२-१० जग्गामा उक्त निर्माण कार्य भइरहेको छ भनी विपक्षीहरूले जिकिर लिएको देखिन्छ। यसै लगाउको ०७३-AP-०४०१ को अदालतको अपहेलना मुद्दामा यी निवेदकहरूले दिएको निवेदनको प्रकरण २ मा विपक्षीहरूले हामी निवेदकहरूको जग्गा भन्दा बेग्लै जग्गा खरिद गरी लिएको जग्गामा सीमा प्रहरी चौकी, बलराको अत्याधुनिक भवन निर्माण गरी आफ्नो कार्यालय स्थापना गरी भोग चलन गरी आएका छन् भनी खुलाएबाट समेत उक्त बोलपत्रअनुसारको निर्माण कार्य यी निवेदकहरूले दाबी गरेको जग्गामा भएको नदेखिने।

साथै निवेदकतर्फबाट बहस गर्न उपस्थित हुनुभएका विद्वान् कानून व्यवसायीहरूसमेतले उपर्युक्त बोलपत्रबमोजिम सीमा प्रहरी चौकी बलराको कार्यलाय ब्यारेक, शौचालय र भान्साघरसमेतको निर्माण कार्य यी निवेदनकहरूले दाबी गरेको जग्गामा नभई अर्कै जग्गामा भएकोले बोलपत्रअनुसार भए गरेको सम्पूर्ण कार्य उत्प्रेषणको आदेशले बदर गरिरहनु आवश्यक छैन भनी प्रस्तुत गर्नुभएको बहससमेतको आधारमा बोलपत्रअनुसारको निर्माण कार्य यी निवेदकहरूले दाबी गरेको जग्गामा नभई सीमा प्रहरी कार्यालय, बलराले खरिद गरेको अर्कै जग्गामा भएकोमा समेत विवाद नदेखिने।

प्रहरी प्रधान कार्यालय नक्सालको मिति २०६९।८।७ को बोलपत्रअनुसार सीमा प्रहरी चौकी, बलराको कार्यालय ब्यारेक, शौचालय र भान्साघरसमेतको निर्माण कार्य यी निवेदकहरूले दाबी गरेको जग्गामा नभई सीमा प्रहरी चौकी, बलराले खरिद गरेको अर्कै जग्गामा भएको देखिँदा निवेदकको मागदाबीबमोजिम उक्त बोलपत्रअनुसार भए गरेको कार्यहरू उत्प्रेषणको आदेशले बदर गर्नुपर्ने अवस्था विद्यमान नदेखिने।

अतः उत्प्रेषणको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन जिकिर खारेज हुने र रिट निवेदकहरूले दिएको मुआब्जा पाउँ भन्ने निवेदनमा निवेदन मागबमोजिम हुने नहुने विषयमा आवश्यक कारबाही तथा निर्णय गर्नु भनी विपक्षीहरूका नाममा

परमादेशको आदेश जारी हुने। विपक्षीहरूका नाममा परमादेश जारी हुने र उत्प्रेषणको आदेश जारी गरिपाउँ भन्ने निवेदन जिकिर खारेज हुने ठहरेकाले यस अदालतबाट मिति २०६९।१२।२६ मा जारी भएको अन्तरिम आदेशसमेत निस्कृय हुने।

इजलास अधिकृत : अरूणकुमार कोइराला

कम्प्युटर : समी नेपाली

**इति संवत् २०७६ साल माघ ९ गते रोज ५ शुभम्।**

- *यसै लगाउको ०७१-MS-००३४, अदालतको अवहेलना, संजयकुमार सिंहसमेत वि. प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंको प्रहरी महानिरीक्षक उपेन्द्रकान्त अर्यालसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**१७**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७५-CR-२१९१, कर्तव्य ज्यान, नेपाल सरकार वि. शेर सिंह महरासमेत*

प्रतिवादी शेर सिंह महराले मृतकलाई मार्नुपर्ने सम्मको कुनै रिसइवी नदेखिएको, मृतकलाई मार्न कुनै पूर्वतयारी गरेको नदेखिएको र यी प्रतिवादीले मृतकलाई मार्ने कुनै मनसायसमेत राखेको नदेखिएको भए तापनि मृतक र प्रतिवादीहरूले अत्याधिक रक्सी सेवन गरेको कारण वादविवाद भई सामान्य कुटपिट र धकेला धकेल हुँदा यी प्रतिवादी शेर सिंह महराले रक्सीले मातिएको अवस्थामा मृतक गणेश सिंह महरालाई धकेलेको कारण मृतक नहरको पानीमा लडी निजको मृत्यु भएको देखिँदा प्रतिवादी शेर सिंह महराको सामान्य हेलचेक्राइको कारण भवितव्यबाट मृतक गणेश सिंह महराको मृत्यु भएको भन्ने देखिने।

अर्का प्रतिवादी भवान सिंह महराले मृतक गणेश सिंह महरालाई कुटपिट तथा धेकला धकेल जस्तो कुनै कार्य गरेको नदेखिएको, मृतक गणेश सिंह महराले नै यी प्रतिवादीलाई थप्पड हानेको देखिएको, गणेश सिंह महरा नहरको पानीमा डुब्दा बाहिर निकालेर आगो बाली सेक्ने काम गरी निजको पत्नीलाई समेत फोनमा जानकारी दिएको देखिँदा यी प्रतिवादीको मृतकलाई मार्ने कार्यमा संलग्नता नदेखिएकोले यी प्रतिवादी भवान सिंह महरालाई अभियोग मागदाबीबाट सफाइ दिने र अर्का प्रतिवादी शेर सिंह महरालाई भवितव्यमा कम सजाय गर्ने ठहर गरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसला मनासिब देखिँदा यी दुवैजना प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम मृतक गणेश सिंह महरालाई कर्तव्य गरी मारेको कसुरमा सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी शेर सिहं महराले अत्याधिक मादक पदार्थ खाएर मातेको अवस्थामा मृतक गणेश सिंह महरालाई धकेलेको कारण मृतक नहरको पानीमा लड्न गई भवितव्यबाट मृतकको मृत्यु भएको देखिँदा उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. मा उल्लिखित कसुर देखिन आउँदा सोही महलको ६ नं. अनुसार निज पुनरावेदक प्रतिवादी शेर सिहं महरालाई १(एक) वर्ष ९(नौ) महिना कैद हुने र मृतकलाई मार्ने कार्यमा प्रतिवादी भवान सिंह महराको संलग्नता नदेखिँदा निजले अभियोग मागदाबीबाट सफाइ पाउने ठहऱ्याई उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट भएको मिति २०७५।८।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । यी दुवैजना प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने

पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : अरूणकुमार कोइराला

कम्प्युटर : हर्क माया राई

**इति संवत् २०७७ साल असार ७ गते रोज १ शुभम्।**

**१८**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७५-CR-१०७४, ठगी, नेपाल सरकार वि. राजेन्द्र गुरूङसमेत*

जाहेरवालाले पेस गरेको प्रतिवादीहरूले गरिदिएको तीनवटै लिखतमा जाहेरवालालाई वैदेशिक रोजगारमा जापान पठाउन रकम बुझी लिएको भन्ने उल्लेख नभई तीनैवटा लिखत सामान्य लेनदेन प्रकृतिको भएको देखिएको, प्रतिवादीहरूले आरोपित कसुरमा पूर्णरूपले इन्कार रही बयान गरेको, जाहेरवालाले प्रतिवादीहरूबाट अदालतमा मुद्दा पर्नुभन्दा अगाडि र मुद्दा परेपछि पनि भाखा राखी पुन: अर्को कागज गराएको देखिएको र स्वयम् जाहेरवालाले बकपत्र गर्दासमेत लेनदेन प्रकृतिको कागज भएको हो भनी स्वीकार गरेको अवस्था हुँदा प्रस्तुत वारदात ठगीको प्रकृतिको वारदात नभई साहु र असामीबिचको लेनदेन प्रकृतिको कारोबारसम्म भएको देखिएकोले प्रतिवादीहरूलाई अभियोग मागदाबीबाट सफाइ दिने ठहर गरेको उच्च अदालत पाटनको फैसला मिलेको देखिँदा प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम ठगीको कसुरमा सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरूले जाहेरवालालाई वैदेशिक रोजगारमा जापान पठाउने भनी जाहेरवालासँग रकम लिई जाहेरवालालाई जापान पनि नपठाएको र लिएको रकमसमेत फिर्ता नगरी प्रतिवादीहरूले ठगीको कसुर गरेको भन्ने अभियोग मागदाबी वादी नेपाल सरकार तर्फबाट तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि गर्न सकेको नदेखिएको र मिसिल संलग्न कागज प्रमाणहरूबाट जाहेरवाला र प्रतिवादीबिच रकम लेनदेनको कारोबारसम्म भएको देखिँदा प्रतिवादीहरू उषा गुरूङ, नन्दकुमार गुरूङ र राजेन्द्र गुरूङले अभियोग मागदाबीबाट सफाइ पाउने र प्रस्तुत मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम लेनदेनमा परिणत गरिदिने गरी उच्च अदालत पाटनबाट मिति २०७५।२।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : अरूणकुमार कोइराला

कम्प्युटर : हर्क माया राई

**इति संवत् २०७७ साल असार ७ गते रोज १ शुभम्।**

१९

**मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७१-CR-०४५७, बन्दीप्रत्यक्षीकरण, जोगेन्द्रप्रसाद कलवार वि. नेपाल सरकारसमेत*

नेपाल बैंक लिमिटेड उपशाखा प्रबन्धक केदारबहादुर चौहानको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी पुनरावेदक / निवेदक जोगेन्द्रप्रसाद कलवारसमेत भएको संवत् २०६४ सालको फौ.नं.७९(५१-०६४-७७९) भएको बैंक ठगी मुद्दामा सुरू पर्सा जिल्ला अदालतबाट भएको फैसलाबमोजिम यी पुनरावेदक/निवेदक जोगेन्द्रप्रसाद कलवारलाई लागेको कैद वर्ष १ र जरिवाना रू.१३, ३३, ३३३।३३ कार्यान्वन गर्ने सिलसिलामा पर्सा जिल्ला अदालतको च.नं.१०६३९ मिति २०७१।०१।०७ गतेको कैदी पुर्जीबमोजिम यी पुनरावेदक कारागार कार्यालय पर्सामा थुनामा रहेकोमा कारागार कार्यालय पर्साको च.नं.३५०० मिति २०७३।०३।०६ को पत्रबाट

कैद भुक्तान गरी जरिवानासमेत दाखेल गरी मिति २०७३।०३।०६ मा थुनाबाट मुक्त भइसकेको भन्ने कुराको जानकारी निजले मिति २०७३।०३।१४ मा यस अदालतमा दिएको निवेदन बेहोराबाट देखिन आयो । तसर्थ, पुनरावेदक / निवेदक नै थुनामुक्त भइसकेको देखिँदा प्रस्तुत रिट निवेदनको औचित्यसमेत समाप्त भइसकेको हुँदा सोसमेतका आधारमा प्रस्तुत पुनरावेदनको औचित्यमा प्रवेश गरी पुनरावेदन जिकिरअनुसार निजलाई सुनवाइको मौकाबाट वञ्चित गर्ने गरी प्राकृतिक न्यायको सिद्धान्तविपरीत पर्सा जिल्ला अदालतबाट भएको फैसलाअनुसार गैरकानूनी रूपमा थुनामा राखिएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाउँ भनी दिएको निवेदन खारेज हुने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको आदेश / फैसला उल्टी गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्छ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अत: पुनरावेदन अदालत हेटौडाबाट रिट खारेज हुने ठहर गरी भएको मिति २०७१।०५।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : उषा श्रेष्ठ

कम्प्युटर : समी नेपाली

**इति संवत् २०७६ साल फागुन १६ गते रोज ६ शुभम् ।**

## इजलास नं.३

### २०

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, *०७५-RB-१००५, बैंकिङ कसुर, नेपाल सरकार वि. तिलककुमार थापा*

आफूले जाहेरवालालाई दिन बाँकी रहेको रकम बुझाई सकेकोले जाहेरवालाले गरिदिएको भरपाई कागज प्रमाण लगाइपाउँ भनी मिति २०७५।९।२४ को सक्कल भरपाई पेस गरी प्रतिवादी तिलककुमार थापाले मिति २०७५।९।३० गते अदालतमा बयान गरेको देखिएको छ भने मैले रकम प्राप्त गरी गरिदिएको भर्पाई प्रतिवादीले बयानसाथ पेस गरेको ठिक साँचो हो । प्रतिवादीले चुक्ता गरिसक्नुभयो भनी जाहेरवालाले मिति २०७५।११।७ गते अदालतमा आई बकपत्र गरिदिएको देखिएको छ भने प्रतिवादी तिलककुमार थापाको साक्षीले समेत सोही बेहोराको बकपत्र गरिदिएको देखिएकोले निज प्रतिवादीको अदालतमा भएको बयान समर्थित भएको देखिएको ।

यसर्थ छत्तिसलाख रकमको दुईवटा चेक सटही गर्न जाँदा प्रतिवादीको खातामा पर्याप्त रकम नरहेको भनी चेक फिर्ता दिएको र प्रतिवादीलाई पटक पटक चेकबाट रकम सटही भएन रकम दिनु पऱ्यो भन्दा नदिएकोले पक्राउ गरी बैंकिङ कसुरमा सजाय गरिपाउँ भनी जाहेरी दरखास्त परेकोमा तेइस लाख रकमको मात्र चेक बाउन्स भएको भनी लिएको अभियोग दाबीमा फौजदारी मुद्दाको प्रकृति र स्वरूपका आधारमा कानूनबमोजिम अभियोग दाबी लिएको भन्ने नदेखिनुका साथै कसुर पुष्टि हुने आधार प्रमाण रहेको पनि देखिएन । जाहेरवालाले प्रतिवादीबाट दाबीको रकम लिन बाँकी रहेको नदेखिएको यस स्थितिमा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुरमा सोही ऐनको दफा १५(१) बमोजिम सजाय नगरी भएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७६।१।११ को फैसला बदर गरी अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भनी लिएको पुनरावेदन जिकिर मनासिब रहेको नदेखिने ।

प्रतिवादीबाट आफूले पाउनुपर्ने बिगो पाइसकेको भनी जाहेरवालाले अदालतमा बकपत्र गरेकोसमेत देखिएको र व्यक्तिगत प्रकृतिको लेनदेनको विषयमा रकम पाइसकेको अवस्थामा अभियोग दाबीबमोजिम सजाय गर्नु कानूनी तथा न्यायिक दृष्टिकोणबाट उपयुक्त हुने नदेखिएकोले अभियोगसहित पेस भएको पैंतिस लाख रूपैयाँको चेकको सम्बन्धमा केही रकम बुझी कसुरको प्रकृति र स्वरूप नै परिवर्तन भएको देखिएकोले प्रतिवादीलाई तेइस लाख रूपैयाँ बिगो कायम गरी बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) को कसुरमा सोही ऐनको दफा १५(१) बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबी पुग्न नसकी प्रतिवादीले सफाइ पाउने ठहऱ्याई उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७६।१।११ मा भएको फैसला मिलेको देखिएकोले सदर हुने।

इजलास अधिकृत: ऋतबहादुर पुलामी मगर

कम्प्युटर : रवि दुवाल

**इति संवत् २०७६ साल चैत्र ३ गते रोज २ शुभम्।**

**२१**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७६-RB-००७३, बैंकिङ कसुर, नेपाल सरकार वि.सुरजकुमार सर्राफ*

बैंकिङ कसुर तथा सजाय (पहिलो संशोधन, २०७३) ऐन, २०६४ को दफा ३ (ग) मा कसैले पनि बैंक वा वित्तीय संस्थामा खाता खोल्दा वा रकम भुक्तानी माग गर्दा आफ्नो खातामा मौज्दात रकम नभएको जानीजानी चेक काटी दिन हुँदैन भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। सोही ऐनको दफा १५ को उपदफा (१) मा “कसैले दफा ३ बमोजिमको कुनै कसुर गरेमा बिगो खुलेकोमा बिगो भराई बिगोबमोजिम जरिबाना र तीन महिनासम्म कैद र दफा ११ बमोजिमको कुनै कसुर गरेमा बिगो भराई बिगोबमोजिमको जरिवाना हुनेछ” भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। प्रतिवादी सुरजकुमार सर्राफबाट जाहेरवाला राकेशकुमार यादवलाई बिगो दिलाई भराई पाउन पुनरावेदन जिकिर नै नरहेको यस अवस्थामा बिगोबमोजिम जरिबाना गरिपाउँ भन्ने पुनरावेदन जिकिर युक्तिसङ्गत रहेको भन्ने देखिन नआएकोले उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जबाट प्रतिवादीलाई बिगोबमोजिम जरिवाना नगरेको हदसम्म भएको उक्त फैसला त्रूटिपूर्ण भै बदरभागी रहेको भन्ने पुनरावेदन जिकिर र विपक्षी झिकाइपाउँ भन्ने पुनरावेदकको तर्फबाट प्रस्तुत भएको बहस जिकिरसमेतसँग सहमत हुन नसकिने।

रकम नभएको खाताको चेक प्रतिवादीले काटेको चेक बाउन्स भएको प्रमाणबाट पुष्टि भएको देखिएकोले प्रतिवादी सुरजकुमार सर्राफलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) को कसुर गरेमा सोही ऐनको दफा १५(१) बमोजिम १८ (अठार) दिन कैद सजाय हुने र अभियोग दाबीको चेक बापतको रकम जाहेरवालाले पाइसकेको भनी जाहेरवालाको बकपत्र, सो रकम जाहेरवालालाई बुझाएको निवेदनसाथ प्रतिवादीले पेस गरेको भरपाई कागज आफूले गरी दिएको भनी जाहेरवाला राकेशकुमार यादवले सनाखतसमेत गरी दिएको देखिँदा अभियोग दाबीबमोजिमको बिगो जाहेरवालालाई भराई दिन बाँकी नहुँदा सो बिगो भराई रहन नपरी बिगो दाबीबमोजिम प्रतिवादीलाई जरिवाना गर्नु नपर्ने ठहऱ्याई उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जबाट मिति २०७६।३।३० गते भएको फैसला मनासिब हुँदा

सदर हुने ।

इजलास अधिकृत: ऋतबहादुर पुलामी मगर

कम्प्युटर : रवि दुवाल

**इति संवत् २०७६ साल चैत्र ३ गते रोज २ शुभम् ।**

**२२**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७६-WO-०३०६, उत्प्रेषणयुक्त परमादेश, रामु यादव वि. राष्ट्रिय (निजामती) किताबखानासमेत*

निवेदकलाई मिति २०७४।०३।१५ बाट अनिवार्य अवकाश हुने बेहोराको पूर्व जानकारी नदिएको अवस्थामा निवेदक मिति २०७६।०५।०५ सम्म रूजु हाजिर भई २०७६ भाद्र महिनासम्मको तलब, भत्तालगायतका आर्थिक सुविधा लिनु निवेदकको गल्ती हो भन्न मिल्ने आधार कारण मिसिल प्रमाणबाट देखिंदैन । विपक्षी निजामती किताबखानाले आफ्नो दायित्व समयमा नै पूरा गर्न नसकेको कारण निवेदक अधिक अवधि कार्यरत रहेको अवस्थामा निवेदकले राज्यकोषबाट प्राप्त गरेको आर्थिक सुविधा फिर्ता गर भन्नु प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुने देखिन्छ । विपक्षी निजामती किताबखानाले निवेदकले पेस गरेको सिटरोल र सम्बद्ध प्रमाणहरूको विश्लेषण गरी निजको उमेरको आधारमा निजामती सेवा ऐन र नियमावली अनुरूप निवृत्त हुने अवधि किटान गरी अवधि पुग्नुभन्दा अगावै जानकारी गराउनुपर्नेमा समयमा निवेदकलाई सेवा निवृत्त हुने जानकारी नदिई निजामती सेवा नियमावली, २०५० को नियम १२९क को उपनियम (४) र (५) मा भएको कानूनी व्यवस्था पालना हुनुपर्छ भन्नु विपक्षी निजामती किताबखानाको लागि शोभनीय कार्य होइन। समयमा नै निवेदकलाई मिति २०७३।३।१६ बाट अनिवार्य अवकाश हुने जनाउ दिएको भए यो अवस्था आउने थिएन। यस दृष्टिकोणबाट एकातिर विपक्षी निजामती किताबखानाको कमजोरी वा भूलको परिणाम निवेदकले बेहोर्नु पर्छ भन्न कानून र न्यायको मान्य सिद्धान्तले मिल्ने देखिँदैन भने अर्कोतिर श्रमसम्बन्धी विधिशास्त्रीय मान्यताले कुनै पनि व्यक्तिलाई बिना पारिश्रमिक काममा लगाउने कुरालाई स्वीकार गर्दैन। काम गर्ने व्यक्तिले उचित पारिश्रमिक पाउनुपर्ने मान्यता राख्दछ । विना पारिश्रमिक काममा लगाउँदा श्रम शोषण भएको मानिने र काम गर्ने व्यक्तिले काम गरेको समयको उचित पारिश्रमिक पाउने अधिकारसमेतको हनन् हुन जाने अवस्था हुँदा प्रस्तुत मुद्दामा निवेदकले काम गरेको अवधिको तलब भत्ता बापत प्राप्त गरेको आर्थिक सुविधा राज्यकोषमा फिर्ता गर्नु गराउनु भन्नु मनासिब एवम् न्यायोचित नदेखिने।

विपक्षी निजामती किताबखानाले निवेदकलाई समयमै अवकाशको सूचना नदिएको र अवकाश पाउने मितिभन्दा पछि सरूवा, बढुवा र समायोजनसमेत गरी सेवा गराइरहेको अवस्थामा निवेदकले बढी अवधि सेवा गरेबापत प्राप्त गरेको तलब, भत्तालगायतको सुविधाको रकम निवेदकबाट सरकारी कोषमा दाखिला गराउने गरी विपक्षी निजामती किताबखानाबाट भएको मिति २०७६।०६।०१ को निर्णय र सोही मितिको अवकाशसम्बन्धी पत्र श्रमसम्बन्धी विधिशास्त्र र कानूनी मान्यतासमेतका आधारमा न्यायोचित र विवेकसम्मत देखिएन । विधिसम्मत् तरिकाले कार्यालयमा गरेको कामको सुविधा प्राप्त गर्नु निजको अधिकार हुने देखिँदा निज निवेदकले काम गरेको अवधिको सबै सुविधा प्राप्त गर्ने नै देखिने।

तसर्थ, विपक्षी निजामती किताबखानाले निवेदकलाई मिति २०७४।०३।१४ पश्चात् अधिक अवधि सेवा गरी सोबापत प्राप्त गरेको आर्थिक

सुविधा फिर्ता गर्नु भनी मिति २०७६।०६।०१ मा गरेको निर्णय सो हदसम्म र सो निर्णयका आधारमा गरिएका आर्थिक सुविधा फिर्ता गर्नु भन्ने बेहोराको पत्राचार एवं सोसँग सम्बन्धित सम्पूर्ण कार्यहरू उत्प्रेषणको आदेशले बदर हुने देखिँदा निज निवेदक अवकास भइसकेपछि राष्ट्रिय किताबखानाले तलब, भत्ता, दशैं खर्च, कोषकट्टीलगायतको रकम असुलउपर गर्ने भनी निजामती किताबखानाबाट भएको मिति २०७६।०६।०१ को निर्णय एवं सोही बेहोराको चलानी नम्बर १६५९, मिति २०७६।०६।०१ को पत्र र सोही आधारमा भएका सोसँग सम्बन्धित काम कारबाही कानून प्रतिकूल हुनुका अतिरिक्त प्राकृतिक न्याय र श्रमसम्बन्धी विधिशास्त्रीय मान्यताविपरीत रहेकोले उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदकले मिति २०७४।०३।१४ पश्चात् प्राप्त गरेको अधिक अवधिको पारिश्रमिकलगायतका काम गरेबापतका कानूनबमोजिमका अन्य आर्थिक सुविधाहरू निवेदकबाट फिर्ता नगराई निवेदकको निवृत्तिभरण अधिकारपत्र बनाइदिनु भनी विपक्षीका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: खुमप्रसाद भण्डारी

कम्प्युटर: चन्दनकुमार मण्डल

**इति संवत् २०७७ साल आषाढ ३० गते रोज ३ शुभम्।**

२३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७६-WO-११०७, उत्प्रेषण परमादेश, प्रिन्सा अटोमेटिक प्रा.लि. वि. पर्सा जिल्ला, वीरगन्ज उपमहानगरपालिका स्थित सुख्खाबन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्सासमेत*

भन्सार नियमावली, २०६४ को नियम ३२ को उपनियम (१) मा "**भन्सार गोदाममा रहेको मालवस्तु त्यस्तो गोदाममा दाखिला भएको मितिले ६० दिनभित्र सम्बन्धित मालवस्तु धनीले जाँचपास गराई छुटाउनुपर्ने छ**" भन्ने व्यवस्था रहेको देखिन्छ । मिति २०७६।७।२२ मा एजेन्सी दर्ता एवं आधिकारीक विक्रेताको प्रमाणपत्रको आधिकारिकता पुष्टि गर्ने कुनै थप कागज पेस गर्न नसकेको रिट निवेदक पैठारीकर्ता कम्पनीले मिति २०७६।७।२२ पश्चात् भन्सार नियमावली, २०६४ बमोजिमको **६० दिनको** म्यादभित्र जाँचपासका लागि गएको देखिँदैन । यसरी तोकिएको म्यादभित्र सवारी साधन छुटाई लैजानुपर्ने कानूनी व्यवस्था रहेकोमा निवेदक स्वयंले आवश्यक प्रक्रिया पूरा गरी भन्सार कार्यालयमा जाँचपास गराउन नगएकोले लामो समयसम्म भन्सार कार्यालयमा उक्त गाडीहरू रहन गएको देखिन्छ । COVID-१९ को महामारीका कारण देशभरी नै बन्दाबन्दी रहेकोले निवेदक कम्पनी कानूनबमोजिमको म्यादभित्र जाँचपास गराउन जान नसकेको भन्ने तर्क बहसका क्रममा रिट निवेदकका कानून व्यवसायीहरूबाट इजलाससमक्ष प्रस्तुत भएको पाइयो । तर, मिति २०७६।७।२२ देखि **६० दिने** म्याद सुरू भएकोमा मिति २०७६।९।२२ सम्म उक्त म्याद रहने देखिन्छ । भने, COVID-19 को महामारीको नियन्त्रण गर्नका निम्ति मिति २०७६।११।११ देखि मात्र नेपाल सरकारबाट बन्दाबन्दीको घोषणा गरेको देखिन्छ । यस परिप्रेक्ष्यमा रिट निवेदकले जाँचपास गराउनका लागि कानूनबमोजिमको **६० दिने** म्याद सकेको लगभग १$^{१}/_{२}$ महिना पछि मात्र बन्दाबन्दी लगाइएको सन्दर्भमा रिट निवेदक स्वयम् जाँचपास गराउनका निम्ति भन्सार कार्यालयमा नगएको प्रस्ट हुने ।

मिति २०७७।३।२३ मा भन्सार कार्यालयबाट उक्त सवारी साधनहरू छुटाई लैजाने

सूचना टाँस गरिएको र प.सं.०७६।७७ च.नं.२७८९ मिति २०७७।३।२४ को पत्रबाट आर्थिक ऐन, २०७७ मा भएको व्यवस्थाबमोजिम मालवस्तु जाँचपास गर्न जानकारी दिइएकोमा रिट निवेदकले मिति २०७७।३।२४ मा अविलम्ब गाडी जाँचपास गरी भन्सार छुटाइपाउँ भनी निवेदन दिएको देखिन्छ । यसरी, मिति २०७७।३।२४ मा निवेदन दिंदा २०७७ सालको आर्थिक ऐन लागु भइसकेको अवस्था छ । भन्सार ऐन, २०६४ (संशोधनसहित) को दफा ८ मा "**निकासी वा पैठारी हुने मालवस्तुको महसुल सो मालवस्तु भन्सार कार्यालयबाट जाँचपास गर्ने मितिमा कायम रहेको महसुल दरबमोजिम निर्धारण गरिने छ**" भन्ने स्पष्ट व्यवस्था रहेको पाइन्छ । मिति २०७६।७।२२ पश्चात् ६० दिने म्यादभित्र जाँचपासका लागि भन्सार कार्यालय नगएको रिट निवेदकले मिति २०७७।३।२४ मा मात्र जाँचपासका लागि निवेदन दिएकोमा उक्त मितिमा खारेज भइसकेको आर्थिक ऐन, २०७६ बमोजिमको महसुल बुझाई गाडी छुटाउन पाउनुपर्ने भनी राखेको माग कानूनी मूल्य-मान्यता विपरीत देखियो । साथै, भन्सार कार्यालयबाट मिति २०७७।३।२४ मा आर्थिक ऐन, २०७७ बमोजिमको महसुलदर र सो कानूनबमोजिमको दस्तुर बुझाइ गाडी लानको लागि जानकारी गराएकोमा सो जानकारीका सम्बन्धमा कुनै उल्लेख नै नगरी रिट निवेदन दायर गरेबाट रिट निवेदक सफा हात लिएर अदालत आएको भन्ने पनि नदेखिने ।

Exporter Jameson Carter UK नामक कम्पनी Audi-AG Germany को आधिकारीक विक्रेता रहे-नरहेको भन्ने सन्दर्भमा भन्सार कार्यालयबाट सोको आधिकारीकता पुष्टि हुने कागजातहरू माग हुँदा रिट निवेदक कम्पनीले सोको आधिकारीकता पुष्टि हने कागजातहरू पेस गर्न नसकेको, भन्सार नियमावली, २०६४ को नियम ३२ को उप-नियम (१) बमोजिमको **६० दिनको** म्यादभित्र सवारी साधन छुटाई लैजाने अवस्था रहँदा रहँदै पनि निवेदक स्वयंले आवश्यक प्रक्रिया पूरा गरी भन्सार कार्यालयमा जाँचपास गराउन नगएको, साथै रिट निवेककले मिति २०७७।३।२४ मा अविलम्ब गाडी जाँचपास गरी भन्सार छुटाइपाउँ भनी निवेदन दिएको समयमा आर्थिक ऐन, २०७७ लागु रहेको र सो सम्बन्धमा भन्सार ऐन, २०६४ (संशोधन सहित) को दफा ८ मा भएको प्रस्ट व्यवस्थासमेतलाई रिट निवेदकले अवज्ञा गरेको, मिति २०७७।३।२४ मा आर्थिक ऐन, २०७७ बमोजिमको महसुलदर र सो कानूनबमोजिमको दस्तुर बुझाइ लानको लागि भन्सार कार्यालय, पर्साले जानकारी गराएकोमा सो जानकारीका सम्बन्धमा कुनै उल्लेख नै नगरी रिट निवेदन दायर गरेबाट सफा हात लिएर आएको भन्ने पनि नदेखिएको हुँदा रिट निवेदकको मागदाबीबमोजिम आदेश जारी गरिरहनु नपर्ने ।

निवेदन मागबमोजिमको उत्प्रेषणयुक्त परमादेशलगायतका आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: नवीनकुमार यादव

कम्प्युटर : चन्दनकुमार मण्डल

**इति संवत् २०७७ कार्तिक १८ गते रोज ३ शुभम् ।**

**२४**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-WO-०५३७, उत्प्रेषण, राजेन्द्रप्रसाद देउडासमेत वि. श्रम अदालतसमेत*

विपक्षी वीरबहादुर साउदलाई सेवाबाट अवकाश दिनु पूर्व स्पष्टीकरण पेस गर्ने र टिप्पणी उठाउने प्रशासन प्रमुख शंकर सिंह व्यवस्थापक हुन् भन्ने देखिँदैन । कानूनमा नै कामदारको

क्रियाकलापमा अन्तिम निर्णय गर्ने व्यक्ति व्यवस्थापक हुने व्यवस्था भएको अवस्थामा स्पष्टीकरण सोध्ने र टिप्पणी उठाउनेसम्मको काम गर्ने प्रशासन प्रमुखलाई व्यवस्थापकको रूपमा मान्न नमिल्ने।

व्यवस्थापक आफूले प्रयोग गर्न पाउने सजाय गर्ने अधिकार प्रत्यायोजन गर्न कानूनतः मिल्दैन। सजाय गर्ने व्यवस्थापक आफैँले स्पष्टीकरण सोधी सजाय गरेको कार्यमात्र श्रम ऐन, २०४८ को दफा ५३ को उपदफा (१) को दायरा (Ambit) भित्र पर्दछ । गैरव्यवस्थापकले स्पष्टीकरण सोधी अवकाश दिने टिप्पणी उठाएर व्यवस्थापकले सेवाबाट हटाउने गरी गरेको निर्णयमा उक्त दफा ५३ को उपदफा (१) को कार्याविधि अवलम्बन गरेको मान्न मिल्दैन । कानूनले निर्दिष्ट गरेको कार्यविधि अवलम्बन नगरी गरेको निर्णय गैरकानूनी हुने। यसरी व्यवस्थापक आफैँले कारबाही प्रारम्भ गरी आफैँले अन्तिम निर्णय नगरी गैरव्यवस्थापक प्रशासन प्रमुखले प्रत्यायोजित अधिकारअनुसार सोधेको स्पष्टीकरण र टिप्पणीको आधारमा विपक्षी वीरबहादुर साउदलाई सेवाबाट अवकाश दिने व्यवस्थापकको मिति २०७१।११।२६ को निर्णय श्रम ऐन, २०४८ को दफा ५३ र नेकाप २०६८, भाद्र, निर्णय नं.८६११ मा प्रतिपादित सिद्धान्तको विपरीत देखिँदा निवेदक प्रतिष्ठानको मिति २०७१।११।२६ को निर्णय बदर गरेको श्रम अदालतको फैसला कानूनसम्मत देखियो। कानूनसम्मत फैसलालाई गैरकानूनी भनी बदर गरिपाउँ भन्ने निवेदक प्रतिष्ठानको निवेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः श्रम अदालतले विपक्षी वीरबहादुर साउदलाई निवेदक प्रतिष्ठानमा पुनरबहाली गराउने र अवकाशित अवधिको नियमानुसारको तलब, भत्ता र अन्य सुविधा पाउने ठहर गरेको मिति २०७२।८।१० को फैसलामा कुनै कानूनी त्रूटि रहेको नदेखिएको साथै उक्त फैसलाबाट निवेदक प्रतिष्ठानको संविधान प्रदत्त संवैधानिक हक र कानून प्रदत्त कानूनी हकमा आघात पुगेको भन्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला / टीकाबहादुर थापा

कम्प्युटर: चन्दनकुमार मण्डल

**इति संवत् २०७८ साल वैशाख १३ गते रोज २ शुभम्।**

## इजलास नं.४

२५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७६-RC-००६१, कर्तव्य ज्यान (साधक), नेपाल सरकार वि. रविन्द्रबहादुर थापा*

लासको घाँटीमा सल बेरिएको भन्ने लासजाँच मुचुल्का रहेको छ । त्यस्तै शव परीक्षण प्रतिवेदनमा मृत्युको कारणमा Asphexia due to strangulation भनी उल्लेख भएको हुँदा मृतकको घाँटीमा सल बेरी मारेको भन्ने अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान सो शव परीक्षण प्रतिवेदनबाट समर्थित भएको छ। घाँटीका हड्डीहरू Fracture भएको भन्ने शव परीक्षण प्रतिवेदनले प्रतिवादीको सो साबिती बयानलाई थप पुष्टि गरेको छ । यसबाट यी प्रतिवादी रविन्द्र बहादुर थापाले मृतक भारती राईलाई जङ्गलमा लगी मृतकको घाँटीमा रहेको सलले निजको घाँटीमा कसी मारेको र तत्पश्चात् उक्त लास सोही ठाउँमा खाल्डो खनी गाडेर त्यहाँबाट निज प्रतिवादी भागी लुकीछिपी बस्दै आएको तथ्य पुष्टि हुन आउने।

प्रतिवादी रविन्द्र बहादुर थापाले मृतक

भारती राईलाई कर्तव्य गरी मारी साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. बमोजिमको कसुर गरेको देखिँदा निज प्रतिवादीलाई सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७४।१०।२१ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(क) मा कुनै कसुरको सजाय साबिक ऐनमा मुलुकी अपराध संहितामा लेखिएको भन्दा बढी रहेछ भने संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ भन्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा सर्वस्वसहित जन्मकैदको व्यवस्था नभएको र ऐ. को दफा १७७(२) मा ज्यान मार्ने कसुर गर्ने र गराउने व्यक्तिलाई जन्मकैदको सजाय हुने छ भन्ने कानूनी व्यवस्था रहेकोले सुरू बर्दिया जिल्ला अदालतबाट साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम प्रतिवादी रविन्द्र बहादुर थापालाई सर्वस्वसहित जन्मकैदको सजाय गरेको फैसलालाई उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट सदर गरेकोमा सर्वस्व गरेको हदसम्मको उक्त फैसला कायम नरही प्रस्तुत मुद्दामा यी प्रतिवादी रविन्द्रबहादुर थापालाई जन्मकैदको मात्र सजाय हुने।

फैसला तयार गर्नेः- शा.अ. कल्याण खड्का

**इति संवत् २०७६ साल माघ २ गते रोज ५ शुभम्।**

**२६**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७२-CR-०२६६, जालसाजी, बसन्ता तिउराइन वि. कुमारी लक्ष्मी देवीसमेत*

वादी वसन्ता तिउराइन आफैँ मालपोत कार्यालय, कपिलवस्तुमा उपस्थित भई मिति २०६७।११।२६ मा माथि उल्लिखित ५ थान हालैदेखिको बकसपत्र लिखत पारित गराइदिएको पाइन्छ। सो क्रममा कानूनबमोजिम अधिकारप्राप्त निकाय मालपोत कार्यालयले मुलुकी ऐन, रजिस्ट्रेसनको महलको २२ नं. ले निर्दिष्ट गरेको कानूनी व्यवस्थाबमोजिमको प्रक्रिया पूरा गरी रीतपूर्वक लिखत पारित गरिदिनुपर्ने हुन्छ । अर्थात् हक छाडिदिने व्यक्तिलाई सो लिखतबाट हुने परिणामको सम्बन्धमा मालपोत कार्यालयका अधिकारीले जानकारी गराएर मात्र हक हस्तान्तरण गर्ने हुँदा यसरी पारित भएको लिखतलाई जालसाजपूर्ण रहेको कुरा प्रमाणित नभएसम्म रीतपूर्वकै पारित भएको मानिने।

पुनरावेदक वादी आफैँले आफ्नो नाममा रहेको जग्गाहरूलाई स्वइच्छाले मालपोत कार्यालयमा उपस्थित भई रजिस्ट्रेसन पारित गरिदिएको देखिन्छ। निजका तर्फबाट कुनै सन्तान नरहेको र नजिकको हकवाला पनि नभएकोले निजका हकवालाहरू संरक्षकमा बस्ने अवस्था नै रहेन। साथै निजले दाबीका लिखत एवं त्यसपछि पनि अन्य लिखतहरू पारित गरी आफ्नो नाउँका जग्गाहरू अन्य व्यक्तिका नाउँमा हक हस्तान्तरण गरिदिँदा कोही कसैलाई संरक्षकको रूपमा नराखी एकलौटी रूपमा लिखत पारित गरिदिने गरेको देखिन्छ । यसैगरी प्रस्तुत जालसाजी मुद्दा दिने क्रममा पनि निज वादी आफैँले मुद्दा गरेको अवस्था छ। हकवालालाई थाहा नदिई वा नहुने गरी गरिने कार्य मात्र जालसाज हुने हो । यस्तो अवस्थामा मानसिक रूपमा स्वस्थ यी वादीले आफ्नो नाममा दर्ता रहेको जग्गाहरू दाबीको बकसपत्र लिखतमार्फत हक हस्तान्तरण गर्ने गरेको तथ्यलाई

हाल आएर जालसाजीको संज्ञा दिन मिल्ने नदेखिने ।

मालपोत कार्यालय, कपिलवस्तुबाट मिति २०६७।११।२६ मा पारित र.नं. २१४६०६ देखि र.नं. २१४६१० सम्मका विवादित ५ थान हालैदेखिको बकसपत्र लिखतहरू जालसाजी ठहर गरिपाउँ भन्ने फिराद दाबी नपुग्ने ठहर गरी सुरू कपिलवस्तु जिल्ला अदालतबाट भएको फैसलालाई सदर हुने ठहराएको तत्कालीन पुनरावेदन अदालत, बुटवलको मिति २०७०।११।१३ को फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक वादी वसन्ता तिउराइनको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः कल्याण खड्का

कम्प्युटर: राधिका घोरासाइने

**इति संवत् २०७६ साल माघ २ गते रोज ५ शुभम् ।**

**२७**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७६-RC-००१८, कर्तव्य ज्यान (साधक), नेपाल सरकार वि. सञ्जिलाकुमारी यादव, साह*

प्रतिवादी सञ्जिलाकुमारी यादव स्वयंले मृतक प्रमोदकुमार साहलाई गालामा एक थप्पड हान्दा निज छेउमा राखेको टेबुलमा ठोक्किई भुइँमा लडी लल्याकलुलुक भएको र धेरै बेरसम्म पनि होसमा नआएपछि घाँटीमा हातले थिची मारेको भनी गरेको साबिती बयान लासजाँच प्रकृति मुचुल्का एवं मृतकको शव परीक्षण प्रतिवेदनबाट पुष्टि भएको छ । साथै घरमा परिवारका अन्य सदस्यहरू कोही पनि नरहेको अवस्थामा यी प्रतिवादी सञ्जिलाकुमारी यादव साहले मृतक प्रमोदकुमार साहलाई कर्तव्य गरी मारिसकेपछि निजको लास दबाउने छिपाउने उद्देश्यले उक्त लास पुलमुनि लगी फालेको भन्ने तथ्यलाई पनि निज प्रतिवादी आफैँले स्वीकार गरेकी छिन् । यसबाट प्रतिवादी सञ्जिलाकुमारी यादव साहले मृतक प्रमोदकुमार साहलाई कुटपिट गरी घाँटी थिची मारेको र मृतक लासलाई दबाउन पुलमुनि फालेको भन्ने तथ्य पुष्टि हुन आउने ।

निज प्रतिवादी सञ्जिलाकुमारी यादव साहलाई अभियोग माग दाबीबमोजिम साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. को कसुर अपराधमा सोही १३(३) नं. अनुसार जन्मकैदको सजाय हुने र सोही महलको ४ नं. बमोजिम थप ६ महिना कैदसमेत हुने ठहरी भएको सुरू सप्तरी जिल्ला अदालतको फैसला सदर गर्ने गरेको उच्च अदालत जनकपुर, राजविराज इजलासको मिति २०७५।०९।०२ को फैसला मिलेकै देखिँदा उक्त फैसलालाई अन्यथा गरिरहनुपर्ने अवस्था नरहने ।

प्रतिवादी सञ्जिलाकुमारी यादव साहलाई अभियोग मागदाबीबमोजिम साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई उच्च अदालत जनकपुर, राजविराज इजलासबाट जाहेर भएको साधक मनासिब हुँदा साधक सदर हुने ।

मिसिल संलग्न कागज प्रमाणहरूबाट यी प्रतिवादी सञ्जिलाकुमारी यादव साहलाई अभियोग दाबीअनुसार जन्मकैदको सजाय हुने देखिएपनि यी प्रतिवादीको मृतकलाई मार्नुपर्ने पूर्वरिसइवी रहेको देखिँदैन । मनसायपूर्वक पूर्व तयारीका साथ घटना घटाएको भन्ने पनि देखिँदैन । यी प्रतिवादीले अनुसन्धानको क्रममा र अदालतमा समेत बयान गर्दा सम्पूर्ण घटनाक्रम उल्लेख गरी आफू अभियोग दाबीको कसुरमा साबिती रही अनपेक्षित रूपमा घटेको उक्त वारदातको परिणामप्रति पश्चाताप गर्दै बयान गरेकी छिन् ।

दिदीसँग भोजमा जान नपाएको भनी मृतक देवर रूँदा प्रतिवादीको छोरी पनि रोएकोले यसबाट प्रतिवादीलाई तत्काल रिस उठी मृतकलाई घाँटीमा समाती धकेल्दा टेवुलमा टाउको ठोक्किएको र मृतकलाई कर्तव्य गरी मारेको भन्ने देखिएको छ । आफ्नै घरमा बसेको नाबालक देवरलाई झगडा गरी रूने कराउने गरेको अवस्थामा भएको घटना वारदातको परिस्थितिसमेतलाई विचार गर्दा निज प्रतिवादी सञ्जिलाकुमारी यादव साहलाई ठहर भएअनुसारको सजाय गर्दा चर्को पर्ने देखिन आएकोले साबिक मुलुकी ऐन, अ.बं. १८८ नं. एवं फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क को उपदफा (१) बमोजिम १० वर्ष कैदको सजाय हुने ।

फैसला तयार गर्नेः- शा.अ. कल्याण खड्का

**इति संवत् २०७६ साल माघ २ गते रोज ५ शुभम् ।**

**इजलास नं.५**

**२८**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७४-CR-०४९९, ०७४- CR-०६२१, जबरजस्ती करणी तथा अप्राकृतिक मैथुन, जगदिशप्रसाद अग्रवाल वि. नेपाल सरकार, नेपाल सरकार वि. जगदिश अग्रवाल*

जाहेरवालाहरू तथा पीडित नाबालकहरू परिवर्तित नाम जनसेवा ६(१) र ७(१) समेतले अदालतमा गरेको बकपत्रबाट प्रतिवादी जगदिशप्रसाद अग्रवालले पीडित नाबालकलाई पैसा र चक्लेट दिने प्रलोभन देखाई आफ्नो गोदाममा पुऱ्याई जबरजस्ती करणी तथा अप्राकृतिक मैथुन गरेको तथ्य समर्थित भएको देखिन्छ । गोदाम पसलमा पैसा माग्न आउँदा झपारेर पठाएको, पैसा नदिएको भन्नेसम्मको कारणबाट यस प्रकारको अभियोग लगाइएको होला भनी सन्देह गर्ने कुनै मनासिब आधार र कारण देखिँदैन । कलिलो उमेरका पीडित बालकहरूले झुट्टा वा बनावटी कुरा गरी प्रतिवादीलाई फसाउनुपर्ने कारण र अवस्था पनि देखिएन । स्वाभाविक र मालाकार रूपमा घटनाक्रम खुलाई जाहेरी, घटना विवरण कागज र बकपत्र भएको देखिँदा यसलाई प्रमाणमा ग्रहण गर्न मिल्ने नै देखिएको ।

अतः प्रतिवादी जगदिशप्रसाद अग्रवाललाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ९ क. नं. बमोजिमको कसुर गरेकोमा सोही महलको ३(१) नं. बमोजिम १०(दश) वर्ष र ऐ. ९क. नं. बमोजिम थप १ (एक) वर्षसमेत गरी कूल ११ (एघार) वर्ष कैद हुने र सोही महलको १०क. नं. बमोजिम प्रतिवादीबाट पीडित परिवर्तित नाम जनसेवा ६(१) र ७(१) ले जनही रू.२५, ०००।- का दरले क्षतिपूर्तिसमेत भरी पाउने ठहर गरेको सुरू फैसला सदर गरेको उच्च अदालत पाटनको मिति २०७४/३/१३ को फैसला मनासिब देखिँदा सदर हुने ।

निज प्रतिवादीले २०३७ सालमा लिएको नेपाली नागरिकताको प्रमाणपत्रमा उमेर वर्ष २८ भनी उल्लेख भएको पाइयो । निजले २०७१ सालमा बयान गर्दा आफ्नो उमेर ६२ वर्ष भनी उल्लेख गरेको देखिन्छ । मिसिल कागजातबाट निजको उमेर हाल ६८ वर्ष भएको छ भन्ने देखिएको छ । वस्तुतः निज प्रतिवादीको उमेर सम्बन्धमा विवाद पनि देखिँदैन । प्रतिवादी जगदिशप्रसाद अग्रवालको स्वास्थ्यमा समस्या रहेको भनी देखिने उपचार / औषधोपचारसम्बन्धी केही कागजातसमेत पेस हुन

आएको पाइयो। ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ को उपदफा (१) (क) बमोजिमको सुविधा निजलाई दिनु नपर्ने कुनै मनासिब कारण रहेको कुरा मिसिलबाट देखिँदैन । यसका अतिरिक्त निवेदक नरध्वज गुरूङ विरूध्द उच्च अदालत पोखरासमेत तथा निवेदक भक्तबहादुर गुरूङ विरूद्ध चितवन जिल्ला अदालतसमेत भएका विवादहरूका सन्दर्भमा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ को उपदफा (१) (क) बमोजिम २५ (पच्चिस) प्रतिशत कैद छुटको सुविधा निजले पाउने नै देखिन आयो। अतः प्रतिवादी जगदिशप्रसाद अग्रवाललाई भएको कूल ११ (एघार) वर्ष कैदमध्ये २५% ले हुन आउने २ (दुई) वर्ष ९ (नौ) महिना कैद छुट दिई निजलाई कूल ८ (आठ) वर्ष ३ (तीन) महिना कैदमा राख्ने ठहर्ने।

इजलास अधिकृत : मोहनप्रसाद बेलबासे

कम्प्युटर : विजय खड्का

**इति संवत् २०७७ साल कार्तिक २४ गते रोज २ शुभम्।**

**२९**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०७७-WH-००५५, बन्दीप्रत्यक्षीकरण, नवल किशोर साह वि. प्यूठान जिल्ला अदालत*

निवेदक "संकेत नं. ५२(ह)" लाई जबरजस्ती करणी मुद्दामा अदालतबाट भएको फैसलाबमोजिम ठहर भएको कैद सजाय असुलीका सन्दर्भमा बाल सुधार गृहमा राखिएको; यसरी सुधार गृहमा राख्ने सन्दर्भमा कुनै कानून प्रतिकूल कार्य भएको भन्ने देखिन नआएको; अविभावकको जिम्मा लगाउनु नपर्ने कुराको कारण र आधार खुलाई प्यूठान जिल्ला अदालतबाट आदेश भएको देखिएको; र गैरकानूनी रूपमा बन्दी बनाएको कुनै कारण र आधार नदेखिएको हुँदा निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन । बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : वीरेन्द्रबहादुर मल्ल

कम्प्युटर : मन्दिरा रानाभाट

**इति संवत् २०७७ साल आश्विन ४ गते रोज १ शुभम्।**

**३०**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०७७-WH-००२९, बन्दीप्रत्यक्षीकरण, राजमान सुनार वि. काठमाडौं जिल्ला अदालतसमेत*

अतः मिति २०७६/८/१६ मा तामेल भएको भनिएको म्याद तामेली कार्य बेरीतको र कानून प्रतिकूल देखिएको हुँदा निवेदक/प्रतिवादी राजमान सुनारलाई प्रतिवादको उचित अवसर नै प्रदान नगरी भएको काम कारबाहीलाई कानूनअनुकूल भनी ठहर गर्न मिलेन। तसर्थ, मिति २०७६/८/१६ को तामेली म्याद, सोका आधारमा उच्च अदालत पाटनबाट मिति २०७६/११/२१ मा भएको फैसला, सो फैसलाको आधारमा निवेदकलाई पक्राउ गरी थुनामा राखेको कार्यसमेत कानूनअनुकूल नदेखिएकाले **निवेदक राजमान सुनारको हकमा सम्म उत्प्रेषणको आदेशले बदर** गरिएको छ। अब निज निवेदक राजमान सुनारलाई सम्बन्धित कारागारबाट झिकाई विवादित बैंकिङ कसुर मुद्दामा उच्च अदालत पाटनमा उपस्थित गराई निजको बयान लिने, थुनछेक आदेश गर्ने, प्रमाण बुझ्नेलगायतका जे जो प्रक्रिया पूरा गर्नुपर्छ पूरा गरी कानूनबमोजिम मुद्दामा पुनः फैसला गर्नु

भनी उच्च अदालत पाटनका नाउँमा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत:- वीरेन्द्र बहादुर मल्ल

कम्प्युटर : मन्दिरा रानाभाट

**इति संवत् २०७७ साल आश्विन ४ गते रोज १ शुभम्।**

**३१**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७७-WH-००५१, बन्दीप्रत्यक्षीकरण, चेतबहादुर थापा वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत*

कुनै पनि ऐनले कस्तो कार्य कसुर हुने, त्यस्तो कसुर अपराध गरेमा कसुरदारले के कस्तो र कति सजाय पाउने भन्ने कुरा तत् तत् ऐनमा कानूनले नै व्यवस्था गरेको हुन्छ। त्यसरी व्यवस्था गर्दा कसुरको प्रकृति, गाम्भिर्य त्यस्को असरको मात्राको मापन गरिएको हुन्छ । कसुरअनुसारको सजायको दायित्व मात्रै कसुरदाले बहन गर्नुपर्ने हुन्छ । कानूनले स्पस्ट व्यवस्था गरेको समयअवधिभन्दा बढी कैद गर्नु वा जरिवाना गर्नु कानून र न्यायसङ्गत हुँदैन । तत्कालीन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७(१) बमोजिम यी निवेदकलाई कैद वा जरिवाना वा दुवै सजाय हुने व्यवस्था भएकोमा उक्त ऐनको दफा १७(१) मा मिति २०५९।४।२२ मा भएको दोस्रो संशोधनअनुसार बिगोबमोजिमको जरिवानादेखि तीन गुणासम्म थप जरिवाना मात्र हुने र कैदको व्यवस्था नभएको देखिन्छ भने फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ दफा ५ मा हेर्दा **कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ** भन्ने व्यवस्थासमेत देखिन्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७८ ले यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अभियुक्तलाई निजउपर लगाइएको अभियोग प्रमाणित भएमा हुन सक्ने अधिकतम कैदको सजायको अवधिभन्दा बढी अवधिसम्म थुनामा राखिने छैन भन्ने स्पष्ट कानूनी व्यवस्था गरेको छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१(१) मा थुनामा बसेको अवधि कैदमा कट्टा हुने व्यवस्था भएको पाइन्छ । साथै फैसला अन्तिम भई जरिवाना तिर्नुपर्दा पनि किस्ता किस्तामा (बढीमा ३ किस्ता) तिर्न सक्ने ऐ. ऐनको दफा १६२(२) मा व्यवस्था भएको पाइन्छ। जरिवानाबापत कैद गर्दा पनि **दुई वर्ष**भन्दा बढी कैद नहुने मुलुकी अपराध संहिता, २०७४ को दफा ४६(२)(ग) को व्यवस्थाले जरिवानाबापतको कैद र जरिवाना लिने प्रक्रियामा कानूनले उदारता देखाएको परिस्थितिमा निज निवेदक चेतबहादुर थापालाई हुन सक्ने अधिकतम् कैद भन्दा बढी अवधि कैद बसिसकेको देखिँदा निज प्रतिवादी भएको काठमाडौं जिल्ला अदालतको ०६७-C२-०२१५ को सर्तअनुरूप विदेशी मुद्रा प्रयोग नगरेको भन्ने मुद्दामा राखिएको थुनाबाट तत्काल मुक्त गरी पछि मुद्दा फैसला हुँदा ठहरेबमोजिम हुने गरी हाल निज चेतबहादुर थापालाई तारेखमा राखी मुद्दा पुर्पक्ष गर्नु भनी नेपालको संविधानको धारा १३३(२)(३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको।

इजलास अधिकृत : वीरेन्द्रबहादुर मल्ल

कम्प्युटर : मन्दिरा रानाभाट

**इतिसंवत् २०७७ साल असोज ८ गते रोज ५ शुभम्।**

## इजलास नं.६

**३२**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०६८-WO-०२८७, उत्प्रेषण, बसरूदिन अन्सारीसमेत वि. श्रम अदालत, अनामनगर, काठमाडौंसमेत*

रिट निवेदक मेडिकल कलेजले करार अवधि समाप्त भएको भनी विपक्षीलाई सेवाबाट अवकाश दिएकोमा पुनरावेदन सुन्ने अधिकार श्रम अदालतलाई नहुने भन्ने जिकिर सम्बन्धमा हेर्दा, निवेदक मेडिकल कलेज कानूनबमोजिम स्थापना भएको एक निजी प्रतिष्ठान रहेको र सो कलेजमा श्रम ऐन आकर्षित हुने कुरा माथि उल्लेख गरियो। यस्तो प्रतिष्ठानले दिएको कुनै आदेश वा सजायउपर श्रम अदालतमा पुनरावेदन गर्न पाउने वा नपाउने भन्ने सम्बन्धमा **श्रम ऐन, २०४८** को **दफा ६०** को **खण्ड (ग)** मा भएको व्यवस्थालाई हेर्नुपर्ने हुन्छ। उक्त ऐन को **दफा ६०(ग)** ले "**व्यवस्थापक वा अन्य अधिकारी वा कार्यालयले गरेको सजाय र आदेशउपर सम्बन्धित श्रम अदालतमा पुनरावेदन लाग्नेछ"** भनी उल्लेख भएको पाइयो। यसबाट व्यवस्थापक वा अन्य अधिकारी वा कार्यालयले मिति २०६६।०४।१८ देखि काममा नलिने भनी लेखेको पत्रउपर श्रम अदालतमा पुनरावेदन लाग्ने नै देखियो । यसै सम्बन्धमा, *समिट होटल विरूद्ध श्रम कार्यालय, बागमती अञ्चल काठमाडौंसमेत (ने.का.प. २०५८, अङ्क ५/६, नि.नं. ७००८ )* उत्प्रेषण रिटमा *"व्यवस्थापकले कामदारलाई सेवाबाट हटाउने गरी सजाय गरिसकेपछि त्यस्तो आफ्नो आदेश माथि पुनरावलोकन गर्न सक्ने वा सदर बदर गर्न सक्ने वा पूनर्विचार गर्न सक्ने अधिकार व्यवस्थापकलाई श्रम ऐन, २०४८ को कुनै दफाले अधिकार दिएको देखिँदैन । यस्तो अवस्थामा सो सेवाबाट हटाएको आदेशउपर पुनरावेदन गर्न पाउने कानूनी उपचारको बाटो सोही ऐनको दफा ६०(ग) ले त्यस्तो कर्मचारीलाई प्रदान गरी राखेको पाइन्छ"* भनी सिद्धान्त प्रतिपादन भएकोसमेत पाइन्छ । यस अवस्थामा रिट निवेदकको श्रम अदालतमा पुनरावेदन लाग्दैन भन्ने जिकिरसँग सहमत हुन नसकिने।

श्रम ऐन, २०४८ को दफा ५१ मा कर्मचारी वा कामदारले प्रतिष्ठानको क्षेत्रभित्र के-कस्तो आचरण देखाएमा खराब आचरण मानिन्छ भन्नेबारे उल्लेख भएको छ भने दफा ५२ ले दफा ५१ मा उल्लिखित खराब आचरण गर्ने कामदार वा कर्मचारीलाई गरिने सजायको बारेमा व्यवस्था गरेको पाइन्छ। यसैगरी दफा ५३ मा कुनै संस्था वा संगठनले कुनै कामदार वा कर्मचारीलाई सजाय गर्नु अघि पूरा गर्नुपर्ने कार्यविधिबारे व्यवस्था गरेको पाइन्छ। यसरी हेर्दा सेवाबाट निष्कासन सम्बन्धमा निवेदक मेडिकल कलेजले विपक्षी रमेश प्रसाद भट्टराईलाई श्रम ऐन, २०४८ ले निर्दिष्ट गरेको कानूनी व्यवस्था भन्दा भिन्न प्रक्रियाले सेवाबाट हटाएको देखिँदा मिति २०६६।०४।१६ मा निवेदक मेडिकल कलेजले गरेको निर्णय कानूनसङ्गत नदेखिने।

विपक्षी रमेशप्रसाद भट्टराईले मिति २०६२।१०।२० देखि मिति २०६६।४।१७ सम्म सेवामा निरन्तरता दिई श्रम ऐन, २०४८ को दफा ४ को उपदफा २ को स्पष्टीकरण खण्डमा उल्लेख भएको २४० दिन पूरा गरी निज स्थायी कामदार भई ऐ. ऐनको दफा १० को सुरक्षणप्राप्त गरेको हुँदा त्यस्तो कामदारलाई हचुवाको भरमा सेवाबाट

अवकाश दिने गरी भएको मिति २०६६।०४।१६ को नेशनल मेडिकल कलेजको निर्णय त्रूटिपूर्ण देखिएकोले सो निर्णय बदर गरी विपक्षीले मिति २०६६।०४।१८ देखि नै पारिश्रमिक पाउने गरी साबिकको पदमा पुनर्बहाली पाउने ठहऱ्याई भएको श्रम अदालत, काठमाडौंको फैसलामा कुनै कानूनी त्रूटि नदेखिने।

**कुनै पनि प्रतिष्ठान र त्यस्तो प्रतिष्ठानमा सेवारत कर्मचारी वा कामदारको हैसियत समान रहँदैन। काममा लगाउने संस्था आर्थिक वा अन्य सामर्थ्यको दृष्टिबाट बलियो नै हुन्छ । त्यसैले त्यस्तो काममा लगाउने प्रतिष्ठान (Employer) ले कानूनको पालन गर्छन, कानूनको उचित प्रक्रिया पूरा नगरी कामदार/कर्मचारी (Employee) लाई सेवाबाट हटाउँदैनन् भन्ने उसको स्वाभाविक अपेक्षा रहन्छ। विधिको शासनमा विधि सर्वोपरि हुन्छ। विधिको प्रक्रिया वा कानून मान्दिन भनी निजी संस्थाहरूले भन्न मिल्दैन । श्रम ऐन, २०४८ को व्यवस्था हेर्दा करारीय रूपमा सेवारत व्यक्ति पनि निश्चित अवधि अर्थात् एक वर्षको अविच्छिन्न सेवा गरेपछि सो सेवा अवधिभित्र उसको सेवामा असन्तुष्ट भई सेवाबाट नहटाएमा वा करार अन्त्य नगरिएमा कानूनको प्रक्रिया (by operation of law) स्थायी प्रकृतिको सेवामा परिणत हुन जाने देखियो। यस्तो स्थायी प्रकृतिको सेवा गर्ने कर्मचारीलाई मनलाग्दो किसिमबाट सेवाबाट हटाउने कुरालाई कानूनले नै रोकेको देखिएको** पाइँदा श्रम अदालतबाट भएको निर्णय संविधान र कानूनअनुरूप नै देखिने।

श्रम अदालत, काठमाडौंको मिति २०६८।०५।०७ मा भएको फैसला मिलेकै देखिँदा रमेशप्रसाद भट्टराईलाई मिति २०६६।०४।१८ देखि नै पारिश्रमिक पाउने गरी साबिकको पदमा पुनर्बहाली पाउने ठहऱ्याएको श्रम अदालतको उक्त फैसला कानूनबमोजिम नै देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने रिट निवेदक नेशनल मेडिकल कलेजको मागबमोजिमको आदेश जारी गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विनिता भारती

कम्प्युटर : शान्ति तामाङ

**इति संवत् २०७७ साल माघ २१ गते रोज ४ शुभम्।**

**३३**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७७-WH-०३४४, बन्दीप्रत्यक्षीकरण, प्रेरणाकुमारी गिरी वि. काठमाडौं जिल्ला अदालतसमेत*

प्र.नि. गोपालप्रसाद श्रेष्ठसमेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी नवलकिशोर झासमेत भएका दुई थान लागु औषध मुद्दामा श्री काठमाडौ जिल्ला अदालतबाट मिति २०६०।०५।२२ मा भएका दुई छुट्टाछुट्टै फैसलामध्ये पहिलो स.वा. फौ.३१२/६७४ को मुद्दामा यी निवेदक नवलकिशोर झालाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४ को (घ)(ङ)र (च) को कसुरमा सोही ऐनको दफा १४(१)(६)(३) बमोजिम जन्मकैद र रू. १०, ००, ०००।– जरिवाना र दोस्रो स.वा.फौ. ३११/६७३ को मुद्दामा लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४ को (घ)(ङ)र (च) को कसुरमा सोही ऐनको दफा १४(१)(६)(२) बमोजिम १० वर्ष कैद र रू.७५, ०००।- जरिवाना हुने ठहरी फैसला भएको देखिन्छ । सो फैसलाउपर यी निवेदक प्रतिवादी नवलकिशोर झाको तत्कालीन पुनरावेदन अदालत पाटनमा पुनरावेदन परेकोमा सो अदालतबाट मिति २०६२।३।१६ मा सुरू फैसला सदर हुने ठहरी फैसला भएको र सो फैसलाउपर पनि निज निवेदक प्रतिवादी नवलकिशोर

झाको यस अदालतमा पुनरावेदन परेकोमा यस अदालतबाट मिति २०६६।११।०५ मा पुनरावेदन अदालतको फैसला नै सदर हुने गरी फैसला भई उक्त फैसला अन्तिम भई बसेको अवस्था देखिन्छ । यसरी अदालतको फैसलाबमोजिम जन्मकैदको सजाय पाई कैदी पुर्जीसमेत दिई थुनामा रहेको र ३ तहको अदालतबाटै निजको सजायमा कुनै परिवर्तन नभई मुद्दा अन्तिम भएको देखिँदा निजको थुनालाई गैरकानूनी थुना भन्न नमिल्ने ।

निवेदक प्रतिवादी नवलकिशोर झाले निवेदनमा आफू ज्येष्ठ नागरिक भएकोले ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२(१) बमोजिम कैद छुटको माग गरेको अवस्था हुँदा निजको हकमा ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को व्यवस्था आकर्षित हुने हो वा होइन भन्ने सम्बन्धमा हेर्दा, ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा २ को परिभाषा खण्ड (क) मा "**ज्येष्ठ नागरिक भन्नाले साठी वर्ष उमेर पुगेको नेपाली नागरिक सम्झनुपर्छ**" भनी उल्लेख भएको देखिन्छ । उक्त ऐनको प्रस्तावनामा नै ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने उद्देश्यले पारित भएको भन्ने उल्लेख भएबाट उक्त ऐन साठी वर्ष उमेर पुगेको नेपाली नागरिकका हकमा मात्र लागु हुने स्पष्ट देखिन्छ । निवेदक प्रतिवादी नवलकिशोर झाले दिएको प्रस्तुत निवेदनमा नै निजको स्थायी वतन "**भारत सितामणी जिल्ला वैगरगनिया थाना बेलगन्ज घर भएका..**" भनी उल्लेख गरेको र निजको **भारत निर्वाचन आयोगको पहिचान पत्र**को प्रतिलिपिसमेत मिसिल संलग्न रहेको देखिँदा निज नेपालको नागरिक नभई भारतीय नागरिक रहेको भन्ने देखिने ।

ज्येष्ठ नागरिकका सम्बन्धमा व्यवस्था गर्न बनेको विशेष ऐनको दफा २ को परिभाषा खण्ड (क) ले नै उक्त ऐन नेपाली नागरिकका हकमा मात्र लागु हुने भनी स्पष्ट रूपमा उल्लेख गरिरहेको अवस्थामा नेपालको ज्येष्ठ नागरिक नभई भारतमा स्थायी घर भएका भारतीय नागरिक रहेका यी निवेदक नवलकिशोर झाको हकमा ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२(१) बमोजिमको सुविधालगायत उक्त ऐनमा उल्लेख भएका अन्य कुनै पनि व्यवस्था आकर्षित हुन सक्ने नदेखिने ।

तसर्थ, निवेदक नवलकिशोर झाको थुना गैरकानूनी रहे भएको भन्ने नदेखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल
कम्प्युटर : पद्मा आचार्य

**इति संवत् २०७८ साल जेठ २५ गते रोज ३ शुभम् ।**

## ३४

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री कुमार रेग्मी,** *०७२-WO-०२६६, प्रतिषेधयुक्त परमादेशसमेत, किस्मतबहादुर राज भण्डारी वि. काठमाडौं महानगरपालिका कार्यालय, सुन्धारा, काठमाडौंसमेत*

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २८ को विवादित कि.नं. २५७ को क्षेत्रफल ०-०-३-१ को घरजग्गामध्ये काठमाडौं जिल्ला अदालतको मिति २०६९।५।३ को फैसलाबमोजिम कि.का. भई कि.नं. १३०१ रिट निवेदक किस्मतबहादुरको नाउँमा दर्ता भएको निजको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपिबाट देखिन्छ । रिट निवेदक किस्मतबहादुर राजभण्डारीले आफ्नो सम्पत्ति रक्षा गरिपाउँ भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा मिति २०७२।४।१९ मा उजुरी दिएको र सो उजुरीको सम्बन्धमा अख्तियार दुरूपयोग

अनुसन्धान आयोगबाट आवश्यक कारबाहीको लागि मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौं महानगरपालिका तथा जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा पत्र लेखी पठाएको भन्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोगको लिखित जवाफ र सम्बन्धित पत्रहरूको प्रतिलिपिबाट देखिन्छ। उक्त पत्रहरूको साथै अख्तियार दुरूपयोग अनुसन्धान आयोग तथा मालपोत कार्यालय, डिल्लीबजार र काठमाडौं महानगरपालिकासमेतको लिखित जवाफ अध्ययन गर्दा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २८ को विवादित कि.नं. २५७ को क्षेत्रफल ०-०-३-१ को विवादित घरजग्गा सार्वजनिक गर्ने सम्बन्धमा कुनै किसिमको निर्णय भए गरेको भन्ने नदेखिने।

यिनै विपक्षी सत्तल पाटी रक्षार्थ सङ्घर्ष समितिसमेत प्रतिवादी भएको खिचोला (०७२-CP-११६४) मुद्दा, यी विपक्षी सत्तल पाटी रक्षार्थ सङ्घर्ष समितिसमेत वादी तथा यिनै रिट निवेदकसमेत प्रतिवादी भएको फैसला बदर (०७२-CP-२३२०) र दर्ता बदर / सार्वजनिक सत्तल कायम (०७२-CP-२३२०) समेतका मुद्दाहरू काठमाडौं जिल्ला अदालतमा दायर भएको भनी ती मुद्दाहरूको प्रतिलिपि पेस गरेबाट साधिकार निकायमा विचाराधीन रहेको देखिएको। विवादित घर सार्वजनिक हो वा होइन, निजी हो वा होइन, उक्त घरजग्गाको स्वामित्त्व तथा भोगसमेतको पहिचान गर्ने दायित्त्व साधिकार निकाय/अदालतलाई नै छाड्नु उचित हुन्छ। *"स्वच्छ सुनुवाइ गर्नुपर्ने दायित्त्व हरेक तहको अदालतमा रहन्छ। उसले सो कार्य गर्छु भनेकै छ भने उसको न्यायिक स्वायत्तता मर्ने गरी तल्लो तहमा विचाराधीन मुद्दामा हस्तक्षेप गर्नु उचित हुँदैन। त्यसो गर्दा सर्वोच्च अदालतले आफू नै सबैथोक हुँ भनेको देखिनसमेत गै न्यायिक निकायहरूको तहगत स्वपान खलबलिन जान्छ। सबै तहका अदालतले सक्षमतापूर्वक सुनुवाइ गरी विवादहरूको निरूपण गर्छन् भन्ने विश्वास यस अदालतले राख्नुपर्छ। सर्वोच्च अदालत अन्तिम तहको न्यायकर्ता हुँदा सबै तहका अदालतले न्याय गर्छन् भन्ने कुरालाई यसले चनाखोपूर्वक हेर्ने हो, हरेक तहमा हस्तक्षेप गर्ने होइन।"* भनी यस अदालतबाट निवेदक कुन्जोक छिरिङ तामाङ विरूद्ध रसुवा जिल्ला अदालतसमेत भएको बन्दीप्रत्यक्षीकरण रिट निवेदनमा व्याख्या भएको पाइने।

तसर्थ, विवादित घर सार्वजनिक वा निजी हो वा होइन, स्वामित्त्व तथा भोगसमेतको विषयमा साधिकार निकाय जिल्ला अदालत अर्थात् काठमाडौं जिल्ला अदालतबाट ठहरेबमोजिम हुने नै हुँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: करूणा श्रेष्ठ

कम्प्युटर : पद्मा आचार्य

**इति संवत् २०७७ साल चैत ०१ गते रोज १ शुभम्।**

३५

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री कुमार रेग्मी,** *०७४-CI-०७२२, ०७४-CI-०७२१, जग्गाधनीको नाम संशोधन गरी मोही नामसारी गरिपाऊँ, हर्कबहादुर पुन मगर वि. जीतबहादुर कुमाल, सुमती पुन मगरसमेत वि. जीतबहादुर कुमाल*

सर्वोच्च अदालतको तहमा विचाराधीन रहेको मुद्दामा जसको निर्णयउपर पुनरावेदन परी विचाराधीन छ सोही निकायले नै मुद्दाका

पक्षको निवेदन लिई मिति २०६४/११/२९ मा मोही लगत कट्टा गर्न पाउँछ र सो आधारमा अब सर्वोच्च अदालतबाट २०६५/०३/२० मा भएको र अन्तिम भैरहेको फैसलालाई पनि अनादर गर्न पाउँछ भन्दा जीवित मुद्दामा साधिकार निकायभन्दा अन्यत्र त्यसै विषयमा विवाद हेर्न पाइँदैन र सर्वोच्च अदालतबाट अन्तिम भएको निर्णय सबैले पालन गर्नुपर्ने संविधानको धारा १२६(२) को व्यवस्थासमेतको विपरीत हुन जान्छ । त्यस दृष्टिबाट समेत भूमिसुधार कार्यालय नवलपरासीको मिति ०६४/११/२९ को निर्णय अनाधिकृत देखिँदा सोलाई आधार गरी भूमिसुधार कार्यालयबाट भएको मिति ०७३/०२/३१ को निर्णय कायम रहन्छ भन्न मिल्ने देखिँदैन। तसर्थ, निर्णय बदर गर्ने गरेको उच्च अदालत तुलसीपुर बुटवल इजलासको फैसला मिलेकै देखिँदा अन्यथा भन्नुपर्ने नदेखिने।

अतः मोहियानी लगत कट्टी भइसकेको हुँदा वादी दाबी पुग्न सक्दैन भनी भूमिसुधार कार्यालयको मिति २०७३/०२/३१ गते निर्णय बदर भई सर्वोच्च अदालतको फैसलाबमोजिम मोहियानीमा जोत्न पाउने र विवादको जग्गामा वादीले मोहियानी हक नामसारी गर्न पाउने ठहर्छ भन्ने बेहोराको उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७४/०६/२७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शारदादेवी पौडेल

कम्प्युटर : पद्मा आचार्य

**इति संवत् २०७७ साल मङ्सिर ४ गते रोज ५ शुभम्।**

**३६**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री कुमार रेग्मी,** *०७४-CR-०५३३, जबरजस्ती करणी, कुलबहादुर सुनार वि. नेपाल सरकार*

जाहेरवाला र स्वयम् पीडितले अदालतमा आई प्रतिकूल बकपत्र गरेको अवस्थामा उक्त प्रतिकूल बकपत्रलाई प्रमाणमा लिनुपर्ने भनी निज प्रतिवादीले जिकिर लिएको देखिन्छ । प्रतिवादीले आफूले कसुर नगरेको प्रहरीले लेखिराखेको कागजमा सही गराएको हुन् मेरो सबै बेहोरा अदालतको बयानमा खुलाएको छु। अतः म निर्दोष हुँदा सफाइ पाउँ भनी लिएको जिकिरका सम्बन्धमा विचार गर्दा वारदात घटना हुँदाका दिन म रक्सी बेस्सरी लागेकाले एक पटक वीरेन्द्र नगरपालिका चिसापानी- ५ स्थित कच्ची सडकको खोलाको पक्की पुल निर र अर्को पटक अलि माथि पिपलको रूख निर खम्पाको घर छेउ बाटोमा सुतेको हुँ, बिहान पख रक्सीले छाडेपछि घरतर्फ गएको हुँ (स.ज. ११, १६, १७ ) भनी सो दिन आफू सोही स्थानमा रहेको कुरालाई स्वीकार गरी अदालतसमक्ष बयान गरेको देखिन्छ। यसरी घटनाका सम्बन्धमा परेको किटानी जाहेरी दरखास्त, पीडितको मौकाको भनाइ र घटना विवरण कागजमा उल्लेख भएको बेहोरासमेतका आधारमा प्रतिवादीलाई सजाय गरी पीडितलाई क्षतिपूर्तिसमेत दिलाइ दिने गरी भएको उच्च अदालत सुर्खेतको फैसला मिलेकै देखिन आएको।

तसर्थ, प्रतिवादी कुलबहादुर सुनारले ११ वर्षकी नाबालिका परिवर्तित नामथर ६४ वीरेन्द्रनगर “क१७” लाई करणी गरेको भन्ने देखिन आएकोले निज प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. बमोजिमको कसुरमा सोही महलको ३ नं. को देहाय १ बमोजिम १० वर्ष कैद र ऐ महलको १० नं. बमोजिम निज पीडितलाई रू.२५०००।- (पच्चीस हजार) क्षतिपूर्ति भराउने गरी उच्च अदालत सुर्खेतबाट

मिति २०७४।०२।२५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: तेजप्रसाद पौडेल / विनिता भारती

कम्प्युटर : रेखा भट्टराई

**इति संवत् २०७७ साल आश्विन १३ गते रोज ३ शुभम्।**

३७

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री कुमार रेग्मी,** *०७७-WO-००२५, उत्प्रेषण, टिकादत्त दाहाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सिंहदरबारसमेत*

निवेदक स्वयम् तेक्वान्दो खेलाडी भई ललितकला विषयमा स्नातकोत्तर उपाधि हासिल गरी तेक्वान्दो खेलमा पाचौँ तहको DAN CERTIFICATE समेत प्राप्त गरी राष्ट्रिय खेलकुद परिषद्को सदस्य सचिव हुन योग्यता पुगेका र सोका लागि इच्छुकसमेत भएको भन्ने देखिन्छ। खेलकुद जस्तो सर्वाधिक चासोको क्षेत्रको सम्बन्धमा आबश्यक कार्य गर्ने कार्यकारी प्रकृतिको पदाधिकारीको नियुक्तिको विषयमा, कानूनबमोजिम गठन भएको सिफारिस समितिको बारेमा र समितिले प्रकाशन गरेको सूचनाको सम्बन्धमा यी निवेदकले जानकारी राख्नुपर्नेमा सोबारे जानकारी हुन नसकेको भन्ने निजको भनाइलाई स्वाभाविक मान्न नमिल्ने।

राष्ट्रिय खेलकुद परिषद्को सदस्य सचिव नियुक्तिको सिफारिस गर्न गठित समितले मन्त्रालयको वेबसाइटमार्फत सूचना प्रकाशन गरेको भन्ने कुरा निवेदक स्वयम्ले स्वीकार गरेको अवस्था छ । वेबसाइटमार्फत प्रकाशन भएको सूचनाको आधारमा परिषद्को सदस्य सचिवको लागि दरखास्त दिने २७ (सत्ताइस) जना उमेदवारमध्ये ५ (पाँच) जनाले इमेलमार्फतै दरखास्त दिएको भन्ने देखिन्छ। आजको युग सूचना प्रविधिको युग भएको र आफूसँग सम्बन्धित सूचनाहरू इमेल इन्टरनेटबाटै थाहा जानकारी लिन अभ्यस्त हुनुपर्ने हुन्छ । यस अवस्थामा मन्त्रालयको वेबसाइटमा प्रकाशित सूचना अरू दरखास्तवालाहरूले थाहा पाई नियुक्ति हुने पदको लागि दरखास्तसमेत दर्ता गराएको अवस्थामा यी निवेदकले मात्र थाहा नपाएको भन्ने बेहोरा विश्वसनीय नदेखिने।

अतः कानूनबमोजिम गठित समितिले खेलकुद परिषद्को सदस्य सचिव नियुक्तिको लागि मन्त्रालयको वेबसाइटमार्फत सार्वजनिक सूचना प्रकाशित गरेको र सूचनाबमोजिम दरखास्त दिनेमध्येबाट योग्यता पुगेका उमेदवारलाई नियुक्तिको लागि मन्त्री परिषद्मा सिफारिस गर्ने गरेको कार्यले यी निवेदकको संवैधानिक तथा कानूनी हकमा कुनै आघात पुगेको भन्ने नदेखिँदा निवेदन मागबमोजिम उत्प्रेषण परमादेशको आदेश जारी गरी रहनु परेन, रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: लालबहादुर कार्की

कम्प्युटर: पद्मा आचार्य

**इति संवत् २०७७ साल चैत १० गते रोज ३ शुभम्।**

३८

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७७-WO-०३३४, उत्प्रेषण, परमादेशसमेत, सुवाष भण्डारीसमेत वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसमेत*

चालू आर्थिक वर्षमा निजामती सेवाको कुनै पद रिक्त भएमा वा रिक्त हुने अवस्थाको यकिन गरी सम्बन्धित निकायले पदपूर्तिका लागि र सामान्य प्रशासन मन्त्रालयसमेतलाई अनिवार्य रूपमा जानकारी दिनुपर्ने र सोहीबमोजिम सम्बन्धित

मन्त्रालयबाट पद रिक्त रहेको भनी जानकारी प्राप्त भएपछि समन्वय मन्त्रालयको समेत जिम्मेवारी भएको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्रेस्ता/अभिलेख भिडाई पद रिक्त भएको हो भन्ने यकिन गरी प्रत्येक दुई महिनामा आवश्यक विवरणसहित लोक सेवा आयोगमा पठाउनुपर्ने गरी रिक्त पदलाई निरन्तरको प्रक्रियामार्फत पूर्ति गर्ने गरी एउटा चलायमान व्यवस्था कायम गरेको र यस्तो प्रक्रियामा नसमेटिएका अर्थात् आपूर्तिको प्रक्रिया निष्क्रिय पारिएका पदहरू त्यसरी रिक्त भएको मितिले एकवर्षसम्ममा सो पदको बढुवाद्वारा पदपूर्ति गर्ने प्रक्रियासम्म पनि सुरू नभएमा त्यस्तो पद स्वतः खारेज हुने व्यवस्था गरिएको देखिन्छ । यसबाट निजामती सेवामा लामो समयसम्म कुनै पद रिक्त नहोस् भन्ने विधायिकी मनसाय रहेको देखिने ।

हरेक कर्मचारीले प्रचलित कानूनको आधारमा आफ्नो वृत्ति विकासको अवसरको आँकलन गरेको हुन्छ । यसरी वृत्ति विकास हुँदाको अवस्थामा कर्मचारीमा आफ्नो सेवा समूहसँग सम्बन्धित कर्तव्य निर्वाहमा आफ्नो सतप्रतिशत दिने र सोको अनुभूति सेवाग्राहीले गर्ने हुँदा कर्मचारीको वृत्ति विकासमा बढुवाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । त्यसैले कर्मचारीले कुनै सेवामा नियुक्ति पाई कार्य गरेको निश्चित समयावधिमा वृत्ति विकास हुने अवसरको पर्खाइमा रहेका हुन्छन् । निजामती कर्मचारीको सेवाको साथै जीवनसँग पनि निजको वृत्ति विकासले सम्बन्ध राख्ने ।

नेपाल इन्जिनियरिङ सेवा सर्भे समूह रा.प. द्वितीय श्रेणीको पद नसमेटी विज्ञापन गरिएको भन्ने कारणबाट प्रस्तुत निवेदनमा निवेदकले माग गरे जस्तो लोक सेवा आयोगको मिति २०७७।६।२८ को सूचनाद्वारा विज्ञापित सूचना नं. ५३।०७७-७८, ५४।०७७-७८ र ५५।०७७-७८ का विज्ञापनहरूमा सर्भे समूहको पदसँग सम्बन्धित नदेखिएकोले सर्भे समूहको पद नसमेटिएको भन्नेसम्म कारणले उत्प्रेषणको आदेशद्वारा बदर गर्नुपर्ने देखिएन । निवेदकहरूको मुल माग आफ्नो समूहको रिक्त पदमा पनि बढुवाको विज्ञापन होस् भन्ने रहेको र रा.प. द्वितीय श्रेणीमा ३ पद रिक्त रहेको भनी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं. ३७० मिति २०७७।६।१२ को पत्रमार्फत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पदपूर्तिको माग गरेको सो पदहरू बढुवाद्वारा पूर्ति गर्नू भनी लोक सेवा आयोगमा अनुरोध गरी पठाउनुपर्ने कानूनबमोजिमको आफ्नो दायित्त्व विपक्षी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको रहेकोमा सो दायित्त्व पूरा नगरेको देखिँदा रिक्त रहेको पद के-कति रहेको छ भन्ने सम्बन्धमा हेरी बुझी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालयमा पदपूर्तिका लागि माग आकृति फारामसमेत पठाएको नेपाल इन्जिनियरिङ सेवा, सर्भे समूह, उपसचिव वा सो सरहको विज्ञापन गर्न छुट ३ पदसमेत समावेश गरी हाल प्रकाशित सूचनाबमोजिम दरखास्त दिन पाउने अन्तिम मितिसम्म योग्यता पुगेका उम्मेदवारबाट दरखास्त माग गर्ने गरी पुनः प्रतिशत निर्धारण गरी यसै आ.व.मा विज्ञापन प्रकाशन गरी कानूनबमोजिम पदपूर्ति गर्नु, गराउनु भनी विपक्षी सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालय तथा लोक सेवा आयोगका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: करूणा श्रेष्ठ

कम्प्युटर: रेखा भट्टराई

**इति संवत् २०७७ साल चैत्र २ गते रोज २ शुभम् ।**

## इजलास नं.७

### ३९

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७०-WO-०३२३, उत्प्रेषण, परमादेश, पूर्व प्रहरी जवान छविलाल वली वि. गृह मन्त्रालय सिंहदरबारसमेत*

निवेदकसरहको कसैलाई कम सजाय कसैलाई बढी सजाय गर्ने गरी निर्णय गर्दा प्रत्येक व्यक्तिको कसुरको मात्राअनुसार तथ्ययुक्त मापदण्ड र आधार कारण निर्णयमा खुलेको हुनुपर्छ, तर प्रस्तुत निर्णयमा सो कुरा खुलेको पाइँदैन । कानूनको समान संरक्षण भन्नाले कानूनको प्रयोग गर्दा समान स्थितिका व्यक्तिहरूमा असमान रूपमा प्रयोग गरिनु हुन्न भन्ने हो । कानूनको समान संरक्षण समान स्थितिका व्यक्तिलाई दिइनुपर्ने समान व्यवहार हो । समान व्यक्तिहरूको बिचमा भेदभाव गरिएको देखिएमा समानताको हक क्रियाशील हुन्छ । निवेदकको सन्दर्भमा हेर्दा निजउपर निर्णय गर्दा समान अवस्था र परिस्थितिका व्यक्तिहरूका बिचमा कसुरको मात्राको आधारमा समान रूपमा निर्णय हुनु आवश्यक हुने ।

कसैलाई पनि भेदभाव नगरी एवं पूर्वाग्रह नराखी विवेकपूर्ण ढङ्गले निर्णय गर्नुपर्नेमा प्रस्तुत विवादमा मिति २०७०।१।२९ मा छानबिन समिति गठन गरी मिति २०७०।३।६ को पत्रद्वारा निर्णयकर्तालाई उपल्लो तहको अधिकृतद्वारा पत्राचार गर्दा निवेदकलाई नोकरीबाट हटाउने कारबाही गरी नतिजा जाहेर गर्नु भनी निर्देशन दिइएको र सोही निर्देशनका आधारमा प्रहरी उपरीक्षकद्वारा मिति २०७०।३।२१ र २०७०।३।२५ मा स्पष्टीकरण सोधी मिति २०७०।४।१ मा नोकरीबाट हटाउने निर्णय भएबाट त्यस्तो निर्देशित निर्णयलाई कानूनसम्मत भन्न नमिल्ने हुँदा मिति २०७०।४।१ मा अञ्चल प्रहरी कार्यालय, राप्तिका प्रहरी उपरीक्षकबाट भएको निर्णयलाई पुनरावेदन तहले मिति २०७०।६।९ मा सदर गरेको निर्णय एवं सोमा उल्लिखित निर्णयको कारबाहीसमेत त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने । निवेदकलाई अन्य कारबाही गर्ने बाटो खुल्ला राख्ने गरी जो जे पदमा पुनर्बहाली गर्नुपर्ने हो गर्नु भन्ने विपक्षीहरूको नाउँमा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत: सोनी श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

**इति संवत् २०७७ साल पौष १९ गते रोज १ शुभम् ।**

### ४०

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७२-CI-०८५३, उत्प्रेषण परमादेश, प्रमोदकुमार मेहता वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

कुनै कार्यालयले कुनै काम गर्दा लेखाइको कारणले त्रूटि हुन गएमा सो गल्तीको कारणले कुनै पनि राष्ट्रसेवकलाई पीडित बनाउनु न्यायसम्मत देखिँदैन । यति सामान्य विषयमा र विपक्षी आफैँले आफ्नो गल्ती सच्याइएको अवस्थामा नभएको विवादलाई विवादको रूपमा चर्काउने कार्यले त्यस्ता सम्बन्धित अधिकारीको कार्य सम्पादनमा प्रश्न उठाउने कारण सिर्जना गर्दछ । विपक्षीकै काम कारबाहीमा नेपाल स्वास्थ्य सेवा नियमावली (तेस्रो संशोधनसहित), २०५५ को नियम ५३ (६क) भन्ने उल्लेख हुन गएको त्रूटि सच्याई त्यसको सट्टा नियम ५३(१) बमोजिम निज पुनरावेदक निवेदकको बिदा स्वीकृत गरेको भनी त्रूटि सच्याई सकिएको अवस्थामा पनि स्वीकृत बिदाको अवधिको तलब

भत्ता रोकी निज निवेदक कर्मचारीलाई न्यायको याचनाको लागि अदालतको शरणमा आउन बाध्य पार्नु कानूनको शासनको साथै सुशासनको मूल्य र मान्यताको आत्मसात नगर्नु हो भन्नुपर्ने अवस्था पर्न जान्छ । अर्कोतर्फ विवाद नरहेको प्रस्तुत विषयमा विवाद उठाई न्यायपालिकालाई छिटोछरितो न्याय सम्पादनमा असहयोग हुने गरी अनावश्यक कार्यबोझ थप गर्ने कार्य साधारण रूपमा हेरिने विषय होइन । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को मर्म र भावनाविपरीत गैरजिम्मेवारपूर्ण रूपमा यी निवेदकलाई लामो समयसम्म यस्तो विवाद नै नभएको विषयको चपेटामा अल्झाई न्यायको लागि झुलाई राखेबाट राष्ट्रकोषबाट तलब खाई जीवन निर्वाह गर्ने कर्मचारीलाई गरिएको मानमर्दनबाट राष्ट्रसेवकको मनोवल घटी कार्यसम्पादनमा नकारात्मक असर पर्ने अवस्था टड्कारै देखिन्छ । यस्तो कार्यले देशले नै उपलब्ध जनशक्तिको सदुपयोग गर्न नपाएको अनुभूति हुन्छ । आफूले गरेको त्रूटिलाई कानूनी आधार देखाई त्रूटि सच्याउन पहल गर्नुपर्नेमा गलत कुरामा अडिग रही राष्ट्रसेवकलाई अदालत जान बाध्य गराउनु आफ्नो कानूनबमोजिमको जिम्मेवारी पन्छाउनु हो, यस्तो कार्य कुनै पनि पदाधिकारीको लागि शोभनीय विषय हुँदैन भन्ने सम्बन्धमा सबै कार्यालय, विभाग वा मन्त्रालय प्रमुखहरू सचेत हुनु अपेक्षित हुने ।

यसरी पुनरावेदक निवेदकले नेपाल स्वास्थ्य सेवा नियमावली (तेस्रो संशोधनसहित), २०५५ को नियम ५३(१) बमोजिम अध्ययन बिदा स्वीकृत गरी पाउन निवेदन दिएको, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिति २०७०।३।६ गतेको निर्णय बमोजिम उक्त नियमको नियम ५३(६क) नभई नियम ५३(१) बमोजिम हुने गरी बिदा स्वीकृत गरेको अवस्थासमेतका आधारमा पुनरावेदन अदालत पाटनबाट मिति २०७२।४।१३ गते निवेदन खारेज हुने ठहऱ्याएको अन्तिम आदेश मिलेको नदेखिने ।

तसर्थ, पुनरावेदक निवेदकको अध्ययन बिदा नेपाल स्वास्थ्य सेवा नियमावली (तेस्रो संशोधनसहित), २०५५ को नियम ५३ को (६क) नभई नियम ५३ को (१) बमोजिम नै बिदा स्वीकृत गरेको देखिएकोले पुनरावेदन अदालत पाटनबाट मिति २०७२।४।१३ गते निवेदन खारेज हुने ठहऱ्याई भएको अन्तिम आदेश उल्टी हुने ठहर्छ । सो आदेश उल्टी हुने ठहरेकोले पुनरावेदक निवेदकको बिदा सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (सचिवस्तर) को मिति २०७१।९।१३ गतेको निर्णय र सो निर्णयका आधारमा गरिएको सम्पूर्ण पत्राचार एवं काम कारबाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब, निज पुनरावेदक निवेदकको अध्ययन बिदा स्वीकृत भएको अवधि मिति २०६९।५।१८ देखि मिति २०७१।५।१७ गतेसम्मको नियमानुसार पाउने तलब भत्तासमेत निवेदकलाई अविलम्ब उपलब्ध गराई दिनु भनी विपक्षीको नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत: लालसिंह थापा

कम्प्युटर: शान्ति तामाङ

**इति संवत् २०७७ साल साउन १६ गते रोज ६ शुभम् ।**

**४१**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७६-WO-०६३४, उत्प्रेषण / परमादेशसमेत, वीरबहादुर बरम्ले वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथसमेत*

निवेदकले समायोजन गर्दा समान व्यवहार गरिएन, आफूभन्दा कनिष्ठ कर्मचारीलाई विद्यमान कानूनविपरीत समायोजन गरिएकोले

आफूलाई पर्न गएको समस्याको सम्बन्धमा कुरा उठाउनुभएको छ । विपक्षीहरूको लिखित जवाफमा कर्मचारीको समायोजन गर्दा ज्येष्ठतासमेतका विवरण आवश्यक पर्ने भएकाले यस्तो विवरण निजामती किताबखानाबाट माग गरी प्राप्त विवरण तथा कर्मचारीले समायोजन हुन चाहेको संघ, प्रदेश र स्थानीय तहसमेतको विवरणलाई मध्यनजर गरी समायोजन गरिएको हो । मन्त्रालयस्तरबाट गुनासो व्यवस्थापन गर्ने कार्य भइरहेकोमा सोको वैकल्पिक उपचारको प्रक्रिया समाप्त नहुँदै अदालतको क्षेत्राधिकारमा प्रवेश गरेको मिलेको छैन भन्ने उल्लेख गरेको देखिन्छ । सो सम्बन्धमा हेर्दा समायोजन ऐन, २०७५ को सोही ऐनको दफा ८(१) मा **"यस ऐनबमोजिम सरकारी सेवाका कर्मचारीलाई सङ्घको पदमा समायोजन गर्दा कर्मचारीले दफा ५ को उपदफा (५) बमोजिम दिएको निवेदनमा उल्लिखित प्राथमिकताक्रमबमोजिम क्रमशः देहायको आधारमा समायोजन गरिने छ भनी देहायमा कार्यरत पदको ज्येष्ठता, कार्यरत पदभन्दा तल्लो श्रेणी वा तहको पदको ज्येष्ठता र उमेरको ज्येष्ठता भन्ने उल्लेख गरेको पाइन्छ। त्यस्तै गरी सोही दफाको (२) मा प्रदेश वा स्थानीय तहको पदमा समायोजन गर्दा कर्मचारीले दफा ५ को उपदफा (५) बमोजिम दिएको निवेदनमा उल्लिखित प्राथमिकताक्रमबमोजिम क्रमशः देहायको आधारमा समायोजन गरिने छ भन्दै देहायमा कार्यरत पदको ज्येष्ठता, कार्यरत पदभन्दा तल्लो श्रेणी वा तहको पदको ज्येष्ठता, कर्मचारी हाल कार्यरत रहेको प्रदेश वा स्थानीय तह, हालको स्थायी बसोबासको ठेगाना, नागरिकताको प्रमाणपत्रमा उल्लिखित ठेगाना र उमेरको ज्येष्ठता"** भन्ने उल्लेख गरेको पाइन्छ। यसरी समायोजन ऐनले नै समायोजनका आधारहरू उल्लेख गरेपछि ती आधारहरूलाई दृष्टिगत गरेर मात्र कर्मचारीको समायोजन गर्नुपर्ने हुन्छ । मिसिल संलग्न लिखित जवाफहरू हेर्दा ऐनमा उल्लेख भएका समायोजनका आधारहरू अनुशरण गरी समायोजन गरिएको भनी उल्लेख गर्न सकेको देखिएन । यस स्थितिमा निवेदक र अन्य निवेदकहरूका हकमा ऐनको दफा ८ को उपदफा (१) र (२) को आधारहरू अनुशरण गर्दा के परिणाम हुन्छ सो हेरेर मात्र समायोजनबारे निर्णयमा पुग्नुपर्नेमा विपक्षीहरूबाट सो कार्य भए गरेको नपाइएको।

तसर्थ, निवेदकको हकमा विपक्षी सङ्घीय मामिला मन्त्रालयको मिति २०७६।३।१ को पत्रानुसार स्वास्थ्य मन्त्रालयको मिति २०७६।४।२३ को निर्णय र सोही मितिको पत्रका आधारमा सङ्घीया मामिला मन्त्रालयले मिति २०७६।९।९ मा गरेको पत्राचारसमेतका कार्यहरू उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब यी निवेदकलाई समायोजन गर्दा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ८ को (१) र (२) बमोजिम समायोजनका आधारहरूमा समेत विचार गरी निवेदकले भरेको समायोजन फाराममा उल्लेख गरेका प्राथमिकताक्रमानुसार गर्न मिल्ने नमिल्ने आधार र कारण खोलेर मात्र पदस्थापन गर्नु, गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: दिपेन्द्रनाथ योगी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

**इति संवत् २०७६ साल चैत्र २ गते रोज १ शुभम्।**

**४२**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** *०७१-WO-०६६३,*

*उत्प्रेषणसमेत, महेश्वर राम जोशी वि. नापी कार्यालय, धनगढी, कैलाली*

मिसिल संलग्न नापी कार्यालय कैलालीको टिप्पणी र आदेशसम्बन्धी मिसिल हेर्दा – हालको कित्ता नं.२८ को क्षेत्रफल ०,१०३० व.मी. मध्ये यस टिप्पणीसाथ संलग्न रेखाङ्कितअनुसार पश्चिम दक्षिण कुनामा ०, ०२३८ वर्ग मीटर जमिन सा.कि. नं.१६५७ को पूर्वतर्फ रेखाङ्कित ट्रेसअनुसार नै ०,००५१ व.मी. र ०,०३४ व.मी. जमिन सा.कि. नं.४६३२ र ४६३३ को जमीन छोडी बाँकी रहेको ०,०७०७ व.मी. जमिन निवेदक महेश्वरराम जोशीको नाउँमा कायम गर्न मनासिब देखिएको भनी टिप्पणी सदरको लागि पेस भई मिति २०७१।२।४ मा टिप्पणी सदर भएको भन्ने देखिन्छ । सो निर्णयउपर यस अदालतमा मिति २०७१।११।१० मा मात्र निवेदकले प्रस्तुत रिट निवेदन दर्ता गरेको देखियो। यी निवेदकलाई वास्तवमा मर्का नै परेको भए कानूनद्वारा निर्धारण गरेको समयभित्र नै उपचारको बाटो अवलम्बन गर्नुपर्नेमा सोबमोजिम गरे भएको नदेखिदा निवेदक विलम्ब गरी यस अदालतमा प्रवेश गरेको देखियो । सो निवेदनमा विलम्ब हुनुको स्पष्ट आधार खुलाएको पनि देखिँदैन। विलम्बको सिद्धान्तको सैद्धान्तिक आधार भनेको "आफ्नो अधिकारप्रति सजक र सचेत नहुने व्यक्तिलाई अदालतले सहयोग गर्न सक्दैन" भन्ने रहेको र यसको अभ्यास पनि गर्दै आएको पाइन्छ। यसै सम्बन्धमा यस सर्वोच्च अदालतबाट ने.का.प. २०६१, भाग ४६, अङ्क ११, नि.नं.७४५६ (निवेदक द्वारिकामान सिंह प्रधान विरूद्ध नेपाल बैंक लिमिटेडसमेत, मुद्दा-उपयुक्त आदेश पुर्जी जारी पाउँ, फैसला मिति २०६१।११।६) मा "विलम्बको सिद्धान्त कानूनको रूपमा व्यवस्थित भएको सिद्धान्त नभई, अदालतले मुद्दा मामिलामा उचित न्याय (Equitable Justice) गर्नका लागि प्रतिपादित गरेको सिद्धान्त हुनाले आफ्नो अधिकारको बेवास्ता गर्ने व्यक्तिलाई मद्दत गर्न अदालतलाई पनि कर लाग्दैन भन्ने तर्कमा विलम्बको सिद्धान्त आधारित हुने" भन्ने सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ । प्रतिपादित सो सिद्धान्तको परिप्रेक्ष्यमा हेर्दा रिट निवेदक नापी कार्यालय कैलालीको मिति २०७१।२।४ मा भएको निर्णयउपर अनुचित विलम्ब गरी मिति २०७१।११।१० मा मात्र यस अदालत प्रवेश गरेको देखिएकोले अनुचित विलम्ब गरी परेको निवेदनको आधारमा निवेदकलाई मद्दत गर्न सकिने अवस्था देखिन नआउने।

अर्कोतर्फ न्याय प्रशासन ऐन, २०४८ को दफा ८(१ ) मा "*पुनरावेदन अदालतलाई आफ्नो मातहतको जिल्ला अदालत र प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्र रहेका अन्य निकाय वा अधिकारीले मुद्दा मामिलामा गरेको सुरू फैसला वा अन्तिम आदेशउपर पुनरावेदन सुन्ने र कानूनबमोजिम साधक जाँच्ने अधिकार हुनेछ*" भनी उल्लेख गरेको देखिन्छ। यसरी निवेदकलाई नापी कार्यालय कैलालीको मिति २०७१।२।४ मा भएको निर्णयउपर चित्त नबुझेको अवस्था थियो भने कानूनले तोकेको म्यादभित्र सम्बन्धित तत्कालीन पुनरावेदन अदालत दिपायलमा पुनरावेदन गरी सोको माध्यमबाट उपचार प्राप्त गर्ने सुविधा रहेकोमा त्यसतर्फ नगई वैकल्पिक उपचारको मार्ग हुँदाहुँदै निवेदक रिट क्षेत्रको माध्यमद्वारा यस अदालतमा प्रवेश गरेको देखियो । साधारणतया सामान्य कानूनको मार्ग एवम् प्रक्रियाबाट उपचार प्राप्त गर्न सकिने विषयवस्तुमा सोही मार्ग एवम् प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ । अन्य कुनै वैकल्पिक उपाय वा उपचार नभएको अन्तिम अवस्थामा

मात्र रिट क्षेत्र आकर्षित हुने हो । प्रस्तुत मुद्दामा नापी कार्यालय कैलालीले गरेको निर्णयउपर चित्त नबुझेमा ऐनले निर्धारण गरेको म्यादभित्र सम्बन्धित तत्कालीन पुनरावेदन अदालत दिपायलमा पुनरावेदन गर्न जानुपर्नेमा त्यसतर्फ नगई रिट निवेदनको माध्यमबाट यस अदालतको असाधारण अधिकार क्षेत्रभित्र त्यसमा पनि विलम्बसमेत गरी प्रवेश गरेको प्रस्तुत रिट निवेदनमा सुनुवाइ गरी निर्णय गर्न मिल्ने अवस्था पनि देखिन नआउने ।

तसर्थ, माथि उल्लिखित आधार र कारणहरूबाट वैकल्पिक उपचारको मार्ग अवलम्बन नगरी अनुचित विलम्ब गरी प्रवेश गरेको अवस्था हुँदा निवेदकको प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : लालसिंह थापा

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

**इति संवत् २०७६ साल चैत्र २ गते रोज १ शुभम् ।**

## इजलास नं.८

४३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७५-CR-२३९३, कर्तव्य ज्यान, सुशिला नेपाली वि. ज्ञानु गिरीसमेत*

प्रतिवादीले आफू निर्दोष रहेको भनी प्रमाणित गराउनका लागि साक्षीसमेत उपस्थित गराउन सकेको देखिँदैन । अधिकारप्राप्त अधिकारीसमक्ष भएको निजको बयान कागजको बेहोरा खण्डित हुने कुनै आधार प्रमाण पेस गर्न नसकेको अवस्थामा निज प्रतिवादीको मौकाको साबिती बयानलाई अन्यथा मान्नुपर्ने हो कि भन्ने अवस्थाको विद्यमानता देखिएन । मिसिल संलग्न प्रमाणहरूले प्रतिवादीको मौकाको बयानलाई समर्थन गरिरहेको अवस्थामा ती प्रमाणहरूलाई नजरअन्दाज गरी प्रतिवादीले अदालतमा गरेको इन्कारी बयान र पुनरावेदन जिकिरलाई मात्र आधार मानी आरोपित कसुरबाट उन्मुक्ति दिन सकिने अवस्था हुँदैन । अतः प्रतिवादीको मौकाको साबिती बयानका साथै मिसिल संलग्न अन्य प्रमाणहरूबाट प्रतिवादीले जिउँदो शिशुलाई जन्म दिई लोकलाजबाट बच्नका लागि शिशुलाई मारेको देखिँदा प्रतिवादी सुशिला नेपालीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय गरी सुरू पर्वत जिल्ला अदालतबाट भएको फैसला परिवर्तित कानूनअनुसार केही उल्टी गरी जन्मकैदको सजाय हुने ठहऱ्याई उच्च अदालत पोखरा, बागलुङ इजलासबाट मिति २०७५।१०।१० मा भएको फैसला कसुर ठहर गरेको हदसम्म मिलेकै देखिँदा अभियोग दाबीबाट सफाइ पाउनुपर्दछ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी सुशिला नेपालीलाई गर्भवती बनाएपछि निज कृष्ण श्रेष्ठ प्रतिवादी सुशिला नेपालीको सम्पर्कमा नआएको र प्रतिवादीले लामो समयसम्म निजलाई खोजतलास गर्दासमेत फेला पार्न नसकेपछि आफ्नो पेटमा गर्भ रहेको कुरा घर परिवार र समाजसमेतलाई ढाँटी मास पुगेको जिउँदो बच्चा जन्माई लोकलाजबाट बच्नका लागि मारी फालेको तथ्यलाई यी प्रतिवादीको मौकाको बयानका साथै मिसिल सामेल रहेका अन्य प्रमाणहरूले पुष्टि गरेको देखियो । अतः प्रतिवादीले अवैध गर्भ बोकेको कुरालाई स्वीकार गरी न्यायिक प्रक्रियामा गरेको सहयोग, प्रतिवादीको श्रीमान् वैदेशिक रोजगारमा भई श्रीमान्सँग टाढा हुनुपरेको परिस्थिति, प्रतिवादीले लालनपालन गर्नुपर्ने बच्चाको जिम्मेवारीलगायतका कुराहरूलाई विचार

गर्दा निज प्रतिवादी सुशिला नेपालीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद वर्ष ४(चार) को सजाय निर्धारण गर्दा पनि ऐनको मनसाय पूरा हुने भई न्यायोचित एवम् सजाय पर्याप्त हुने देखिएकोले निज प्रतिवादीलाई उच्च अदालत पोखरा, बागलुङ इजलासले जाहेर गरेको ७(सात) वर्षको कैदको रायमा परिवर्तन गरी प्रतिवादी सुशिला नेपालीलाई ४(चार) वर्षको कैदको राय कायम गर्नु मनासिब हुने।

तसर्थ, प्रतिवादी सुशिला नेपालीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहर गरेको उच्च अदालत पोखरा, बागलुङ इजलासको मिति २०७५।१०।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ तर प्रतिवादी सुशिला नेपालीको उमेर, निजको पति विदेश गएको बखत बसेको प्रेमका कारण गर्भधारण गरी जन्मिन गएको बच्चालाई लोकलाजका कारण मार्नुपरेको बाध्यात्मक परिस्थिति र निजको बाँकी रहेको सिंगो जीवन बिताउनुपर्ने अवस्थाको कारण निजलाई जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिई थोरै सजाय गर्दा पनि न्यायको मक्सद पूरा हुने देखिँदा निज प्रतिवादी सुशिला नेपालीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ४(चार) वर्षको राय लगाई चार वर्ष कैद हुने।

इजलास अधिकृतः मुना अधिकारी ढकाल

कम्प्युटर - मन्जिता ढुंगाना

**इति संवत् २०७७ साल फागुन २ गते रोज १ शुभम्।**

**४४**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री कुमार रेग्मी,** *०७६-CR-०९०५, जबरजस्ती करणी, अर्जुन बलामी वि.नेपाल सरकार*

अदालतमा बयान गर्दा प्रतिवादी कसुरमा इन्कार रहे पनि अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा पीडित शान्तिनगर (ग) लाई आफूले समाती जबरजस्ती करणी गरेको, निजको योनीमा लिङ्ग नछिरेकोले पीडितको योनी वरिपरि वीर्य झारेको भनी बयान गरेको र उक्त बयान बेहोरालाई जाहेरवाला पीडितको भनाइ तथा पीडितको स्वास्थ्य जाँच प्रतिवेदनले थप पुष्टि गरेको देखिन्छ। प्रतिवादीले अदालतको बयानमा आफूले पीडितलाई जबरजस्ती करणी गरेको छैन भने पनि पीडित आफू सुतेको ठाउँमा खेलिरहेको अवस्थामा आफ्नो श्रीमती ठानी निजलाई छुँदा रूँदै पीडित बाहिर गएको बेहोरा स्वीकारेबाट प्रतिवादीले जोर जबरजस्ती नगर्दै पीडित रूँदै बाहिर गएकी होलिन् भनी विश्वास गर्न सक्ने देखिँदैन । प्रतिवादीको यो बयान बेहोराबाट प्रतिवादीउपर पीडितले लगाएको आरोप समर्थित भएको देखियो । प्रतिवादीले अदालतमा गरेको इन्कारी बयानलाई पुष्टि हुने वस्तुनिष्ठ प्रमाण प्रस्तुत गर्न सकेको देखिएन। जाहेरी बेहोरा तथा प्रतिवादीको मौकाको बयान समर्थित भइरहेको देखिँदा प्रमाण बिनाको प्रतिवादीको अदालतमा जबरजस्ती करणी गरेको छैन भन्ने बयानको आधारमा मात्र प्रतिवादीले अभियोग दाबीबाट उन्मुक्ति पाउन सक्ने स्थिति रहँदैन । अतः उच्च अदालत पाटनको फैसला अन्यथा नदेखिँदा सो फैसला बदर गरी अभियोग दाबीबाट प्रतिवादीले सफाइ पाउनु पर्छ भन्ने पुनरावेदकको जिकिर तथा निजका कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी अर्जुन बलामीउपर परेको किटानी जाहेरी, सो जाहेरीलाई समर्थन हुने गरी जाहेरवालाले गरिदिएको बकपत्र, पीडित शान्तिनगर (ग) को भनाइ, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन र प्रतिवादीले मौकामा तथा अदालतबाट गरेको

बयान बेहोराबाट प्रतिवादीले पीडित शान्तिनगर (ग) लाई जबरजस्ती करणी गरेको कुरा पुष्टि भएको देखियो । प्रतिवादीले जबरजस्ती करणीको कसुर गरेको देखिँदा निज प्रतिवादीलाई ६ वर्ष कैद र पीडितलाई प्रतिवादीबाट रू.५०,०००।- (पचास हजार रूपैयाँ) क्षतिपूर्ति भराउने सुरू फैसला ६ वर्ष कैद सजाय गरेको हदसम्म नमिलेकोले केही उल्टी गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३(२) नं. को कसुरमा सोही महलको ३(२) नं. बमोजिम प्रतिवादीलाई ८ वर्ष कैद हुने र अरूमा सुरू फैसला सदर हुने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७६।४।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हेमराज शर्मा

कम्प्युटर - मन्जिता ढुंगाना

**इति संवत् २०७८ साल माघ २५ गते रोज ३ शुभम् ।**

**४५**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७२-CI-१२६१, मोही नामसारी गरी मोही प्रमाणपत्र पाऊँ, जोगिन्द्र महतो नुनिया वि. ठगा साह*

विवादित जग्गाको दर्तावाला मोही यी पुनरावेदकका बाबु सिताराम महतो भएको तथ्य मिसिल संलग्न कागजबाट पुष्टि भएको र सो तथ्यलाई प्रतिवादीले समेत स्वीकार गरेको देखिएको छ । वादीका बाबु सिताराम महतोले उक्त जग्गा जोतभोग गरे तापनि निजको मृत्युपश्चात् वादीले जग्गा जोतभोग नगरेको र आफूलाई सालसालको बाली बुझाएको प्रमाण पेस गर्न नसकेको हुँदा दाबीको जग्गामा मोही कायम गर्न मिल्दैन भनी प्रतिवादीले जिकिर लिए तापनि मोही लगत कट्टा गराउने, बाली बुझाउने र मोही निष्काशन गर्ने सम्बन्धमा वादीउपर प्रतिवादीले कुनै उजुरी गरेको तथा कारबाही चलाई अन्तिम टुंगोमा पुऱ्याएकोसमेत देखिँदैन । मोही हक प्राप्तिका लागि ऐनले तोकेको प्रक्रिया पूरा गरिसकेको अवस्थामा बाली बुझाएको रसिद भएको वा नभएको आधारमा हकवालाहरूलाई मोही हक प्राप्त गर्ने अधिकारबाट विमुख गराउन नसकिने । साथै दर्तावाला मोहीको मृत्यु भई हकवाला जीवितै रहेको अवस्थामा मोही नामसारी नभएकै आधारमा हकवालालाई मोहियानी हकबाट वञ्चित गर्ने परिकल्पना भूमिसम्बन्धी ऐन, २०२१ ले गरेको पाइँदैन । प्रतिवादीले दाबीको जग्गा घर बसोबासको भएको हुँदा मोहियानी लाग्न सक्दैन भनी जिकिर लिए तापनि निजले प्रतिउत्तरपत्र पेस गर्दा खुलाएको वतन र जग्गाको वतन एकआपसमा मेल खाएको नदेखिनुका साथै सो जिकिरलाई पुष्टि गर्ने कुनै प्रमाणसमेत मिसिल संलग्न कागजातबाट नदेखिने ।

विवादित जग्गा वादीका बाबु सिताराम महतोले जोती कमाई १ नं. लगत भरी २ नं. अनुसूची प्रकाशित भई ४ नं. जोताहा अस्थायी निस्सासमेत प्राप्त गरी निर्विवाद मोही देखिएको, निजको मृत्युपश्चात् जग्गा वादीले जोतभोग गरी आएको देखिएको र हकवालाहरूमा यी पुनरावेदक वादी मात्र जीवित रहेको अवस्थामा दर्तावाला मोहीका नाममा मोही नामसारी नभएकै आधारमा हकवालालाई मोही हकबाट वञ्चित गर्न कानूनत मिल्ने नदेखिँदा वादी दाबी पुग्न नसक्ने गरी पुनरावेदन अदालत जनकपुरबाट भएको फैसला न्यायोचित नदेखिने ।

तसर्थ, जिल्ला महोत्तरी, ३ नं. बहादुरगंज गा.वि.स. वडा नं. २ कि.नं.२८३ को ०-१-९ $^{1}/_{2}$ जग्गा मोही सिताराम महतोको नामबाट निजका छोरा जोगिन्द्र महतो नुनियाका नाममा मोही हक नामसारी गरी प्रमाणपत्र दिने ठहऱ्याई भूमि सुधार

कार्यालय, महोत्तरीबाट मिति २०६९।३।२७ मा भएको निर्णय उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०७१।१।९ मा भएको फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई विवादित जग्गा यी पुनरावेदक वादी जोगिन्द्र महतो नुनियाका नाममा मोही हक नामसारी गरी मोहियानी हकको प्रमाणपत्र दिने।

इजलास अधिकृतः मुना अधिकारी ढकाल

कम्प्युटर - मन्जिता ढुंगाना

**इति संवत् २०७६ साल मङ्सिर २५ गते रोज ४ शुभम्।**

**४६**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७५-CR-०१४१, डाँका चोरी, नेपाल सरकार वि. रामबहादुर भुजेलसमेत*

बरामद भएका सामानबाहेकका जाहेरीमा उल्लिखित सामानहरूसमेत चोरी गरेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा, चन्द्रप्रसाद धितालको जाहेरीमा उल्लिखित सामानमध्ये प्रतिवादी रोजन मोक्तानको साथबाट सानो झुम्का भएको मुन्द्री ३.७ लालको थान १ मात्र बरामद भएको, अन्य सामानहरू चोरी गरेकोमा प्रतिवादीहरू इन्कार रहेको र निज जाहेरवाला चन्द्रप्रसाद धितालको जाहेरीमा उल्लिखित सामान तथा अन्य जाहेरवाला बिमला धिताल र सुना भुजेलको जाहेरीमा उल्लिखित चोरी भएको भनिएका सामानहरू बरामद हुन नसकेको र उल्लिखित सामानसमेत चोरी भएको भनी वादी पक्षका साक्षीले स्पष्ट रूपमा बकपत्र गर्न नसकेकी बरामद भएका सामनहरूबाहेकका जाहेरीमा उल्लिखित अन्य सामानहरूसमेत चोरी भएको हो भनी पुष्टि प्रमाणित नभएको अवस्थामा चोरी जस्तो फौजदारी मुद्दामा अभियोग दाबीको आधारमा बरामद भएको सामानबाहेकका अन्य सामानसमेत चोरी गरेको होला भनी दोषी ठहर गर्न मिल्ने अवस्था नदेखिने।

चारजना मात्र प्रतिवादी रहेको र प्रतिवादी रामबहादुर भुजेलले अदालतमा बयान गर्दा विमानले मलाई बाहिर राखी विमान घलान, सोमराज स्याङबो र रोजन मोक्तानभित्र पसे भनी बेहोरा लेखाई वारदातमा चारजना समूहको संलग्नता देखाएको पाइन्छ भने प्रतिवादी रोजन मोक्तानले बयान गर्दा ५ जनाको समूहमा गएका थियौं भने पनि अरू को को थिए भनी खुलाउन सकेको देखिँदैन। प्रतिवादी सोमराज स्याङ्वोले सुनको रिङ तराइ मुलको मधेसीले मागेको भनी बेहोरा लेखाए पनि निजको स्पष्ट वतनसहितको नाम, थर उल्लेख गर्न सकेको देखिँदैन भने निज पक्राउ परी चोरीको कुनै सामानसमेत बरामद हुन सकेको देखिँदैन। यसरी वारदातमा संलग्न हुने व्यक्तिको स्पष्ट पहिचानसहितको संलग्नता पुष्टि प्रमाणित हुन नसकेको र प्रतिवादीहरूले आफ्नो बचाउ गर्दै नाम, थर उल्लेख नगरी अन्य व्यक्तिको समेत संलग्नता देखाए पनि त्यस्तो व्यक्ति प्रतिवादी कायम हुन नसकेको अवस्थामा प्रस्तुत मुद्दाको वारदातमा पाँचजनाको संलग्नता नदेखिई प्रतिवादीहरू चारजनाको मात्र संलग्नता देखिएको र डाँका ठहर हुन चारजनाभन्दा बढ्ताको संलग्नता हुनुपर्ने मुलुकी ऐन, चोरीको महलको ६ नं.को कानूनी व्यवस्था हुँदा प्रस्तुत मुद्दाको वारदातलाई डाकाको वारदात मानी सजाय गर्न मिल्ने अवस्था नदेखिने।

तसर्थ, प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिमको कसुर ठहर गरी ६ वर्ष कैद र बिगोको हकमा बरामद भई आएको ३.७ लालको

सुनको मुन्द्राको बिगो रू.२०३५।- डाँका गरेको ठहर गरी बिगोको डेढी रू.३, ०५२।- जरिवाना गर्ने गरी भएको सुरू फैसला केही उल्टी भई निज प्रतिवादीहरूलाई मुलुकी ऐन, चोरीको ३ नं.को कसुरमा ऐ. १४(१) नं. बमोजिम जनही १$^1/_2$ (डेढ) महिना कैद र बिगोको डेढीले रू.३,०५२।- जरिवाना हुने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७३।११।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मुना अधिकारी ढकाल

कम्प्युटर: सुप्रभा अर्याल

**इति संवत् २०७७ साल जेठ २६ गते रोज २ शुभम्।**

४७

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७६-CR-०६८१, लागु औषध हेरोइन, नेपाल सरकार वि. रामकृष्ण गुरूङसमेत*

प्रतिवादीहरूले अभियोग दाबीमा उल्लिखित लागु औषधको बिक्री वितरण, निकासी पैठारी, सञ्चय तथा ओसारपसारसमेत गरेको भन्ने वादी पक्षको दाबी रहे पनि सो दाबी वादी पक्षले प्रमाणबाट पुष्टि गर्न नसकेको र प्रतिवादीहरूले उक्त निषेधित कार्यहरू गरेको भन्ने मिसिलमा कहिँकतैबाट नदेखिएकोले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ), (ङ) र (च) मा उल्लिखित कसुर प्रतिवादीहरूले गरेको भन्ने देखिन आएन । उक्त लागु औषध सेवनको लागि ल्याएको हो भनी प्रतिवादीहरू स्वयंले अदालत तथा मौकाको बयानमा लेखाएको र सो बयान बरामदी मुचुल्का एवम् प्रतिवेदक प्र.स.नि. देविरमण तिम्सिना र प्रतिवादीका साक्षीको अदालतको बकपत्रसमेतका आधार प्रमाणबाट समर्थित भइरहेको अवस्थामा निज प्रतिवादीहरूले उक्त लागु औषध सेवन गर्ने प्रयोजनको लागि ल्याएको भन्ने पुष्टि हुन आएकोले निज प्रतिवादीहरूले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (छ) बमोजिम सेवनसम्मको कसुर गरेको देखिन आएको।

प्रतिवादीहरूबाट बरामद भएको लागु औषध निजहरूले सेवन गर्ने प्रयोजनका लागि ल्याएको भन्ने पुष्टि भई सेवनतर्फको कसुरमा सजाय हुने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट भएको फैसला कानूनसम्मत देखिँदा प्रतिवादीहरूको साथबाट बरामद भएको मोटरसाइकललाई लागु औषधको ओसारपसारमा प्रयोग भएको भनी मान्न नमिल्ने।

तसर्थ सुरू झापा जिल्ला अदालतबाट मिति २०७५।०३।२१ मा भएको फैसला बदर गरी प्रतिवादीहरूलाई ऐनको दफा ४(छ) को कसुरमा ऐनको दफा १४(१)(ङ) बमोजिम जनही १ वर्ष कैद हुने तथा मोटरसाइकल जफत नहुने ठहऱ्याई उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७६।०३।०३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मुना अधिकारी ढकाल

कम्प्युटर: मन्जिता ढुंगाना

**इति संवत् २०७७ साल जेठ २६ गते रोज २ शुभम्।**

## इजलास नं.९

**४८**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७३-CR-०००१, कर्तव्य ज्यान, नेपाल सरकार वि. रामबहादुर तामाङसमेत*

प्रतिवादीहरू रामबहादुर तामाङ र रामकृष्ण तिमिलसिनालाई ज्यानसम्बन्धी महलको १३(३) बमोजिम जन्मकैदको सजाय गरिए तापनि चर्को हुने

देखेर अ.बं. १८८ नं. प्रयोग गरी ५ वर्ष कैद ठहराएको सम्बन्धमा विचार गर्दा, ज्यानै लिनुपर्नेसम्मको इवी नरहेको, हतियार प्रयोग गरी मारिएको अवस्था नदेखिएको र हतियार बरामदसमेत नभएको अवस्था र घटित वारदातको प्रकृति हेर्दा सजाय चर्को पर्ने अवस्थाको विद्यमानता भएकोले सो फैसला मनासिब देखिने।

प्रतिवादी कुलप्रसाद श्रेष्ठका साक्षी विष्णु खनालले पनि यी प्रतिवादीको इन्कारी बयानलाई पुष्टि हुने गरी बकपत्र गरी दिएको बुझिएका मानिसहरू एवं जाहेरवालाले गरेको बकपत्रमा यी प्रतिवादीसँग मृतकको रिसइवी विवाद थियो भनी भन्न लेखाउन नसकेका यी प्रतिवादीले मृतक र आफू मिलनसार साथी भएको हुँदा आफूले मृतकलाई कर्तव्य गरी मारेको होइन भनी अदालतको बयानमा लेखाएको पाइन्छ । निजको बयानअनुसार निज प्रतिवादीको कोठमा मृतकसमेत भई खाना खाई आफ्नो ड्युटीमा गएकोसम्म देखिन्छ। मृतक र यी प्रतिवादी कुलप्रसाद श्रेष्ठले सँगै खाना खाएको भए तापनि मृतकलाई कर्तव्य गरी मार्नमा निज प्रतिवादीको संलग्नता रहेको देखिँदैन। यद्यपि निज प्रतिवादी ड्युटीमा रहेको बेला चनाखो रहनुपर्नेमा विवाद छैन । मृतकलाई मार्नमा निजको संलग्नता रहेको भन्ने तथ्ययुक्त प्रमाणले पुष्टि नभएको साथै मृतकको श्रीमतीले पनि प्रतिवादी रामबहादुर तामङ र रामकृष्ण तिमिल्सिनालाई मात्र पोल गरेको देखिएको विद्यमान स्थितिमा मृतक र यी प्रतिवादी सँगै निस्केको भन्ने आधारमा मात्र अन्य तथ्ययुक्त प्रमाणको अभावमा अनुमान र शङ्काको भरमा यी प्रतिवादी कुलप्रसाद श्रेष्ठलाई कसुरदार ठहर गर्न न्यायोचित नहुने।

तसर्थ, परिस्थितिजन्य प्रमाणको रोहमा वारदात कसुरमा संलग्न देखिएका प्रतिवादी रामबहादुर तामाङ र रामकृष्ण तिमिल्सिनालाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जनही जन्मकैदको सजाय भई उक्त सजायको सट्टा मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम जनही ५ वर्ष कैदको सजाय मनासिब हुनेदेखि रायसहित साधक जाहेर गरी र अर्का प्रतिवादी कुलप्रसाद श्रेष्ठले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी भएको सुरू चितवन जिल्ला अदालतको मिति २०७२।०३।१३ को फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।११।४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः धनसिंह गिरी

कम्प्युटर: चन्द्रा तिमल्सेना

**इति संवत् २०७६ साल असार २९ गते रोज १ शुभम्।**

## ४९

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७६-RC-०१६७, कर्तव्य ज्यान, नेपाल सरकार वि. डि.वि. भन्ने डिगबहादुर राई*

जाहेरवालाको किटानी जाहेरी, सो बेहोराअनुसारको बकपत्र, प्रतिवादीको मौकाको बयान तथा अदालतमा भएको बयान, वस्तुस्थिति मुचुल्काका मानिसहरूले अदालतसमक्ष गरिदिएको बकपत्र, कसुर ठहर भएका सहअभियुक्तले आफू कसुरमा साबित रही गरेको पोल र समानस्तरका प्रतिवादी बालकुमार दर्जीलाई यसै अदालतबाट मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. को कसुर ठहर भई सजाय भएकोसमेतबाट यी प्रतिवादीले मृतकको शरिरमा यत्रतत्र प्रहार गरेको लट्ठीको चोटबाट मृतकको मृत्यु भएको तथ्य शङ्कारहित तवरले पुष्टि भएकोले सुरू मोरङ जिल्ला अदालतबाट निज प्रतिवादीलाई अभियोग मागदाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. अनुसार कसुर अपराध गरेको ठहर गरी सोही महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने गरी भएको फैसला सदर गरेको उच्च अदालत विराटनगरको मिति २०७६/२/२४ को

फैसलालाई अन्यथा भन्न नमिल्ने ।

तसर्थ प्रतिवादी डि.वि. भन्ने डिगबहादुर राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुरमा सोही महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहर भएको सुरू मोरङ जिल्ला अदालतको मिति २०७३/१२/२७ को फैसला साधक सदर हुने ठहऱ्याएको उच्च अदालत विराटनगरको मिति २०७६/२/२४ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटर: सरस्वती दाहाल

**इति संवत् २०७७ साल साउन २१ गते रोज ४ शुभम् ।**

५०

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** *०७६-WH-०३६३, बन्दीप्रत्यक्षीकरण, आयुष भन्ने रामबहादुर बानियाँ वि. काभ्रेपलाञ्चोक जिल्ला अदालतसमेत*

सिद्धान्ततः कसैले कसैलाई गैरकानूनी तरिकाले थुनामा राखी निजको संवैधानिक एवम् कानूनी हक हनन् हुन पुगेको अवस्थामा सोको कानूनी उपचारका लागि सक्षम अदालतद्वारा बन्दी प्रत्यक्षीकरणको आदेश जारी गर्ने गरिन्छ । कैदबापतको रकम तिरी निवेदकलाई अभिभावकको जिम्मा लगाउने वा नलगाउने भन्ने विषय अदालतको स्वविवेकीय अधिकारको कुरा हो । यी निवेदक फौजदारी कसुरमा अदालतबाट सजाय ठहर भई बाल सुधार गृहमा बसी कैद सजाय भुक्तान गरिरहेको भन्ने देखिँदा निजको थुनालाई गैरकानूनी भन्न मिल्दैन । कसुरदारको उमेर र अपराधको प्रकृतिसमेतलाई विचार गरी आधार कारणसमेत खुलाई सम्बन्धित जिल्ला न्यायाधीशबाट भएको निर्णय र सो निर्णयको पुनरावेदकीय समर्थनबाट निवेदकको कैदको स्वरूप परिवर्तन नभएकोले निजको हकमा गैरकानूनी बन्दीको संवैधानिक र कानूनी हक कुण्ठित भएको भनी मान्न मिल्ने नदेखिने ।

अतः अदालतको फैसलाबमोजिम भक्तपुरस्थित बाल सुधारगृहमा रहेका निवेदक आयुष भन्ने रामबहादुर बानियाँलाई खोजेका बखत उपस्थित गराउने गरी अभिभावकको जिम्मा तथा नियन्त्रण (Parental Custody) मा रहने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाउँ भन्ने निवेदन जिकिर विवेचित आधार एवम् कारणसमेतबाट मनासिब नदेखिँदा बन्दी प्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज गरिदिएको ।

इजलास अधिकृतः ताराप्रसाद डाँगी

कम्प्युटरः चन्द्रा तिमल्सेना

**इति संवत् २०७७ साल जेठ २१ गते रोज ४ शुभम् ।**

५१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CR-१५५७, कर्तव्य ज्यान र रहजनी चोरी, देवेन्द्र भन्ने देवबहादुर अधिकारी वि. नेपाल सरकार*

कुनै कसुरको आरोपित घटिले अधिकारप्राप्त अधिकारीसमक्ष भएको साबिती बयान जबरजस्ती कुटपिट गरी साबिती गराइएकोले प्रमाण योग्य नहुने भनी जिकिर लिए पनि प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष भएको साबिती बयान सिलसिलेवार रूपमा वारदातको प्रकरणभूमि प्रतिवादीको मृतक एवं वारदातसँग सम्बन्ध वारदातपश्चात् दशी प्रकरणको वारदात मुचुल्का जाहेरवालाको जाहेरी एवं बकपत्र, घटना विवरण कागज गर्ने मानिस दफाको कागज एवं बकपत्रसमेतका प्रमाणले समर्थित भइरहेको अवस्थामा प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष भएको कुटपिटबाट भएको नदेखिई स्वतन्त्र रूपमा भएको मानी प्रमाण योग्य हुने ।

प्रतिवादी देवेन्द्र भन्ने देवबहादुर

अधिकारीउपर परेको किटानी जाहेरी दरखास्त, जाहेरवालाको बकपत्र, घटना विवरण कागज गर्ने मनासिब रूद्रप्रसाद दाहालसमेतको कागज बेहोरा एवं बकपत्र, प्रतिवादीले बयानमा उल्लेख गरेको स्थानबाट मृतकको थैली भेटिएको बरामदी मुचुल्का, प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष भएको कसुरमा साबिती बयानसमेतका प्रमाणबाट मृतक हिरामाया सार्कीलाई प्रतिवादी देवेन्द्र भन्ने देवबहादुर अधिकारीले कर्तव्य गरी मारेको पुष्टि हुन आयो । साथै मृतकको कानमा लगाएको सुनको रिङ शवमा नभई कानको लोती नै चुडाई घाइते बनाएको अवस्थामा रहेको देखिएको र सुनको रिङ फुकाली लगेकोमा प्रतिवादीले स्वीकार गरी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको देखिएको हुनाले प्रतिवादीले अभियोग दाबीबमोजिम बिगो रू.३००००।– को सुनको गहनासमेत चोरी गरेको देखिन आएको ।

प्रतिवादी देवेन्द्र भन्ने देवबहादुर अधिकारीलाई सवर्स्वसमेत सजाय भएको हकमा तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५(५) मा कसुर ठहर भएका प्रतिवादीको अंश सर्वस्व गर्ने कानूनी व्यवस्था रहेकोमा हाल प्रचलनमा रहेको मुलुकी अपराध संहिता, २०७४ ले अंश सर्वस्व गर्ने सजाय हटाएको र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा कुनै कसुरमा सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ भन्ने कानूनी व्यवस्था भएकोले यी पुनरावेदक प्रतिवादी देवेन्द्र भन्ने देबहादुर अधिकारीलाई सवर्स्वको सजाय नभई जन्मकैदको सजाय मात्र हुने ।

इजलास अधिकृतः कमलकुमार आचार्य

कम्प्युटरः सरस्वती दाहाल

**इति संवत् २०७७ साल असोज १५ गते रोज ५ शुभम् ।**

## ५२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७३-RB-०२१०, बढी भन्सार महसुल, अर्थ मन्त्रालय, भन्सार विभाग वि. रूक्मणी इन्टरनेशनल प्रा.लि.*

विपक्षी प्रा.लि.ले बिल नं.१५९ बाट मिति २०६५।९।३ मा The Comfort Housing लाई बिक्री गरेको Floor Tiles यसै Consignment बाट आयात गरेको होला भन्ने अनुमान गरी आयातकर्ताले भन्सारमा घोषणाको मूल्यसँग तुलना गर्दा १९७.७० प्रतिशतसम्म रकम फरक परेको भनी भन्सार विभागले भन्सार ऐन, २०६४ को दफा ३४(२) बमोजिम लाग्ने महसुल तथा जरिवानासमेत असुल गर्नुपर्ने भनी मिति २०६६।२।४ मा निर्णय गरेको देखिन्छ । भन्सार विभागले Post Clearance Audit गर्दा यिनै विपक्षीले The Comfort Housing लाई आयात प्रज्ञापनपत्र नं. TBF ९४९ बाट आयात गरिएको Floor Tiles बिक्री गरेको भनी ठोस वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि गर्न सकेको अवस्था देखिँदैन । सामानको प्रकृति मेल खाएको आधारमा अनुमानको भरमा बढी मूल्यमा सामान बिक्री गरेको मिसिल संलग्न कागजातबाट नदेखिएबाट एउटामात्र बिलको आधारमा विपक्षी कम्पनीले आयात गरेको समग्र सामानको जाँचपास पछिको परीक्षण गरेको भन्दै भन्सार कार्यालयमा घोषणा गरेको विजक मूल्यलाई मान्यता नदिई बढी भन्सार महसुल र जरिवानासमेत दाखिला गर्नु भनी भन्सार विभागले मिति २०६६।२।४ मा PCA सम्बन्धी गरेको निर्णय उल्टी गर्ने गरेको राजस्व न्यायाधिकरणको मिति २०६७।६।१४ को फैसला अन्यथा मान्न नमिल्ने ।

एउटा मात्र बिक्री बिलको भरमा भन्सारमा घोषणा गरेको विजक मूल्यलाई मान्यता नदिई PCA गरेको मिति २०६६।२।४ को भन्सार विभागको निर्णय मिलेको नदेखिँदा उल्टी हुने ठहरी राजस्व

न्यायाधिकरणबाट मिति २०६७।६।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: नारायण सापकोटा

कम्प्युटर: सरस्वती दाहाल

**इति संवत् २०७६ साल माघ २० गते रोज २ शुभम् ।**

५३

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७५-CR-०६७०, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. प्रशान्त भट्टराईसमेत*

जाहेरवाला र यी प्रतिवादी प्रशान्त भट्टराईबिच वैदेशिक रोजगारमा पठाउने सम्बन्धमा कुनै कुरा भएको वा प्रतिवादीले जाहेरवालालाई झुट्टा आश्वासन दिएको प्रलोभनमा पारेको देखिँदैन । केवल प्रतिवादी गोविन्द तिवारीको भनाइअनुसार जाहेरवालाले यी प्रतिवादीको नाउँमा रकम हाली दिएकोसम्म देखिन्छ । जहाँसम्म मिसिल संलग्न IME रसिदहरू रहेको छ, सो रकम जम्मा गर्नुको प्रयोजन उक्त रसिदबाट खुलेको नदेखिँदा के प्रयोजनको लागि रकम पठाएको हो भन्ने थाहा पाउन सक्ने अवस्था पनि नदेखिने ।

प्रतिवादी अमरघर्ती थापाको हकमा विचार गर्दा, जाहेरवाला सुमिता राईले प्रतिवादी अमरघर्ती थापाउपर किटानी जाहेरी गरेको र प्रतिवादी गोविन्दप्रसाद तिवारीको भनाइअनुसार यी प्रतिवादीको नाउँमा रू.२७, ५००।– IME गरी पठाएको देखिन्छ । तर जाहेरवाला स्वयंले यी प्रतिवादीसँग परिचय भएको वा वैदेशिक रोजगारीमा जाने सम्बन्धमा कुरा भएको भनी आफ्नो जाहेरी वा बकपत्रमा उल्लेख गरेको देखिँदैन । निज प्रतिवादीले जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउँछु भनी झुट्टा आश्वासन दिएको वा प्रलोभनमा पारेको पुष्टि गर्ने वस्तुनिष्ठ प्रमाणको अभाव देखिँदा केवल जाहेरवालाले IME पठाएको आधारमा वैदेशिक रोजगार मुद्दामा कसुरदार ठहऱ्याउनु न्यायपूर्ण नदेखिने ।

अतः प्रतिवादी गोविन्दप्रसाद तिवारीले अभियोग दाबीबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीत कसुर गरेको देखिँदा निजलाई ऐ. ऐनको दफा ४३ बमोजिम १ वर्ष ६ महिना कैद तथा १ लाख पचास हजार रूपैयाँ जरिवाना भई जाहेरवालाहरूको बिगो र हर्जानासमेत निज प्रतिवादीबाट भराई पाउने ठहर भएको र प्रतिवादीहरू प्रशान्त भट्टराई र अमरघर्ती थापाउपरको अभियोग दाबी पुष्टि हुने प्रमाण वादीबाट पेस हुन आएको नदेखिँदा सफाइ पाउने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरण बबरमहल काठमाडौंबाट मिति २०७५।०२।०६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: मतिना शाक्य

कम्प्युटर: सरस्वती दाहाल

**इति संवत् २०७७ साल जेष्ठ ३० गते रोज ६ शुभम् ।**

## इजलास नं.१०

**५४**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री कुमार रेग्मी,** *०७६-WH-०३५०, बन्दीप्रत्यक्षीकरण, अविरल शर्मा वि. जिल्ला प्रहरी कार्यालय,* चितवनसमेत

रिट निवेदकउपर चितवन जिल्ला अदालतमा चलेको राज्यविरूद्धको अपराध मद्दामा सो अदालतबाट मिति २०७७।०२।१८ मा थुनछेक आदेश भई निजलाई साधारण तारेखमा राखेको र निज प्रतिवादी प्रस्तुत रिट निवेदनका निवेदक बन्दीका हकमा त्यसरी साधारण तारेखमा छुटिसकेपछि अब, निजले यस अदालतमा दिएको प्रस्तुत रिट निवेदनको औचित्यसमेत समाप्त भएको देखिन आउँछ । अर्कोतर्फ

यी निवेदक वा उक्त मुद्दाका प्रतिवादीलाई पुनः अर्को मुद्दामा समेत पक्रेको देखिएको अवस्था छैन । यदि यी निवेदकलाई पुनः अर्को कुनै मुद्दामा पक्रिएको खण्डमा सोको बारेमा अदालतमा निवेदन परेको अवस्थामा सोउपर छुट्टै उपचार हुने नै हुँदा प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त हुन आएको ।

अतः रिट निवेदक अनिल शर्मालाई चितवन जिल्ला अदालतमा राज्यविरूद्धको कसुर अपराध मुद्दामा साधारण तारेखमा राखेको र निज थुनाबाट छुटिसकेको अवस्थामा प्रस्तुत रिट निवेदनमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था देखिन नआएबाट निजका हकमा निवेदक अविरल शर्माले दिएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : मिनबहादुर कुँवर

कम्प्युटर : अमिररत्न महर्जन

**इति संवत् २०७७ साल जेठ १९ गते रोज २ शुभम् ।**

५५

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-CR-१५७४, जबरजस्ती करणी उद्योग, नेपाल सरकार वि. जयबहादुर राई*

प्रतिवादीउपर परिवर्तित नाम भोजपुर ग(७) लाई जबरजस्ती करणी उद्योग गरेको भनी जबरजस्ती करणीको महलको १, ३ नं. को देहाय २ र ५ नं. अनुसार कसुर सजायको अभियोग दाबी रहे तापनि आरोपित कसुर गरेकोमा प्रतिवादीले अदालतसमक्ष इनकार रही बयान गरेको, जाहेरवाली तथा पीडित स्वयं एवं प्रतिवादीको साक्षीहरूले अदालतमा बकपत्र गर्दा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी उद्योग नगरेको तर पीडितलाई कुटपिटसम्म गरेको भन्ने उक्त बकपत्रबाट देखिएको र पीडितको शारीरिक परीक्षण प्रतिवेदनबाट समेत निजउपर जबरजस्ती करणी उद्योग भएको भन्ने ठोस लक्षण चिह्न नदेखिएको स्थितिमा प्रतिवादीले पीडितलाई जबरजस्ती करणीको उद्योग गरेको हो भनी निष्कर्षमा पुग्न मनासिब नहुने । प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने गरी उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट भएको फैसला अन्यथा देखिँदैन । यस अवस्थामा पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब नदेखिने ।

तसर्थ, प्रतिवादी जयबहादुर राईलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय २ र ५ नं. बमोजिमको कसुरमा सोही महलको ५ नं. बमोजिम ४(चार) वर्ष कैद सजाय हुने ठहर गरी सुरू भोजपुर जिल्ला अदालातबाट मिति २०७५।०१।२३ को फैसलालाई उल्टी गरी प्रतिवादी जयबहादुर राईलाई अभियोग दाबीबाट सफाइ पाउने गरी उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट मिति २०७५।८।३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: सदिक्षा नेपाल

**इति संवत् २०७७ साल जेठ २९ गते रोज ५ शुभम् ।**

**५६**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७५-CR-०४८५, जबरजस्ती करणी, नेपाल सरकार वि. सानो च्याङ्वा तामाङ*

जबरजस्ती करणी जस्तो गम्भीर प्रकृतिको मुद्दामा यदी जाहेरवालीले व्यक्त गरे जस्तो प्रतिवादीले निजलाई लछारपछार गरी लडाएको भए निजको शरीरमा केही चिह्न, डाम हुनुपर्ने र प्रतिवादीको शरीरमा समेत सङ्घर्षको चिह्नहरू(sign of struggles) हुनपर्ने तथा एक अधवैश उमेर भएको महिलालाई एक पुरूषले निजको मन्जुरी बेगर करणी गर्नु र निजले प्रतिकार गर्दा कसैको पनि शरिरमा सङ्घर्ष चिह्न नहुनु भनेको व्यवहारिक रूपमा असम्भव जस्तै हो जुन कुरा जाहेरवाली र प्रतिवादीको स्वास्थ्य परीक्षण

प्रतिवेदनबाट खुलेको अवस्था नरहेकोले प्रतिवादी सानो च्याङ्वा तामाङले जाहेरवालीलाई जबरजस्ती करणी गरेको तथ्यमा सहमत हुन सक्ने अवस्था नदेखिने।

प्रस्तुत मुद्दामा पीडितले अदालतमा बकपत्र गर्दा स.ज. १५ मा मलाई धम्काएको होइन सरासर तानेर लगेको भन्ने बेहोरा लेखाएसमेतबाट प्रतिवादिले पीडितलाई डर, त्रास, धाक देखाई वा करकापमा पारी जबरजस्ती करणी गरेको भन्ने विषयमा सहमत हुने सक्ने अवस्था देखिँदैन । तसर्थ प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको तथ्य स्थापित हुन नसकेको अवस्थामा प्रतिवादीलाई सजाय हुने गरी सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालातबाट भएको फैसलालाई उल्टी गरी प्रतिवादी सानो च्याङ्वा तामाङलाई अभियोग दाबीबाट सफाइ पाउने गरी उच्च अदालत पाटनबाट भएको फैसलालाई अन्यथा मान्न नमिल्ने।

पीडित र प्रतिवादी दुवैको स्वास्थ्य परीक्षण प्रतिवेदन हेर्दा कुनै किसिमको चोटपटक तथा सङ्घर्ष चिह्न नदेखिएको, रिस साँध्नलाई मात्र जाहेरी दिएको भनी जाहेरवालीले गरेको बकपत्र, मौकामा कागज गर्ने व्यक्तिहरूले शङ्का र अनुमान तथा सुनेको आधारमा लेखाइएको मौकाको कागज तथा अदालतसमक्ष गरेको बकपत्र, जाहेरवालीको छोरा मानबहादुर तामाङको बकपत्रबाट जाहेरवाली र प्रतिवादीको बिच झगडा विवाद भएको कारण जाहेरी दिएको बेहोरा उल्लेख गरेको मौकाको कागज तथा अदालतको बकपत्रमा देखि रहेको अवस्थामा प्रतिवादीले आफूलाई जबरजस्ती करणी गरेको हो भनी पीडितले भनेकै मात्र आधारमा जबरजस्ती करणी ठहर हुन सक्ने अवस्था हुँदैन। सो कुरा मिसिल संलग्न स्वतन्त्र सबुद प्रमाणबाट तथ्यगत रूपमा पुष्टि हुन सक्नु पर्दछ। जबरजस्ती करणी मुद्दामा पीडितको कागज बेहोरा सबुदको रूपमा रहे भए तापनी अकाट्य प्रमाणको रूपमा लिन मिल्ने अवस्था नरहने।

तसर्थ प्रतिवादी सानो च्याङ्वा तामाङले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसुर गरेकोमा सोही महलको ३ नं. को देहाय ५ नं. बमोजिम ५(पाँच) वर्ष कैद सजाय हुने ठहर गरी सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०७३।११।०९ को फैसलालाई उल्टी गरी प्रतिवादी सानो च्याङ्वा तामाङलाई अभियोग दाबीबाट सफाइ पाउने गरी उच्च अदालत पाटनबाट मिति २०७४।०५।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सदिक्षा नेपाल

**इति संवत् २०७७ साल जेठ २९ गते रोज ५ शुभम्।**